www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५० | असार २०७५



बस्ती स्थानान्तरण

बेदर्ता मोहीको पक्षमा

'जमिन बेचिन्छ कि भन्ने चिन्ताबाट मुक्त भएँ'

## भूमि सुधारको सन्दर्भ र आवश्यकता

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५० | असार २०७५

भूमि सुधारको सन्दर्भ र आवश्यकता...५
बेदर्ता मोहीको पक्षमा...१०
आन्दोलनको दिगोपनाका रणनीति ...१२
बस्ती स्थानान्तरण...१४
के हो सिकाइ प्रक्रिया ? ...१६
प्रेरणाका स्रोत : पाउलो फ्रेरे...१७
नीति तथा कार्यक्रममा समेटिएका पक्ष...२०
भूमि सम्बन्धलाई पुनः परिभाषित गर्न आवश्यक छ ...२४
भूमि नीति : सकारात्मक...२६
नेपालमा जनमुखी भूमि शासनका लागि
बहुसरोकारवाला मञ्च ...२८
मजदूर किसान शक्ति सङ्गठन...२९
भूमि सुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइ...३०







प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

ग्राफिक डिजाइन :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

आवरण तस्बिर : सिराहाको बस्तीपुरमा रोपाईंमा व्यस्त किसान ।

# ध्यान स्थानीय तहमा

केन्द्रीय सरकारको मात्र हैन, प्रदेश सरकारहरूको पनि बजेट आइसकेको छ। सँगै उनीहरूले चालु आर्थिक वर्षका लागि कसरी अघि बढ्ने भनेर मार्गनिर्देशन गर्ने नीति तथा कार्यक्रम पनि सार्वजनिक गरिसकेका छन्। केन्द्रदेखि प्रदेशसम्मका सरकारले भूमि र यस सवालसँग जोडिएका विषयमा के गरिनेछ भनेर पनि उल्लेख गरेका छन्। धेर/थोर, प्रगतिशील/ठीकै, बढी नै क्रान्तिकारी/परम्पराको निरन्तरता, जे भए पनि सबैले यो विषय उठाएका छन्। र, खासगरी सुकुमबासी तथा जग्गालाई व्यवस्थापन गर्ने कुरामा सबैको केही न केही ध्यान पुगेको देखिन्छ।

मुलुक सङ्घीय ढाँचामा रूपान्तरण भइसकेपछि अब कतिपय सवाल स्थानीय तहबाटै समाधान हुने अवस्थामा पुगेका छन्। हुन त केही विषय अझै पनि केन्द्र सरकारकै नियन्त्रणमा छ तापनि स्थानीय तह सक्रिय भएमा उनीहरूले धेरै गर्न सक्ने ठाउँ संविधानले नै दिएको छ। त्यसैले अब आफू बसेको वडाबाट नै भूमि अधिकारबाट वञ्चित भएकाहरूको समस्या सुल्झाउन पहलकदमी लिनुपर्छ। यसका लागि जननिर्वाचित प्रतिनिधिहरूले गरिदिन्छन् वा अरू कसैले आवाज उठाइदिन्छ भनेर कुरेर बस्नेभन्दा पनि आफैं अग्रसर हुनुपर्छ।

यसका लागि सबैभन्दा पहिले स्थानीय तहलाई भूमि अधिकारसम्बन्धी के के अधिकार प्राप्त छ भन्नेबारे जानकारी आवश्यक छ। खासगरी भूमि अधिकार प्राप्तिको आन्दोलनमा लागेका अगुवा तथा कार्यकर्ताले यसबारे बुझ्नुपर्छ। यसका लागि वडामै गएर बुझ्न सकिन्छ भने भूमि अधिकार बुलेटिन, आत्मनिर्भर सेवा केन्द्रका विभिन्न प्रकाशन र अन्य कानुनी दस्ताबेज अध्ययन गर्न सकिन्छ। यो किन पनि आवश्यक छ भने पहिले कुरै नबुझी यसो गर भन्न मिल्दैन र यस्तो अवस्थामा आफू पनि कमजोर भइन्छ। त्यसैले पहिले कुरा बुझ्ने र त्यहीअनुसार काम गराउन लगाउने बानी बसाल्नु उपयुक्त हुन्छ।

भूमि अधिकारसँग सम्बन्धित समस्या सबै ठाउँमा एकैखाले छैनन्। त्यसैले सर्वप्रथम आफ्नो ठाउँको समस्या पहिचान गर्नुपर्छ। त्यसमा पनि धेरै समस्या छन् भने तिनलाई प्राथमिकीकरण गर्न सकिन्छ। किनकि सबै समस्या एकैपटक लगेमा ती समाधान नहुन सक्छन् र यस्तो अवस्थामा क्रमशः गर्नुपर्ने हुन सक्छ। यसरी समस्या प्राथमिकीकरणपछि बल्ल स्थानीय तहका निर्वाचित प्रतिनिधिसँग बसेर छलफल गर्ने, आफ्ना कुरा राख्ने, उनीहरूका कुरा सुन्ने, कतिपय अवस्थामा उनीहरूले गर्न सक्ने अधिकार पनि सम्झाइदिने गर्न सकिन्छ। यस्तो अवस्थाले एकातिर जनप्रतिनिधिहरू आफ्नै गाउँको समस्याबाट अवगत हुने अवसर मिल्छ भने अर्कोतर्फ तिनलाई समाधान गर्ने र जस लिने अवस्था पनि सिर्जना हुन्छ।

भनाइको मतलव, अब भूमिसँग जोडिएका धेरै समस्या आफ्नै गाउँको सरकारबाट समाधान हुन सक्छ। उनीहरूले सार्वजनिक गरेका कार्यक्रम तथा नीतिको नियमित फलोअप (के भइरहेको छ भनेर बुझ्ने) गर्ने, विनियोजित बजेट भनिएअनुसार खर्च भइरहेको छ कि छैन वा अन्यत्र त खर्च हुन लागेको छैन भनेर चासो राख्ने र खर्च हुन लागेको भए त्यसो नगर्न सचेत गराउने, काम चाँडो गराउन आफ्नोतर्फबाट गर्न सकिने योगदान गर्ने र त्यसबारे सम्बन्धितहरूलाई पनि जानकारी गराउने गर्नुपर्छ। आवश्यक परे आफ्नो ठाउँका सबै पीडितलाई भेला गराएर आफ्नै कामका लागि सहयोग गराउने प्रक्रिया पनि अपनाउनुपर्छ।

मुख्य कुरा, केन्द्रबाट गराउनुपर्ने खासगरी नीतिगत निर्णयहरूबारे केन्द्रीय समितिहरूले पहलकदमी लिनुपर्छ नै। जुन गाउँस्तर वा आफ्नो वडा र गाउँ तथा नगरपालिकाबाटै छिमोल्न सकिने समस्या छन्, तिनको प्रभावकारी उपलब्धि भने हामी पीडितहरूको सक्रियतामा निर्भर रहन्छ। हामीले स्थानीय तहका अधिकारबारे जति बुझ्यौं, त्यति नै जनप्रतिनिधिहरूलाई सम्झाइबुझाइ गर्न सक्छौं, बसेर बहस गर्न सक्छौं। जति उनीहरूलाई बुझाउन सक्यौं उनीहरू त्यति नै चासो दिन बाध्य हुन्छन्। हामी आफ्ना सवाललाई लिएर जति धाउन सक्यौं, उनीहरूको पिछा लाग्न सक्यौं, त्यति नै उनीहरू हाम्रा कुरा सुन्न र काम गर्न बाध्य हुन्छन्। त्यसैले अहिलेलाई यो यति कुरा मन्त्रकै रूपमा अपनाएर अघि बढ्यौं भने अवश्य पनि हाम्रो खुसीका दिन नजिकिनेछन्।



जगत बस्नेत

# भूमि सुधारको सन्दर्भ र आवश्यकता



## भूमिको ऐतिहासिक नियन्त्रण

सन् १८१६ को ब्रिटिस इन्डिया कम्पनीलाई दिइएको जमिन सन् १९५७ मा ब्रिटिस इन्डियन कम्पनीलाई नेपालले सहयोग गरेबापत फिर्ता गरिएको थियो । नयाँ मुलुकका नाममा चिनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका राजा सुरेन्द्रले यसमध्ये आधा भाग जङ्गबहादुर राणा र आधा भाग उनका ६ भाइलाई बिर्ताका रूपमा दिए । ४ जिल्लाका २,२८,५१३ बिघा जमिनमा ३८१ वटा मौजा थिए भने त्यसबाट वार्षिक ८९८३१ रुपियाँ कर आउँथ्यो[१] । यसैबेलादेखि अनुपस्थित जमिनदारी पश्चिम नेपालका तराई जिल्लामा सुरु भयो । यस्ता मौजा शक्ति हुनेले लिने र आफ्नो नियन्त्रणमा राख्ने क्रम जारी रह्यो भने राजा महेन्द्रको २०२१ को भूमि सुधारले पनि यसलाई धेरै चलाउन सकेन किनभने राजा महेन्द्रको भूमि सुधार पूर्व झापाबाट सुरु भयो र पश्चिमका जमिनदारले जमिन लुकाउने प्रशस्त समय पाए । यसैगरी फ्रेजर सुगदेनका अनुसार सन् १९६४ भन्दा अगाडि मोरङमा एकै जमिनदारको २२ हजार बिघासमेत थियो भने २३ प्रतिशत मानिसको चाहिँ एक बिघाभन्दा कम जमिन थियो । खासगरी, वीरशमशेर र चन्द्रशमशेरका पालामा संबन्ध र शक्तिका आधारमा बढी जमिन वितरण गरियो र सामन्तवादले पनि सबभन्दा बढी त्यतिखेर नै चलखेल गरेको र राणा परिवारलगायत उनका नातेदारलाई अभूतपूर्व जमिन वितरण गरिएको यसैबेला थियो । यसको प्रमाण हालसालै राजदरवार जग्गा अध्ययन उपसमितिको प्रारम्भिक प्रतिवेदनअनुसार राजापरिवारका नाममा मात्र ५०,९२६-८-१-० रोपनीभन्दा बढी जमिन रहेको कुराले पनि प्रष्ट पार्छ ।

शाह, राजाहरू र राणाहरूका पालामा जमिनबाट प्राप्त हुने राजश्व नै राज्यको मुख्य आम्दानी थियो । राजा र राणाहरूले जमिन आफ्ना भाइभारदार र सहयोगीलाई बाँडे । जसले जमिन पाए जमिनको आम्दानीले उनीहरूलाई केही समयमा नै मालामाल बनायो । विजय मिश्र मधेस विद्रोहको नालीबेलीमा फादर स्टिलरको भनाइ उद्धृत गर्दै लेख्छन्- 'थारूहरू तराई-मधेसका सबभन्दा बढी शोषितभित्र पर्छन् जसले तराई-मधेसको जङ्गललाई कृषियोग्य भूमि बनाए तर पछि राज्यले बिर्ता र जागिरका नाममा राज्यका नातेदार र जागिरदारलाई बक्सिस दियो । थारूहरू र तराई-मधेसका दलितहरू पहाड र तराई-मधेसका उच्च जातका समुदायसँग जमिनका लागि प्रतिस्पर्धा गर्न नसक्दा जङ्गलतिर धकेलिँदै गए ।' स्टिलरको भनाइबाट न उनीहरूले तराईका उच्च जातिका मानिस र पहाडका मानिससँग प्रतिस्पर्धा गर्न सके न त भएको जमिन नै आफ्नो नियन्त्रणमा राख्न सके । जङ्गल फँडानी र कृषि उत्पादन सँगै लैजान पाउने भएकाले र राज्यले पनि छुट दिएकाले थारूहरू र दलितहरू विवाद गर्नुभन्दा सजिलो बाटो रोज्न लागे । अहिले त्यही जङ्गल वन सिमाना र सामुदायिक वनभित्र पारियो र उनीहरूलाई वन अतिक्रमणका नामम लखेटिँदैछ । फेडरिक गेजका अनुसार तराई-मधेसका थारू र दलितले जमिन जोत्न पाए, अधिया कमाउन वा मोहीमा कमाउन पाए तर जमिनको मालिक हुन र कानुनी प्रमाण लिन भने पाएनन् ।

राजा महेन्द्रले २०२१ साल वा सन् १९६४ मा भूमि सुधार ऐन र कार्यक्रम बाहिर ल्याए । मोहीलाई जमिन दिने भनियो तर प्रायः सबै मोहीसँग नागरिकता थिएन । जुन भूमि सुधार ऐनले अनिवार्य गरेको थियो । तराई-मधेसका ६,२३,६२१ मोहीमध्ये २,६४,६३१ मात्रै मोहियानी हकका लागि प्रमाणित भए । यसले नै प्रमाणित गर्छ कि

..........................

१ Tax Asssessment Register for the Nayamuluk in Regmi Research Collection Vol 37, Page 55-56, Arjun Karki (2002): Land Reform from Below: Land Righst Movement in Nepal page 3

राजा महेन्द्रको भूमि सुधार कति सफल भयो भन्ने । राजा महेन्द्रले मोही सुधारका कार्यक्रम ल्याउँदा नेपालभरबाट १८,१९,०५४ मोहीले निवेदन पेश गरेका थिए । त्यसमध्ये ४ नं. फारममा नाम १५,५५,९१० को मात्रै निस्क्यो । त्यसमा पनि मोही ४,६९,९१७ मात्रै मोही भएको प्रमाणित भए र अहिले भूमि सुधार तथा व्यवस्था मन्त्रालयको तथ्याङ्कअनुसार १,२०,६८७ मात्रै मोही छन् । त्यही सरकारी रेकर्डअनुसार ९९५ मोहीले जमिन पाउँदा १४,००० जमिनदारले जमिन पाए जुन भूमि ऐनको उद्देश्य विपरित छ । सरकारी रेकर्डले नै भन्छ कि ठूलो सङ्ख्यामा जमिनका मालिकले जमिन पाए, मोहीले पाएनन् ।

पिटर जिलका अनुसार कङ्ग्रेसको बिर्ता उन्मूलन पनि बिर्ताका मालिकलाई करको दायरामा ल्याउने र कानुनी हक दिनेमात्रै थियो । उदाहरणका रूपमा काठमाडौँका १४,००० बिर्तावालमध्ये ९ हजारभन्दा बढीले आफ्नै नाममा दर्ता गरे । पहाडमा त ५ देखि १० प्रतिशतले भन्दा गर्न सकेनन् । रामबहादुर केसी (१९८६) का अनुसार महेन्द्रको भूमि सुधारबाट ९ लाख बिघा जोताहा किसानलाई वितरण हुनुपर्नेमा ४३ हजार बिघामात्रै वितरण भयो । यो भूमि सुधार थियो वा मोहियानी हकको सुधार वा अन्य केही थियो भन्ने विश्लेषणकै विषय बनेको छ ।

फ्रेडरिक एज गेजका अनुसार पहाडबाट तराई-मधेसमा बसाइँ सरेर आउने पनि धनीचाहिँ थिएनन् । सन् १९६६ देखि १९६७ मा कैलाली जिल्लामा बसाइँ सर्ने २०० परिवार तल्लो जातिका, ३०० देखि ४०० परिवार क्षत्री-ब्राह्मण थिए । तर क्षत्री-ब्राह्मण पनि धनीचाहिँ थिएनन् । जो पहाडी या तराई-मधेसमा बसाइँ सराइ गरे, उनीहरूले स्थानीय नेतृत्व आफ्नो हातमा लिन सफल भए । स्थानीय नेतृत्व आफ्नो हातमा लिँदै स्थानीय राजनीतिलाई आफ्नो नियन्त्रणमा लिनासाथ शक्ति आफ्नो हातमा लिए र बिस्तारै तराई-मधेसका जमिन आफ्नो बनाउँदै गए । फ्रेडरिक गेजले गरेको अध्ययनमा झापाका ४० प्रतिशत सबभन्दा ठूला जमिनदार राष्ट्रिय पञ्चायतका सदस्य थिए । यो झापामा मात्र नभएर तराई-मधेसका प्रायः सबै जिल्लामा नै जमिनदारको नेतृत्वमा राष्ट्रिय, जिल्ला र गाउँ पञ्चायतहरू रहे ।

## मोहियानी

कान्तिपुर दैनिकमा ठाकुरसिंह थारूद्वारा लेखिएको एक समाचार यस्तो छ :

> नेपालगन्ज जोडिएको इन्द्रपुर-६ का मोही किसान आशाराम अहिर ४ वर्षदेखि ५६ मुद्दाको तारेक खेपिरहेका छन् । उनले खेपिरहेको तारेक एउटै कित्ताबाट सिर्जना भएका मुद्दा हुन् । इन्द्रपुरकै जग्गाधनी वृजभूषण मिश्रले मोहीलाई सास्ती दिन आफ्नो नाममा दर्ता गरेको १४ कठ्ठा जग्गा परिवारका १४ सदस्यका नाममा टुक्रा पारी भूमि सुधार कार्यालयमा मुद्दा दिएका थिए (कान्तिपुर २९ मङ्सिर २०७०, (१४ डिसेम्बर २०१३ पेज १०, मोही एक : मुद्दा ५६)

यो समाचारले मोहीहरूको अवस्था देखाउँछ र मोहीहरू कति शोषण र अन्यायमा छन् भन्ने चित्रण गर्छ । वि.सं. २०६० मा पर्साका चौरसिया परिवारले सामूहिक (चारजनाले) आत्महत्या गरे । आत्महत्याको कारण थियो- मोहियानीका लागि लड्दालड्दा वकिललाई तिर्ने खर्चका लागि ऋण पनि जुटाउन नसक्नु[२] । त्यसको केही समयपछि फेरि पर्सा जिल्लामा नै एक महिलाले ३ जना बच्चालाई खोलामा फालेर आफूले पनि आत्महत्या गरिन् । घरमा एक दाना पनि खानाका लागि अन्न नभएपछि उनले त्यसो गरिछिन् । उनीहरूको स्वामित्वमा एक टुक्रा पनि जमिन रहेनछ ।

भूमि ऐन, २०२१ ले मोही लागेको जमिन जमिनदारले ब्याङ्कमा राख्न पाउने तर मोहीले नपाउने, जमिन जमिनदारले बेच्न पाउने तर मोहीले मोहियानी बेच्न नपाउने व्यवस्था गऱ्यो । तराई-मधेसमा जमिनदारका लागि २८ बिघा तर मोहीका लागि ४ बिघा मात्रै हदबन्दी तोक्यो । यसले ३२ बिघा कमाउने जमिनदारलाई केही फरक पारेन । ४ बिघा दिँदा आर्थिक तथा राजनीतिक शक्ति संरचनामा फरक ल्याएन । तराई-मधेसमा भूमि सुधार लागु भयो भने मोहीको हालत खराब हुन्छ । जमिनदार रिसायो भने मोहीलाई गाउँबाट लखेट्छ भन्ने भ्रम सबै मोहीमा फिँजाइयो[३] । त्यसैले मोहियानी माग्नुभन्दा खाली जमिनमा बस्नु जाति ठानियो । थारू वा दलितहरूसँग अलिअलि जमिन थियो तर ब्याजदर धेरै भएकाले भएको जमिन पनि गुमाउनुपऱ्यो । अहिले जमिनदार गाउँबाट सहर गए र जमिन ठेक्कामा दिन थालेका छन् । ठेक्का दिँदा पनि कागज गर्छन् । कागजमा मोही माग्दिन, कबुल गरेको कुत (अनाज वा पैसा) तिर्छु, यदि तिरेन भने जायजेथा लैजानु, उत्पादन भएन भने पनि साहूको बाट ऋण लिएर भने पनि तिर्छु भन्ने सर्तनामा कागज गर्नुपर्छ । ऋण पनि, यदि धितो छ भने वार्षिक ३६ प्रतिशतदेखि र धितो छैन भने वार्षिक ६० प्रतिशतमा लिन्छन् । अनि यहाँ साहूसँग ऋण लिएर खेती गर्नुभन्दा पञ्जाव जानु वा अलिकति धितो हुने गल्फ जानु फाइदा हुन्छ, किन ऋणी भएर खेती गरेर बस्ने[४] ।

फ्रेजर सुदेन (२०१३) का अनुसार तराई-मधेसका २३ प्रतिशत जमिनदार खेती र किसानले गरिरहेको खेतीको अवस्था बुझ्न कुनै भ्रमण नै गर्दैनन् । सहर बजारमा बसेर आफ्नो आम्दानीमात्रै लिन्छन् । कृषि उत्पादन बढाउने कुरामा उनीहरूबाट कुनै योगदान र सहयोग हुँदैन । उत्पादन जति सहरमा बस्ने जमिनदार र कर्मचारीलाई दिँदै ठीक हुन्छ अनि किन खेती गर्ने ?

२ E-Kantipur November 5, 2003, Kathamandu Post, Kantipur Publication

३ कमलनारायण चौधरी, केन्द्रीय सदस्य, नेपाल कम्युनिस्ट पार्टी संयुक्त, ९ वैशाख २०७१ साल (२२ अप्रिल २०१४) मधुपट्टीको विद्यालयमा भएको किसान नेताहरूका अन्तरक्रिया कार्यक्रम, मधेसका भूमि सुधारको अध्ययन टिम, डा. शिव शर्मा, गणेश शाह, उमानाथ रिजाल र जगत बस्नेत ।

४ ९ वैशाख २०७१ साल (२२ अप्रिल २०१४) मधुपट्टीको विद्यालयमा भएको किसान नेताहरूका अन्तरक्रिया कार्यक्रममा सहभागीबाट व्यक्त विचारहरू, मधेसका भूमि सुधारको अध्ययन टिम, डा. शिव शर्मा, गणेश शाह, उमानाथ रिजाल र जगत बस्नेत ।

यस्ता गुनासा तराई-मधेसमा पाइन्छ। फ्रेजर (२०१३) का अनुसार जो खेती गर्छन् आज उनीहरू नै भोका छन्। उत्पादनको साधन र लगानी गर्ने साधन नहुँदा मानिस बसाइँ सर्न बाध्य भएको हो। त्यसैले तराई-मधेसका मानिस सहरीया सुकुमबासी हुन्, भारत र अरब मुलुक जान बाध्य छन्।

मधेसका एकजना राजनीतिक पार्टिका नेता भन्छन्- 'द्वैध स्वामित्वले मोही र मालिक दुवैलाई फाइदा पुगेको छैन। दुवैले जमिनमा लगानी गर्दैनन्।' उनी भन्छन्- 'द्वैध स्वामित्व अन्त्य गर्नुपर्छ। भूमि सुधार कार्यक्रमले मोही र मालिक दुवैलाई भूमि सुधार वा अदालतमा तारिक धाउन मात्रै लगायो। यसले दुवैलाई फाइदा दिएको छैन। मोहीले पनि राम्रो घर बनाउन सकेको छैन। जमिनको मालिकले आफ्नो जमिन बेच्न सकेको छैन। २०४५ सालभन्दा अगाडि सप्तरीबाट मात्रै ५० हजार क्विन्टलभन्दा बढी चामल भारतमा निकासी हुन्थ्यो भने अहिले भारतबाट चामल किनेर ल्याउनुपर्छ। मोही र जमिनदारको हिस्सा समाधान गर्ने हो भने पनि तराई-मधेसमा भूमिका धेरै समस्या समाधान हुन्छ। उत्पादनमा वृद्धि गर्न सकिन्छ, रोजगारी यहीँ सिर्जना हुन्छ[५]।'

## खेतीमा काम गर्ने भूमिहीन वा पछाडि पारिएको समुदाय

एकजना स्थानीय सामाजिक कार्यकर्ताका अनुसार रौतहटमा ३६,००० मुसहर समुदाय छन्, ती सबै जमिनदारका काम गर्ने हुन् उनीहरूका नाममा जमिन छैन। धेरै मुसहर ऐलानी जमिनमा बसेका छन्। ४ पुस्तादेखि तराई-मधेसका दलित भूमिहीन छन्। उनी थप्छन्- मधेस आन्दोलनले गर्दा पहाडियाले जमिन बेचेर गए। अहिले किनबेच तराई-मधेसका मानिसबीच मात्रै छ। यसले झन् जग्गा दलाल जन्माएको छ। कतिको रोजीरोटी नै जग्गा दलाली हो। अनि राज्य र राजनीतिक पार्टी भन्छन्- कहाँ छ बाँड्ने जग्गा ? जग्गा नभए जग्गा दलाल कहाँबाट जन्मिए, जमिनसँग सम्बन्धित हरूवाचरुवा कसरी बाँकी बसे ?[६] यसै सन्दर्भमा सर्लाहीका प्राथमिक विद्यालयका शिक्षकले भने- जमिनदारले एक ठाउँमा जमिन बेचेर १० ठाउँमा घर र २० ठाउँमा जमिन वा घडेरी किनेका छन्। मुसहर वा तराईका दलितसँग जम्मा ६ फिटको घर छ। घरमा आएर उसले गर्ने काम छैन। बङ्गुर पाल्नौं ठाउँ छैन, तरकारी लगाउँ ठाउँ छैन। कुखुरा पाल्नौं ठाउँ छैन। अनि कहिलेकाहीँ त आराम पनि गर्नुपर्‍यो। ३ पुस्तादेखि भूमिहीनको भूमिहीन नै छ। तर धनीको एक ठाउँबाट १० ठाउँमा जमिन हुन थालेको छ[७]।

जसले जमिनको ठूलो हिस्सा ओगटेको छ, उसले श्रम पनि नियन्त्रण गरेको हुन्छ। जमिन नहुनेहरू जहिले पनि जीविकाका लागि उत्पादनका साधन हुनेहरूमा निर्भर रहेका हुन्छन्। पिटर जिललले आफ्नो मास्टरको थेसिसमा लेखेका छन्- जमिनको नियन्त्रण गर्नु भनेको श्रमिकहरूको पुनर्उत्पादन गर्नु हो। जमिनको नियन्त्रणबाट नै अहिले श्रम बचत र श्रमिकले न्याय पाउन नसकेको हो। तराई-मधेसको भ्रमणका क्रममा सर्लाहीका समुदायले भने- गाउँमा ज्याला ५ देखि ७ किलो धान छ। जसको हालको बजार मूल्य प्रतिकेजी २० रुपियाँ पर्छ। यसरी एउटा मजदूरले दिनभर काम गरेबापत १०० देखि १४० रुपियाँ पाउँछ। उनीहरूको गुनासो थियो- धितो राख्न आफ्नो जमिन छैन। धितो राखेर मलेसिया कतार गए पनि यदि तिर्न सकेन भने भएको त्यही जमिन पनि उसकै हुन्छ। मलेसिया जान १ लाख ५० हजार रुपियाँ लाग्छ, धितो राखेर प्रतिमहिना सयकडा ३ देखि ५ प्रतिसतसम्म ब्याज तिर्नुपर्छ। १० लाखको सम्पत्ति १ लाख ५० हजारमा राख्नुपर्छ।

फ्रेजर (२०१३) का अनुसार जो खेती गर्छन् आज उनीहरू नै भोका छन्। उत्पादनको साधन र लगानी गर्ने साधन नहुँदा मानिस बसाइँ सर्न बाध्य भएको हो। त्यसैले तराई-मधेसका मानिस सहरिया सुकुमबासी हुन्, भारत र अरब मुलुक जान बाध्य छन्।

भूमिहीन समुदायले भने- विदेश जानेले ३ जनालाई कमाइ दिनुपर्छ, पहिलो म्यानपावर कम्पनीलाई, दोस्रो ऋण दिने मालिकलाई अनि तेस्रोचाहिँ काम दिने कम्पनीलाई। गरिबले विदेश नै गए पनि अरूलाई कमाइदिनुपर्छ। आइएलओ २०१२ का अनुसार वार्षिक ज्यालाको दर २ प्रतिशतभन्दा कमले बढेको छ। मुद्रामा हेर्दा ज्याला बढेको देखिन्छ तर वास्तविक क्रयशक्ति घटेको छ, महँगी बढेको छ। पैसाको अवमूल्यन भएको छ। यी सब पुँजीवादी नीतिका कारण भएको हो (आइएलओ : ग्लोबल वेज रिपोर्ट, २०१२, जिफन्ट २०१४)। तराई-मधेसमा सबभन्दा बढी मानिस ३६.२ प्रतिशतले जमिन ठेक्कामा लिएर कमाएको पाइन्छ। जबकि १०.६ प्रतिशतले मात्रै कमाउन दिएको रेकर्ड नेपाल जीवनस्तर सर्वेक्षण सन् २०११ ले देखाउँछ।

कृषि समाजमा धन कमाउने एउटैमात्र साधन जमिन हो। अझ नेपालको सन्दर्भमा जमिन शक्ति र पहिचान पनि हो। राजनीतिमा

५ युएनडिपीले आयोजना गरेको मधेसमा भूमि सुधार र यसका समाधानको अन्तरक्रिया कार्यक्रममा नवलकिशोर शाह, राष्ट्रिय उपाध्यक्ष सदभावना पार्टीबाट व्यक्त विचार, कुपन्डोल, एमबेरस रेस्टुरेन्ट, १३ भदौ, २०७१ (२९ अगस्ट, २०१४)।

६ अनुप माझी, भूमि अधिकारकर्मी, रौतहटसँग ५ वैशाख २०७१ साल (१८ अप्रिल २०१४) चन्द्रनिगाहपुरको पशुपति लजमा बसेर मधेसका भूमि सुधारको अध्ययन टिम डा. शिव शर्मा, गणेश शाह, उमानाथ रिजाल र जगत बस्नेतसंग भएको कुराकानी।

७ ६ वैशाख २०७१ (१९ अप्रिल, २०१४) सर्लाहीको नवलपुरको हाटबजारमा प्राथमिक विद्यालयका शिक्षकबाट व्यक्त विचारहरू, मधेसका भूमि सुधारको अध्ययन टिम डा. शिव शर्मा, गणेश शाह, उमानाथ रिजाल र जगत बस्नेत

धनको ठूलो भूमिका हुन्छ तर तराई-मधेसका मोही र भूमिहीनले कहिले पनि जमिनको स्वामित्व पाएनन् । जुन उनीहरूको पहिचान, आर्थिक स्वतन्त्रता र सामाजिक प्रतिष्ठासँग गाँसिएको थियो । जमिनदारसँग भएको स्रोत साधनले ठूलो प्रभाव पार्छ । उसलाई राजनीतिमा लाग्न र लगानी गर्न प्रशस्त समय पनि दिन्छ । जोसँग जमिन हुन्छ उसलाई व्यवसाय गर्न, धितो राखेर ऋण लिन, नागरिकता लिन, विदेश जानलगायतका थुप्रै अवसर दिन्छ ।

गाउँमा को धनी छ भनेर नाप्ने एउटैमात्र साधन वा सूचक ऊसँग भएको 'जमिन' र त्यसमा बनेको घर वा उद्योग हो । जमिनको स्वामित्व, माथिल्लो जात र राजनीतिमा सक्रिय भएमा त्यसलाई अरूले भेट्टाउन सक्दैन किनभने गाउँको पूरै शक्ति संरचना उसको नियन्त्रणमा हुन्छ । विकासोन्मुख मुलुकमा राजनीतिक र आर्थिक शक्ति एउटै सभ्रान्त वर्गको हातमा छ । यस सम्बन्धमा फेडरिक गेज लेख्छन्- नेपालको सम्पत्तिको ठूलो हिस्सा कृषियोग्य जमिनको ठूलो भाग, साना उद्योगको अधिकांश हिस्सा, ठूला उद्योगको उल्लेखनीय अंश र नेपाल र बाहिरी देशबीच रहेको व्यापारको अंश थोरै मानिसको नियन्त्रणमा छ । जसले राष्ट्रिय राजनीतिमा पनि नियन्त्रण जमाएका छन् । जसलाई भूमि सुधारले मात्रै अन्त गर्न सक्छ ।

## जमिनको हदबन्दी

तराई-मधेसका नेताहरू र समुदायमा भएका छलफलमा राजा महेन्द्रले २०२१ सालमा लगाएको २८ बिघा र शेरबहादुर देउवाले २०५८ मा लगाएको हदबन्दी लागु नभएको गुनासा आए । रौतहटका एकजना सामाजिक कार्यकर्ता भन्छन्- 'तराई-मधेसमा भूमि सुधार गर्ने कुरा गर्दा बाँड्ने जमिन छैन भनिन्छ तर मालपोत कार्यालयमा दिउँसोभन्दा राति बढी काम र अंशबन्डा हुन्छन् । जमिनदारहरू रातारात आफ्ना मान्छे र नातेदारमा जमिन बाँडिरहेका छन् । भाइभतिजा, भान्जा भान्जी, छोरी/ज्वाइँ सबै आफ्ना परिवार र नातागोतालाई । अनि भन्छन्- 'सबै जमिन सकियो ।' हो, तर जमिन जमिनदारको परिवारभित्रै छ । उनी थप्छन्- 'भूमि सुधार गर्न जमिन छ तर कानुनीरूपमा हदभन्दा बढी जमिन छैन ।' सप्तरी घर भएका एउटा राजनीतिक पार्टीका कार्यकर्ता चौधरी भन्छन्- तराई-मधेस जमिनदारबाट पीडित क्षेत्र हो । जमिनदारी प्रथा उन्मूलन भयो तर जमिन जमिनदारसँगै रह्यो । जमिन मोही वा भूमिहीनले पाएनन् । जमिनको हदबन्दी लगाइयो तर जमिनदारलाई हदबन्दी लागेन । हदबन्दीले परिवारमा जमिनको बाँडफाँटमात्रै गरायो । एउटामा भएको जमिन परिवारका सबै सदस्य र नातागोतामा मात्रै सर्‍यो । गरिब र मोहीहरूमा सरेन ।

> **दलालहरूले सार्वजनिक जमिन पनि आफ्नो बनाइसके । सूचना मालपोत कार्यालयमा टाँसिन्छ, गाउँका मान्छेलाई के थाहा ? अनि पछि आएर मेरो जमिन भन्छ, सोझा थारूहरू वा दलित वा गरिबलाई के थाहा ?**

नेपाल कम्युनिस्ट पार्टी (पूर्व संयुक्त) रौतहट जिल्लाका एक नेता भन्छन्- छोराछोरी र श्रीमती सबैलाई जमिन बाँड्न पाइन्छ । अनि हदबन्दीभन्दा बढी जमिन कसरी हुन्छ ? ३ बिघाको हदबन्दी भए पनि जमिन सबै लुकाउन मिल्छ । २०५८ सालको हदबन्दी अहिले कसरी सान्दर्भिक हुन्छ ? २०५८ देखि अहिलेसम्म सबै लुकाइसके । मानिस कृषियोग्य जमिन छाड्न पनि तयार छैन । अनि कृषि गर्न पनि तयार छैन । तराई-मधेसमा जमिनदारले घर छाडे, जमिन छाडेका छैनन् । जमिन आफ्नै नाममा छ । ८० प्रतिशत जमिनदारलाई बाली लिनेभन्दा अरू सरोकार छैन । अब अन्नबाली पनि आइएमइबाट नगदमा पठाइदे भन्न थालेका छन् । काठमाडौँबाट गाउँ आउने-जाने भाडाभन्दा आइएमइबाट नगदमा बाली लिन तयार छन् । यहाँको जमिन छाड्न तयार छैनन् । जमिनदारलाई नपुग्दो केही छैन । किन जमिन बेच्नुपर्‍यो । त्यसैले तराई-मधेसका जमिनका मालिकले घरमात्रै छाडेका छन् । कृषियोग्य जमिन छाडेका छैनन् वा एक ठाउँमा बेचेर अरू पाँच ठाउँमा किन्न भ्याएका छन् ।

## अनुपस्थित जमिनदार र जमिनको प्लटिङ

शान्ति प्रक्रियापछि जमिनदारले जमिन बेच्न थाले । तर रियल स्टेटको काम गर्ने जग्गा व्यवसायीलाई वा जग्गा प्लटिङ गरेर बेच्नेलाई मात्रै । गरिब र मोहीहरूले जमिनदारको ठूला कित्ता जमिन किन्न सकेनन् । अनि ठूला व्यवसायी आए । सुकुमवासी आयोग बन्दा पनि दलालहरू मात्रै मोटाए । जमिन दिलाइदिन्छु भन्दै एकैजनासँग ५ लाखभन्दा बढी पैसा लिएका थुप्रै उदाहरण छन् । दलालहरूले सार्वजनिक जमिन पनि आफ्नो बनाइसके । सूचना मालपोत कार्यालयमा टाँसिन्छ, गाउँका मान्छेलाई के थाहा ? अनि पछि आएर मेरो जमिन भन्छ, सोझा थारूहरू वा दलित वा गरिबलाई के थाहा ?[८] जमिनदार विस्तारै सहर बजारमा बसाइँ सरे । गाउँको जमिन मोहियानी र अधियामा दिए । उनले बजार व्यवसायबाट पनि आम्दानी गरे र जमिनको मूल्य पनि बिस्तारै बढ्दै गयो । यसरी उनीहरू नै अर्बौंपति भए । खेतीमा काम गर्ने मजदूर नपाउने भएपछि जमिनदारले किसानलाई भन्दा प्लटिङ गर्नेलाई जमिन बेचे । कृषि विकास ब्याङ्क छ, खेती गर्ने किसानले ऋण मागेमा बिघाको २५ हजार मूल्याङ्कन गर्छ । जब प्लटिङ व्यवसायी आउँछन्,

८ कमलनारायण चौधरी, केन्द्रीय सदस्य, नेपाल कम्युनिस्ट पार्टी संयुक्त, ९ वैशाख २०७१ साल (२२ अप्रिल २०१४) मधुपट्टीको विद्यालयमा भएको किसान नेताहरूका अन्तरक्रिया कार्यक्रम मधेसका भूमि सुधारको अध्ययन टिम डा. शिव शर्मा, गणेश शाह, उमानाथ रिजाल र जगत बस्नेत ।

त्यही जग्गाको ५ लाख मूल्याङ्कन हुन्छ। किसानको हातमा जमिन नै जान नदिने कार्यले उत्पादन घटिराखेको छ। जमिनदाराका ठूला प्लट छन्। उनीहरू एकैपटक बेच्न चाहन्छन्, गरिब किसान ठूला प्लट जमिन किन्न सक्दैनन्। अनि धनीले मात्रै किन्छन्, जमिन प्लटिङ गर्नेले मात्रै किन्छन्। त्यसैले जमिन बाँझो बसेको छ। जमिन केही व्यक्ति र परिवारमा केन्द्रित हुँदै गएको छ।

**दलालहरूले सार्वजनिक जमिन पनि आफ्नो बनाइसके। सूचना मालपोत कार्यालयमा टाँसिन्छ, गाउँका मान्छेलाई के थाहा ? अनि पछि आएर मेरो जमिन भन्छ, सोझा थारूहरू वा दलित वा गरिबलाई के थाहा ?**

## आगामी बाटो : समग्र भूमि तथा कृषि सुधार अभियान

नेपाल अझ तराई-मधेसको सन्दर्भमा अहिलेका द्वन्द्व, गरिबी र असमानतालाई सम्बोधन गर्न समग्र भूमि सुधार आवश्यक छ। यसअन्तर्गत ४ मुख्य काम पर्छन्। टुक्रे नीति र कार्यक्रमले भूमि र उत्पादन सम्बन्धमा कुनै परिवर्तन ल्याउन नसकेको विगत ५० वर्षको अनुभवले देखाउँछ। त्यसैले नेपालको सन्दर्भमा समग्र भूमि तथा कृषि सुधार नै धेरैमध्ये उत्तम विकल्प हो। यसका लागि निम्न कुरा गर्न आवश्यक छ :

पहिलो, भूमिको वितरण वा स्वामित्वको सुरक्षा वा प्रयोगको अधिकार (राज्यले परिवेशअनुसार यी तीनै काम सँगसँगै गर्न सक्छ। अझ तराई-मधेसमा अझै प्रशस्त खाली जमिन, नदी उकास जमिन, कृषियोग्य सरकारी जमिन छन्, जङ्गलमा पनि खेती गर्न सकिने जमिन छन्। तराई-मधेसका खेतीयोग्य जमिनमात्र सदुपयोग गरेर भूमिहीन किसानलाई वितरण गरेमा भूमिको समस्या समाधान हुन्छ। अन्नका भण्डार जिल्लाहरूको पहिचान पुनर्स्थापित हुन्छ, अरू निजी बाँझो रहेका जमिनलाई स्थानीय निकायले लामो अवधिका लागि करारमा दिन सक्छ र मूल्यको फरकतामा खेती गर्नेलाई पनि न्याय दिन सक्छ। नयाँ हदबन्दी कायम गरी खेती गर्ने किसानलाई जमिन दिन सकिन्छ। खेतीयोग्य जमिन खेती नगर्नेले राख्न नपाउने नीति मात्रै ल्याउँदा कृषि जमिनको स्वामित्व किसानमा जान्छ। कृषि उत्पादन बढाउन सकिन्छ। रोजगारी सिर्जना प्रशस्त मात्रामा गर्न सकिन्छ।

दोस्रो, भूमिको वितरण सँगसँगै कृषि सहयोग, अनुदान, बिमा, बजारीकरण, कृषि सहकारी, सिँचाइ, तालिम, नयाँ प्रविधि, कृषि उद्योग, कृषि ज्ञान र किसानलाई सम्मान दिएमा रोजगारीका सयौँ अवसर तयार हुन्छन्। कृषि पेसामा मानिसको मोह बढ्छ। अझ तराई-मधेस अन्नको भण्डार हो, यदि किसानको सम्मान, सिँचाइ, प्रविधि र बजार जोड्ने हो भने हजारौँ मानिसलाई कृषिबाट रोजगारी दिन सकिन्छ। अरब मुलुक पठाइरहनु पर्दैन। रोजगारीका लागि भारत गइरहनु पर्दैन।

तेस्रो, भूमिको वितरण, कृषि सहयोग सँगसँगै विकेन्द्रित भूमि प्रशासन गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा पुऱ्याउने। प्रदेश सरकारले भूमि र कृषिको खाका बनाउन सहजीकरण गर्ने अनि केन्द्र सरकारले सहयोग गर्ने। गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले आफ्नो क्षेत्रको समग्र भूमि तथा कृषि सुधारको खाका स्थानीय समुदायको सहभागिता र स्थानीय सरोकारवालाहरूको सहकार्यमा बनाउने। यसका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदेश र केन्द्र सरकारले गर्ने। गाउँगाउँबाट भूमि तथा कृषि सुधारको योजना र कार्यान्वयनलाई अभियानकै रूपमा लैजाने। सहर पसेकालाई गाउँ फर्क अभियान सञ्चालन गर्ने।

चौथो, भू-उपयोग नीतिको कार्यान्वयन, जमिनको वर्गीकरण र वर्गीकरणअनुसार भूमिको प्रयोग। यसले भूमिको सही सदुपयोग हुन मद्दत गर्छ र जे उद्देश्यका लागि जमिन लिएको हो, त्यही उद्देश्यमा प्रयोग हुन्छ।

नेपालको सन्दर्भमा समग्र भूमि सुधार भनेको ऐतिहासिकरूपमा रहेको विभेद अन्त गर्ने, कृषिमा संलग्न किसानको सम्मान गर्ने, ग्रामीण औद्योगिकीकरणको विकास गर्ने र देशलाई खाद्य र रोजगारीमा आत्मनिर्भर बनाउने हो। त्यसैले अबको भूमि सुधारले 'घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई', किसानको जमिनको हकको सुरक्षा, स्थानीय स्तरमा कृषि उद्योग स्थापना, जमिनको जोनिङ, वातावरण संरक्षण र स्थानीय तहबाटै भूमि तथा कृषि विकासको समग्र योजना र कार्यान्वयनमा जानुपर्छ। भूमि सुधारको कार्यान्वयन राज्यको केन्द्रीय सरकारबाट सम्भव छैन। त्यसैले संविधानको सूचीअनुसारको नीति नियम केन्द्रीय वा प्रदेश सरकारले बनाउने र प्रदेश सरकारको सहजीकरणमा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका नै सक्षम, सवल, अधिकार सम्पन्न र समतामूलक बनाउँदै लैजानुपर्छ।

यसैगरी समग्र भूमि तथा कृषि सुधार नै नेपालको सन्दर्भमा ग्रामीण विकास, आर्थिक समृद्धि र आर्थिक न्यायको नमुना हो। यो प्रक्रियाको थालनीका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारहरूको इच्छाशक्ति र कार्यान्वयनसहितको प्रतिबद्धता निजी क्षेत्र, नागरिक समाज, किसानको सक्रिय सहभागिता, सहयोग र संलग्नता आवश्यक छ। समग्र भूमि तथा कृषि सुधार नै नेपालको शान्ति, दिगो विकास र आर्थिक समृद्धिको नमुना हुनेछ। समग्र भूमि तथा कृषि सुधारको अभियान र कार्यान्वयनले नै स्थिर सरकार निर्माण र लोकतन्त्रको संरक्षणमा समेत भूमिका निर्वाह गर्ने निश्चित छ।



विनोद गौतम

# बेदर्ता मोहीको पक्षमा




नेपालको पञ्चायतकालको सबैभन्दा पहिलो न्यायोचित कदम भूमिसम्बन्धी ऐन २०२१ जारी र यसले राखेका मान्यता थिए । शासन व्यवस्थाको दृष्टिकोणमा पञ्चायतकाल निरङ्कुश भए पनि यो ऐन जारी भएपछि भूमिमा भूमिहीनहरूले प्राप्त गर्ने आफ्नो हिस्सा र भूमि सुधारका लागि यसले गरेका व्यवस्था केही हदसम्म सामाजिक न्यायको पक्षमा थिए ।

तत्कालीन शासकले अरूसँग सोधखोज नगरी आफूखुसी निर्णय गर्ने परिपाटीका कारण पनि यो भूमि सुधारका थुप्रै हुन सक्ने काम पनि भएनन् । तर २०२१ मा जारी ऐनकै जगमा टेकेर केही भूमिहीनले मोहियानी हकमार्फत भूमिमा आफ्नो स्वामित्व कायम गरे । अर्थात मोहियानी हकबाट भूमिमा आफ्नो पहुँच स्थापित गर्न सफल भए । वि.सं. २०५३ सालमा यो ऐनको चौथो संशोधन भएपछि भूमिमा द्वैध स्वामित्व रहने प्रावधान हटाइयो र मोहियानी हक प्राप्त गरेकालाई मोहीबापतको आधा जग्गा उपलब्ध गराउने व्यवस्था कायम गरियो । कानुनअनुसार मोहीबापत आफ्नो जग्गामा आफ्नो हक स्थापित गरेकाहरूले जग्गा प्राप्त गर्नका लागि लामो सङ्घर्ष गरेको इतिहास त छँदैछ । योसँगै अरुको जमिन जोतिरहेका तर आफ्नो नाम दर्ता गर्न छुटेकाहरूले जग्गामा आफ्नो आधा हक स्थापित गर्ने अवसर गुमाए ।

## दर्ता र बेदर्ता मोही

वि.सं. २०५३ सालअघि मोही हक प्राप्त गरी आफ्नो हक स्थापित गराएकाहरूलाई सरकारले जग्गा बाँडफाँडका लागि निवेदन दिन आग्रह गर्‍यो । तथ्याङ्कअनुसार करिब ४० हजार[1] मोहीले मोही निवेदन दर्ता गरी कानुनअनुसार आफ्नो हक स्थापित गर्न सफल भए । तर सरकारी तथ्याङ्कलाई नै हेर्दा करिब ४५०,०००[2] परिवार मोही भएर पनि निवेदन नदिएका कारणले जग्गा प्राप्त गर्ने आफ्नो हकबाट वञ्चित भए । साहूको खेत जोतिरहेका मोहीलाई सरकारभन्दा साहू नै प्यारो लाग्यो । उनीहरूलाई साहूको जग्गा आधा लिनु भनेको अन्नदाताको विरुद्धमा लागि पाप गर्नु हो भन्ने लाग्यो । कतिलाई डर देखाइयो । कतिलाई निवेदन दिएमा जोतिरहेको जग्गाबाट पनि निकाला गरिदिने धम्की दिइयो । कतिलाई फकाएर निवेदन दिने हल्लामात्रै भएको कुरा उल्लेख गरियो । जस-जसले मोहियानी हक प्राप्त गर्न निवेदन दिए कानुनतः उनीहरूले नै मोहीको मान्यता प्राप्त गरे ।

उनीहरूलाई दर्तावाल मोही भनियो तर जस-जसले निवेदन दिएनन्, ती मोही भएर पनि मोहीबापतको हकबाट वञ्चित रहे । तिनीहरूलाई बेदर्ता मोही भनियो । नेपालको कानुनसँग अनविज्ञ रहेका र प्रलोभनमा परेका मोहीहरू आफ्नो हक पाउने अवसरबाट वञ्चित भए अर्थात वञ्चित गराइयो । यसरी एकै प्रकृतिको जीवनस्तर जिइरहेका समान व्यक्तिलाई कानुनको दृष्टिमा अधिकार प्राप्त गर्न योग्य र अयोग्य बनाइयो ।

## कानुन र सामाजिक न्याय

कानुन व्याख्याका केही सिद्धान्त र मान्यता छन् । कुनै सिद्धान्तले कानुनमा जे लेखियो त्यसलाई तोडमोड गरेर व्याख्या गर्न पाइन्न भन्ने मान्यता राख्छन् । कोहीले कानुनमा जे लेखिए तापनि त्यहाँ उल्लेख गरिएका शब्द न्याय दिनुपर्ने व्यक्ति वा समुदायलाई असर पार्नेखालका छन् भने त्यसलाई अदालतले न्यायको पक्षमा व्याख्या गर्नुपर्छ भन्ने मान्यता राख्छन् । रस्को पाउण्ड, इमाइल दुर्खिमलगायत् सामाजिक आवश्यकता र समाजको न्यायको पक्षमा निरन्तर वकालत गर्ने विद्वान्हरूका रूपमा पर्छन् । नेपालको संविधानले सामाजिक

.........................

१ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२ उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को प्रतिवेदन

न्यायको हकलाई मौलिक हकका रूपमा व्याख्या गरेको छ। भूमिहीनलाई जग्गा दिने घोषणालाई सबै राजनीतिक पार्टीले राजनीतिक केन्द्रमा राखेका छन्। यो सकारात्मक कुरा हो। तर हाल मोही हक कायम गरेका परिवारको तथ्याङ्कलाई मात्रै मोहीका रूपमा व्याख्या गरियो भने ठूलो सङ्ख्याका मोही जग्गा प्राप्तिको अवसरबाट वञ्चित हुन्छन्। जसले गर्दा जग्गा प्राप्तिका लागि उनीहरूले पुनः एकपटक सङ्घर्ष गर्नुपर्ने हुन्छ। सँगै मोही हक पाएको छिमेकी जग्गा पाउँछ तर एउटा सानो प्राविधिक त्रुटि भएकै कारण कसैलाई जग्गा प्राप्तिको अवसरबाट वञ्चित गराइन्छ भने उनीहरूमा विद्रोहको विकल्प हुन्न। यसले समृद्धिको लामो यात्रा पार गर्न त सकिन्न नै, राजनीतिक स्थायित्वको नारा पनि केवल सपनामात्रै हुन्छ।

दर्तावाल मोहीहरूलाई पनि दुई तरिकाले हेर्नु जरुरी छ। केही समयअगाडि महोत्तरी जिल्लाको खयरमारा भन्ने ठाउँ जाँदा अनौठो उदाहरण फेला पर्‍यो। मुसहर समुदायका २० घरधुरी जो भूमिहीन भएर लामो समयदेखि साहूको एक टुक्रा जग्गामा बसेका छन्, उनीहरूलाई साहूले प्रलोभनमा पारेर जग्गावाला र साहूचाहिँ कागजीरूपमा मोही भएका रहेछन्। करिब ५ बिघा जमिन भएका साहूको पाँच धुर जग्गामा झुपडी बनाइ बसेका भूमिहीन समुदाय मालिक भए। साधारण अक्षर पनि चिन्न नसक्ने उनीहरूले जताजता सहीछाप गर्नु भनियो उतै उतै ल्याप्चे लगाए। यसरी यथार्थमा उनीहरू कमजोर भए पनि कानुनीरूपमा बलिया भए। पछि जिल्ला भूमि अधिकार मञ्चका संयोजक राजकुमार बस्नेतसँग बुझ्दा थाहा भयो- महोत्तरीकै लक्ष्मीनियाँ भन्ने ठाउँमा ६३ घरधुरी भूमिहीनको पनि ठ्याक्कै यही अवस्था रहेछ।

मोही बाँडफाँटका लागि भूमिसम्बन्धी ऐन २०२१ अनुसार उनीहरूले आफ्नो भागको आधा जग्गा साहू (कानुनतः मोही) लाई उपलब्ध गराउनुपर्ने भयो। वर्तमान कानुनकै आधारमा टेकेर कानुनी उपचार खोज्ने हो भने तिनीहरू बसोबास गरिरहेको जग्गबाट समेत खेदिने निश्चित छ। सामाजिक न्यायको पक्षबाट हेर्ने हो र कानुनको अक्षरलाई नभई मर्मलाई व्याख्या गर्ने हो भने पाँचधुर



ओखलढुङ्गा जिल्लाको मोलुङ्ग गाउँपालिकामा १७ घरधुरी मोही छन्। उनीहरूले वि.सं. २०१० सालदेखि बुद्धिबहादुर घलेको ८७ रोपनी जग्गा कमाइरहेका छन्। उनीहरूसँग साहूले दिएको बाली भर्पाइ अझै पनि सुरक्षित छ। तर साहूसँग पटकपटक छलफल गर्दा मन लागे कमाउनु नलागे त्यत्तिकै छोडिदिनू भन्ने जवाफ दिएको मोहीहरूले बताए। साहू काठमाडौं बस्ने र आफूहरू पनि बेदर्ता मोही भएकाले स्थानीय सरोकारवालाबाट खासै ठूलो सहयोग नपाएको गुनासो ती मोहीको छ। आफूलाई मोही दर्ताका क्रममा जानकारी नभएकाले प्रमाण भएर पनि मोहीका रूपमा दर्ता हुन नसकेको उनीहरूले बताएका थिए।

हुनेले आफ्नो बसोबासको सुनिश्चितताका लागि बसिरहेको जग्गा स्वतः आफ्नो भई जीविकोपार्जनका लागि साहूको जग्गा (जुन उनीहरूले लामो समयदेखि कमाइरहेका छन् तर कानुनीरूपमा मोहीको मान्यता पाउन सकेनन्) प्राप्त गर्नुपर्ने हो।

## अब के गर्ने ?

संविधानको मौलिक हकमा उल्लेख भएका जनताका अधिकारलाई पूर्ण कार्यान्वयन गराउनका लागि निर्माण गर्नुपर्ने नयाँ कानुन तीन वर्षभित्र निर्माण गरिसक्नुपर्छ। समयसीमा हेर्दा सरकार कानुन निर्माणको उत्तरार्ध अर्थात अन्तिम चरणमा छ। यो एउटा ठूलो अवसर हो। जसरी वि.सं. २०२१ को अवसरलाई पूर्णरूपमा सदुपयोग गर्न सकिएन त्यसरी कानुन निर्माणको चरणमा यो अवसरलाई पूर्ण सदुपयोग गर्न नसक्ने हो भने भूमिहीन, सुकुमबासी र मोहीलाई जग्गा उपलब्ध गराउने योजना केवल योजनामा मात्रै सीमित रहने निश्चित छ।

नेपालको संविधानको धारा २२६[३] ले स्थानीय सरकारलाई कानुन बनाउने पूर्ण अधिकार दिएको छ। यो समय स्थानीय सरकारले भूमि सुधारका पक्षमा काम गर्ने महत्वपूर्ण अवसर हो। कानुन निर्माणकै चरणमा बेदर्ता मोहीको समस्यालाई पनि सम्बोधन गर्न सकिएमा भूमि सुधारका प्रशस्तै काम गर्न सकिन्छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका दर्ता र बेदर्ता मोही पहिचान गरी बेदर्ता मोहीको पक्षमा कानुन निर्माण गर्न सके जग्गामा सबैको स्वामित्व बढ्ने स्पष्ट देखिन्छ।

कानुनका अक्षर आफैं बोल्ने हैनन्। यिनीहरूलाई अदालतले व्याख्या गर्ने हो। कानुनको मर्म अन्यायमा परेकालाई न्याय प्रदान गर्नु हुन्छ। यसर्थ समता र सामाजिक न्यायको सिद्धान्तलाई अङ्गीकार गर्ने हो भने बेदर्ता मोहीलाई पनि आधा जग्गाको स्वामित्व प्रदान गरिनुपर्छ। यसबाट मात्रै सरकारले परिकल्पना गरेको 'सुखी नेपाली र समृद्ध नेपाल' को सपना र दीगो विकास २०३० ले राखेका लक्ष्य पूरा हुन्छन्।

३ गाउँ सभा र नगर सभाले अनुसूची ८ र अनूसुची ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्नेछ- नेपालको संविधान, धारा २२६



कल्पना कार्की

# आन्दोलनको दिगोपनाका रणनीति



भूमि अधिकार आन्दोलनको सुरुवातदेखि नै आन्दोलन कोष सङ्कलन र उपयोगलाई विशेष प्राथामिकता दिइँदै आइएको छ। भूमि अधिकार मञ्चको कोषमा नियमित रकम जम्मा गर्ने तथा मानो मुठी र मौसमअनुसारको अन्नबाली सङ्कलन गर्ने काम भइरहेको छ। विपद् पर्दा तत्कालै नगद, अन्न सङ्कलन गरी मञ्चका सदस्यहरूसम्म पुग्नुले धेरै नै राहत पुगेको छ। आन्दोलनमा आफ्नोपनको भावनाले बाँधेको छ।

पैदल यात्रा, साइकल यात्राका बेला यात्रीलाई एक घर, एक जनालाई खाना र सुत्ने व्यवस्था गरिएको थियो। ठूला र लामो समयसम्म हुने आन्दोलनताका गाउँगाउँबाट मानो मुठी सङ्कलनले ठूलो सहयोग पुगेको छ। यसका साथै केही स्वयमूसेवी अगुवा परिचालनले आन्दोलनमा ऊर्जा थपेको छ। मञ्चका सदस्यहरू सङ्गठित भई बाँझो जग्गाको खोजी र उपयोग पनि भइरहेको छ। यसले सदस्यहरूको आर्थिक सवलीकरणमा मद्दत पुगेको छ। साथै यस्ता खेतीमा सामूहिक श्रमदान गर्ने र खेतीबाट आएको आम्दानी कोषमा राख्नाले सङ्गठनप्रतिको अपनत्व पनि बढेर गएको छ। मञ्चका पदाधिकारीलाई आन्दोलनमा लाग्न पनि प्रेरित गरेको छ।

आन्दोलनमा दिगोपनाका लागि भइरहेका अभ्यास यति नै पर्याप्त छन् त ? यस विषयमा समीक्षा गर्नु जरुरी छ। दिगोपनाका लागि गरिएका प्रयासहरू सुरुवाती अभ्यास राम्रो छ तर निरन्तरताको खाँचो छ। एक ठाउँमा भएको यस किसिमको अभ्यास अर्को ठाउँमा फैलिन सकिरहेको छैन। सवालको उठान र साङ्गठनिक दुवै कामलाई सन्तुलित हिसवाले अगाडि बढाउन सकिएको छैन। बाह्य स्रोत मात्रको परिचालनले तोकिएको काममा बढि अलमलिएको देखिन्छ। यसले आन्दोलनको दिगोपनालाई धमिरा लगाउन सक्छ। सङ्कलन गरेको आन्दोलन कोषको सही सदुपयोग पनि उत्तिकै महत्वको विषय हो।

भूमि अधिकार आन्दोलनमा आन्तरिक स्रोतको जोहो र उपयोगको अवस्था हेर्दा निराश हुनुपर्ने अवस्था छैन। हाल परियोजनाबाट सहयोग हुन नसकेका जिल्लाहरूमा पनि भूमि अधिकार आन्दोलन अगाडि बढिरहेको छ। जिल्ला भूमि अधिकार मञ्चहरूबाटै स्रोत सङ्कलन भई सङ्गठनसम्बन्धी नियमित काम हुँदै आएको छ। केही जिल्ला भ्रमणमा जाँदा हामीलाई स्रोतभन्दा विचार र ज्ञान चाहिएको छ भन्ने पनि सुनियो। जिल्ला जान छाडेकोमा गुनासा पनि राखिए। त्यसैले आन्दोलनलाई जीवन्त राख्न अर्को महत्वपूर्ण पक्ष विचार हो। एक जिल्लामा कम्तीमा वर्षको दुईपटकमात्र प्रशिक्षण चलाउन सकियो भने पनि हाम्रो आन्दोलनलाई निरन्तरता दिन सहयोग पुग्छ। स्रोत नभए पनि आन्दोलनलाई दिगोपना दिनका लागि गर्नैपर्ने केही काम छन्। सङ्गठन विकास र विस्तार, सदस्यता वितरण, नवीकरण, जिल्ला मञ्चको बैठक, भेला, परिषद्, सम्मेलन, बृहत् अगुवा प्रशिक्षण र शिविर, पारदर्शिता र जवाफदेहितालाई निरन्तरता दिनका लागि सामाजिक लेखाजोखा, लेखापरीक्षण जस्ता काम गर्न जरुरी छ।

## के गर्ने ?

- सङ्गठन स्थानीय तहमा सूचीकृत गर्ने, स्थानीय तहमा योजना पेश र बजेटमा दाबी
- भूमि घर निर्माण र उपयोग
- अगुवाको विकास र नेतृत्व विकासमा जोड
- शुल्क नलाग्ने घरको खोजी र कार्यालय स्थापना



- सरकारी तर उपयोगमा आउन नसकेको जग्गामा खेती
- कार्यक्रम गाउँ, विद्यालय, सामुदायिक भवन, भूमि घरमा गर्ने
- खाजा, खानाको व्यवस्थापन गाउँ, बस्ती अगुवाको घरमा गर्ने
- अन्य कार्यक्रममा सहजीकरणबापत शुल्क लिने
- सङ्गठनको नेतृत्वमा देउसी भैलो

हाम्रो आन्दोलनलाई बलियो बनाउन पनि सङ्गठनको दिगोपनाले योगदान गर्छ। सङ्गठनको दिगोपनाले आन्दोलनमा नैतिक शक्ति थप्न मद्दत गर्छ। सङ्गठनलाई नीतिअनुरूप स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न बनाउन मद्दत पुग्छ। आन्दोलनमा स-साना काम, जस्तै- अगुवा भेला, शिविर, गाउँ सभा, र्‍याली हामीले आफ्नै बलवुताले गर्दै आएका छौँ। ठूला आन्दोलन र राष्ट्रिय भूमि अधिकार मञ्चको जिल्ला तथा राष्ट्रिय सम्मेलनको भण्डै आधा खर्च आन्दोलन कोषबाट धान्दै आइएको छ। त्यसैले आगामी दिनमा सबै सङ्गठनले आन्दोलन कोष सङ्कलनको कामलाई अनिवार्य बनाएर लैजानुपर्छ। पहिलेदेखि सङ्कलन गर्दै आएका सङ्गठनहरूले यसलाई थप व्यवस्थित बनाएर लैजानुपर्छ।

नियमित रकम वा मानो मुठी के र कति सङ्कलन गर्दा सजिलो हुन्छ भन्नेबारे सङ्गठनका सबै सदस्यसँग मसिनो छलफल गरेरमात्र निर्णय गर्नुपर्छ। यो प्रक्रियामा सङ्गठनको सबैभन्दा निम्सरो मान्छेको बोलीलाई पनि उत्तिकै महत्व दिनुपर्छ। आन्दोलन कोषका लागि सङ्गठनमा सदस्यहरूले आफ्नो बारीमा फलेको एक घोगो मकै, एउटा खुर्सानी, कुखुराको चल्ला, एक मुठा दाउरा जे दिँदा पनि हुन्छ। त्यस्तै सङ्गठनले सांस्कृतिक चाडपर्वको अवसरमा देउसी, भैलो, नाचगान गरेर आएको रकम जम्मा गर्न पनि सकिन्छ। त्यस्तै दान, चन्दा आदिबाट आएको आम्दानीलाई पनि कोषमा जम्मा गर्न सक्छन्। त्यस्तै आन्दोलन कोषका लागि मौसमअनुसारको बाली सङ्कलन गरी व्यवस्थित गर्न सक्छन्। जस्तो- गहुँको मौसममा गहुँ, मकैको मौसममा मकै, धानको बेला धान र कोदो तयार हुने समयमा कोदो जम्मा गर्न सकिन्छ।

कोष सङ्कलन र यसको उपयोगमा सबैभन्दा जटिलता पारदर्शितामा छ। यो कुरालाई हामीले अत्यन्त राम्रोसँग व्यवस्थित गर्न सकेनौँ भने समुदायको मुद्दा उठ्नु त कहाँ हो कहाँ ? यसको अगुवाइ गर्ने व्यक्तिहरूको समेत छवि धमिलो हुन्छ। त्यसैले हरेकपटकको छलफलमा सङ्गठनको कोषमा कति रकम जम्मा भयो र कति खर्च भयो भन्ने कुरा सबै सदस्यलाई राम्रोसँग सुनाउनुपर्छ। यो कोषलाई बचतका रूपमा लगानी गर्ने र उठाउने गरियो भने कोष नभएर बचत हुन जान्छ। बचत र ऋणमा सङ्गठन रुमलिन्छ र हाम्रो सवाल (मुद्दा) ओझेलमा पर्ने र ऋणमा लगानी गरेको रकम नउठ्नाले सङ्गठनमा कलहको बीउ बन्ने खतरा बढेर जान सक्ने कुरालाई पनि उत्तिकै ध्यान दिन जरुरी छ। ✿

**नेपाल सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

## मोहियानी समस्या समाधान इकाईको सूचना

नेपाल राजपत्र भाग ५ मिति २०७४/७/२४ मा जारी सूचनामा जग्गामा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने उद्देश्यले मोही लागेको जग्गा मोही र जग्गाधनी विच बाँडफाँड गर्ने प्रयोजनका लागि मिति २०७५ भाद्र ४ गतेसम्म बाँडफाँडको निवेदन दिईसक्नु पर्ने र मिति २०७६ भाद्र ४ गतेसम्म परेका निवेदन फछ्र्योट गरिसक्नु पर्ने व्यवस्था रहेको छ। यस मन्त्रालयबाट मिति २०७५/१/२३ मा जारी भएको कृषि, पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको रुपान्तरणको मार्ग चित्र २०७५ मा समेत १ वर्ष भित्र मोही सम्वन्धी समस्या पूर्णतः अन्त्य गर्ने लक्ष्य राखिएकोले हालै मन्त्रालयमा "मोहियानी समस्या समाधान इकाई" गठन भई कार्यरत रहेको छ। यसर्थ देहाय बमोजिम गरी गराई सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ :-

१. जग्गाधनी र मोहीले बाँडफाँडको लागि निवेदन दिने अन्तिम मिति २०७५ भाद्र ४ गतेसम्म मात्र तोकिएकोले उक्त म्याद भित्र सम्वन्धित कार्यालयमा निवेदन दिईसक्नु हुन सम्वन्धित मोही तथा जग्गाधनीहरुलाई जानकारी गराईन्छ।

२. उल्लिखित अवधि भित्र द्वैध स्वामित्व अन्त्य गरिसक्नु पर्ने भएकोले भूमिसुधार कार्यालय तथा भूमिसुधारको कार्य समेत गर्ने मालपोत कार्यालयहरुले बाँडफाँडका लागि बाँकी मोही तथा जग्गाधनीहरुलाई निवेदन दिन आउन पर्याप्त सूचना प्रवाह गर्ने, प्राप्त निवेदन उपर तदारुक्ताका साथ छानविन गरी बाँडफाँड सम्वन्धी निर्णय गर्ने, बाँडफाँडमा कुनै समस्या भए समाधानका लागि विभाग मार्फत लेखी पठाउने र भए गरेका कामको नियमित प्रगति विवरण विभाग र मन्त्रालयमा पठाउने।

३. स्थानीय तह, प्रदेश सरकार, सम्वन्धित संघ-संस्था, राजनीति कर्मी, कानून व्यवसायी,बुद्धिजिवी, संचारकर्मी तथा सम्पूर्ण जनसमुदायमा यो सन्देश सम्वन्धित मोही तथा जग्गाधनी समक्ष पुऱ्याई जग्गा माथिको द्वैध स्वामित्व अन्त्य गर्ने कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याई दिनु हुन समेत अनुरोध गरिन्छ।


भोला बस्नेत

# बस्ती स्थानान्तरण

नेपाल धेरै पहाडी भूभाग भएको मुलुक हो । त्यसैले अधिकांश मानिसको बसोबास पनि यिनै पहाडी क्षेत्रमा हुनु स्वाभाविक हो । पडाही क्षेत्र विभिन्न प्राकृतिक विपत्‌बाट जोखिममा रहेको हुन्छ । यस्ता जोखिममध्ये भूकम्प पनि एक हो । नेपाल भूकम्पीय जोखिमको हिसावले विश्वको ११ औं स्थानमा पर्छ । नेपालमा आएको भूकम्पले बढी धनजनको क्षति गरेको सबैलाई थाहै छ । यसको मुख्य कारण भूकम्प प्रतिरोधात्मक भवन तथा संरचना नहुनु हो । बस्ती विकासका लागि भूबनोटको जाँच नगर्नु, पहाडको जुनसुकै स्थानमा अव्यवस्थित र अनियन्त्रित तरिकाले बसोबास पनि जोखिम बढ्नुको कारक हो । भूकम्प आएपछि नेपालका पहाडी भूबनोटका बस्ती किन धेरै जोखिम अवस्थामा रहन पुगे ? ती बस्ती समयमा नै किन सुरक्षित स्थानमा स्थानान्तरण हुन सकेनन् । त्यस विषयमा यस लेखमा केही विश्लेषण गर्न खोजिएको छ ।

आर्थिक अवस्था कमजोर भएको र जीविकोपार्जनका लागि पशुपालन र खेतीपातीका लागि केही हदसम्म सजिलोका लागि मानिस पहाडी भेगतिर बसोबास गर्न थाले । बसोबास गर्दै जाँदा बसिरहेको स्थान नै रमाइलो लाग्न थाल्यो । उनीहरूको आर्थिक स्तर कमजोर भएकाले घर पनि सुरक्षित हुने कुरा भएन । भूकम्पले मात्र होइन, बर्सेनि बाढी/पहिरोका कारणले पनि धेरै परिवार विस्थापित हुनुपरेको छ । विस्थापित हुनु भनेको निकै कठिनाइको कुरा हो । बसिरहेको स्थान छाड्नु भनेको जो कोहीका लागि पनि सजिलो होइन । जोखिम स्थानमा स्थानान्तरणको विषयमा छलफल गर्दा कतिपय मानिस यसै स्थानमा जन्मियौँ, अब यहीँ मर्छौं भनी जिद्धी गरेका पनि भेटिन्छन् । सर्न पनि सजिलो छैन । नयाँ स्थान सृष्टि अर्थात सिर्जनाका लागि सम्पूर्ण जोहो गर्नु चानचुने विषय हुन सक्दैन । त्यसमाथि सुरक्षित र खेतीयोग्य जमिनमा भूमाफियाको चलखेल उत्तिकै पाइन्छ ।

**सर्न पनि सजिलो छैन । नयाँ स्थान सृष्टि अर्थात सिर्जनाका लागि सम्पूर्ण जोहो गर्नु चानचुने विषय हुन सक्दैन । त्यसमाथि सुरक्षित र खेतीयोग्य जमिनमा भूमाफियाको चलखेल उत्तिकै पाइन्छ ।**

विनाशकारी भूकम्प र त्यसपछिका परकम्पका कारणबाट प्रभावित जोखिमयुक्त बस्तीका बासिन्दा एवम् घर/परिवारहरूको व्यवस्था मिलाउने कार्यविधि भूकम्प गएको एक वर्षपछि अर्थात २०७३ चैत २५ गतेमात्र स्वीकृत गरियो । त्यसपछि सबै भूकम्प प्रभावित जिल्लामा काम गर्नका लागि कार्यविधि पठाइयो । जिल्लास्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिहरूले त्यसलाई सहजरूपमा लिन सकेनन् ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यालयले भूकम्प प्रभावित सबै जोखिमयुक्त जिल्ला र क्षेत्रमा लाभग्राहीको नाम पठाइरहेको छ । लाभग्राहीले किस्ता प्राप्त गर्ने अर्थात लिइसक्नुपर्ने समयसीमाका कारण धेरैजसो घर/परिवारले जोखिम स्थानमा नै घर बनाइसकेका छन् । घर नबनाइ बसेकाको पनि जग्गा खरिद प्रक्रिया सजिलो गरी जिल्ला एकाइले अघि बढाउन सकेको छैन ।

जोखिम बस्तीका घर/परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न कार्यविधि बनेको ठीक ८ महिनापछि नुवाकोट जिल्लाको जोखिम बस्ती उर्लेनीका २४ परिवारलाई राख्न खरानीटारमा जग्गा खरिद गरियो । त्यो समयमा जग्गा खरिद गरिए पनि आजसम्म घर बनाएर बस्न थालेका भने छैनन् । वर्षाका कारण उनीहरू यो ठाउँमा सुरक्षित घर बनाएर सर्न नसकेका हुन् । एकातिर सरकारले यस्तो जग्गा खरिद गर्न दिने भनेको २ लाख रुपियाँ नै अपुग थियो भने अर्कोतिर कतिपय स्थानमा यस्तो रकममा समेत भूमाफियाले आँखा गाड्दा समस्या निम्त्यो । भर्खरैजसो ओखलढुङ्गा जिल्लामा ४८ घर परिवारका लागि सुरक्षित स्थानमा जग्गा खरिद त भएको छ तर वर्षाकै कारण त्यसअघि त्यहाँ घर बनाएर बस्न मुस्किल नै देखिएको छ ।

अझै कतिपय जिल्लामा त बस्ती स्थानान्तरणको कामसमेत सुरु नै भएको छैन । कुनै पनि बस्ती सुरक्षित हो/होइन, त्यसलाई भौगर्भिक हिसावले सुनिश्चितताका लागि जमिनको प्राविधिक जाँच गर्नुपर्छ । त्यो जाँच गर्न भूगर्भविद्को आवश्यकता पर्छ । बस्ती जाँच गर्नका लागि त्यहाँका बासिन्दाले



राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा जिल्ला दैवी उद्धार समितिमा निवेदन दिनुपर्छ। त्यसका आधारमा भौगोलिक अध्ययन हुन्छ र यही प्रतिवेदनका आधारमा जमिन सुरक्षित हो/होइन भन्ने सुनिश्चित गर्न सकिन्छ।

जोखिम अवस्थामा रहेका बस्तीलाई स्थानान्तरण गर्दा उनीहरूको जीविका, सुरक्षा र संस्कृतिलाई पनि ध्यान दिनु मुख्य जिम्मेवारी हुन्छ। यस विषयमा सबै स्थानमा सबैको ध्यान जानु अहिलेको मुख्य दायित्व हो। बस्ती स्थानान्तरणमा नै कतिपय जिल्ला तह र स्थानीय नै अलमल भएका बेला जीविका, सुरक्षा र संस्कृतिका विषयमा के नै ध्यान जाला र ?

नेपालमा ठूला विपद् व्यवस्थापनमा अनुभवको कमीमात्र होइन, अलमल नै भएको देखियो। बस्ती स्थानान्तरण र पुनर्निर्माण त झनै कठिन देखियो। २ लाख रुपियाँमा किनिएको जग्गामा भूकम्प प्रतिरोधात्मक घर बनाउनुपर्ने। नक्सा पास र अन्य प्राविधिक सहयोग लिनका लागि ज्ञान दिन सक्नेखालको जनशक्तिको अभावमा कसरी सजिलै सुरक्षित घर बन्ला र ?

ठूलो विपद्पछि शारीरिक, मानसिक, आर्थिक र बासको अभावमा तनाव सिर्जना हुन्छ नै। यस्तो अवस्थामा बसिरहेको स्थान नै छाड्नुपर्दा झन् कति पीडा भयो होला ?

पीडित र जोखिमयुक्त क्षेत्र तथा बस्ती पहिचान, एकीकृत बस्तीको योजना र स्वरूप, एकीकृत बस्तीलाई दिइने सहुलियत तथा जीविकोपार्जन आदिबारे अध्ययन गरी योजना तयार गर्न नै समय पर्याप्त लागेको देखिन्छ। योजना तयार भइसकेपछि पनि सरकारीतवरबाट हुने गरेका ढिलासुस्तीको कथा बेग्लै छ।

जोखिम बस्ती स्थानान्तरण गरिरहेको अवस्थामा अझै केही कुरामा ध्यान दिनुपर्ने देखिन्छ। पुनर्निर्माण र भूकम्पीय सुरुक्षाको

**भूगर्भविद्ले जोखिमयुक्त भनेर पहिचान गरेका कतिपय स्थानमा समेत घर बनिसकेका छन्। यसलाई कसरी मिलाउने भन्नेबारे कुनै छलफल भएको छैन।**

नाममा अर्बौं रुपियाँ खर्च भइरहेको छ। तर भूकम्पीय जोखिम कम गर्न र जमिन वर्गीकरण गरी जोखिम नक्सा तयार गर्ने काम प्रत्येक जिल्ला र गाउँपालिकाको जिम्मेवारीभित्र पर्छ। भूगर्भविद्ले जोखिमयुक्त भनेर पहिचान गरेका कतिपय स्थानमा समेत घर बनिसकेका छन्। यसलाई कसरी मिलाउने भन्नेबारे कुनै छलफल भएको छैन। जस्तो- रामेछापस्थित खिम्तीका ५३ परिवार बसेका ठाउँलाई जोखिमयुक्त भनिएको छ तर त्यही ठाउँमा सबैले घर बनाइसकेका छन्।

सरकारी पारा पनि गजबको देखिएको छ। जोखिम भनिएको स्थानमा घर बनाउन सम्झौता गरिएको छ। तर घर बनाइसकेपछि भने किस्ता रोकिएको छ। जस्तो- रामेछापस्थित दुरागाउँका ७ घर परिवारको अवस्था यस्तै समस्याबाट गुज्रिरहेको छ।

ऐन, कानुन, कार्यविधि पर्याप्त मात्रामा भए तापनि कार्यान्वयनमा भने समस्या देखिएको छ, त्यो पनि जिल्ला र स्थानीय तहमा। जोखिम बस्तीका घर परिवारलाई स्थानान्तरण गर्न त सुरु गरिएको छ तर लाभग्राहीमा नाम भएका अनि घर बनाउने जग्गा नभएकाको हकमा कामै सुरु भएको छैन। भूमिहीन, सुकुमवासी, मोही, बिर्ता, गुठी, ऐलानीलगायतका भूस्वामित्वसँग जोडिएकाहरूको त समस्या बयान गरिसाध्य नै छैन।

जोखिम बस्तीमा भएका घर परिवारमध्ये कतिपय स्थानको त अझै पनि नाम सूचीकृत हुन सकेको छैन। स्थानै सूचीकृत नभएपछि पीडितको नाम उल्लेख हुने कुरै भएन। अर्थात अझै पनि उनीहरूको नाम छुटेको छ। तर पनि यस्तो अवस्थालाई सम्बोधन गर्न जिम्मेवार निकाय जति तातुनुपर्ने हो त्यति तातेको देखिन्न। ✿

# के हो सिकाइ प्रक्रिया ?

सिक्ने भनेको मानिसले आफ्नो जीवनमा ल्याउने परिवर्तन हो । यो परिवर्तन जानकारीको स्तरमा, सोचाइको स्तरमा, अनुभवको स्तरमा वा काम गर्ने स्तरमा हुन सक्छ । मानिसले कुनै कुरा सिके भनेको मतलव उनीहरूको जीवनमा एकखालको परिवर्तन आउनु नै हो । यो परिवर्तन ठूलो वा सानो हुन सक्छ। सबै मानिसले सधैँ केही न केही सिकिरहेका हुन्छन् । यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । त्यसको मतलब हुन्छ- मानिसले आफ्नो जीवनमा कुनै न कुनैरूपमा निरन्तर परिवर्तन ल्याइरहेका हुन्छन् । त्यस्तै कुनै पनि मानिसले अब यति सिकेपछि म अरू सिक्दिन भन्ने कुरा पनि गर्न सम्भव छैन । झट्ट हेर्दा वा सुन्दा यो कुरा एकदम प्रष्ट तथा सबैलाई थाहा भएकै जस्तो पनि लाग्छ ।

यो बुझाइको आफ्नै महत्व छ । अहिले सिक्ने भन्ने कुरा गर्नेबित्तिकै हामी धेरैजसोको मनमा विद्यालय, शिक्षक, किताव, कापी आदि कुरा नै आउँछन् । हामीले आफ्नो जीवनको महत्वपूर्ण समय यसरी सिक्ने कामका लागि नै खर्चेका पनि छौँ । आफैँ नै विद्यालय नगएका भए पनि हामीले हाम्रा वरपरका आफन्त, छिमेकका मानिस, सानासाना केटाकेटीले आफ्नो समय विद्यालयमा नै गएर बिताएका पनि देखेका छौँ । त्यसै गरेर हामीले विद्यालय नै एउटा सिक्ने ठाउँ हो भनेर गरिने प्रचार पनि सुनेका छौँ । सिक्ने कुरा गर्नेबित्तिकै हाम्रो मनमा विद्यालय तथा यससँग जोडिएर आउने अरू विभिन्न चिज आउनु स्वाभाविक पनि छ ।

हाम्रा आफ्नै हजुरबा वा हजुरआमाको पालामा हाम्रो गाउँमा कुनै विद्यालय वा अरू पढाइका ठाउँ नै थिएनन् । हामी २०-४० भयौँ । हाम्रो पालामा मात्रै मानिसले विद्यालय गएर सिक्ने वा पढ्ने गर्न थालेका हुन् । हामी सबैले यसबारे आ-आफ्नो अनुभव बताउन सक्छौँ । हाम्रा हजुरबा वा हजुरआमा विद्यालय नगएर पनि आफ्नो जीवनमा निकै कुरा सिक्नुभयो । त्यसैले सिक्नका लागि विद्यालयमात्रै एउटा ठाउँ होइन भन्ने कुरा हामीले बुझ्नुपर्छ । जन्मेदेखि नै सबैजसोले लेख-पढ गर्ने अवसर पाएका देशमा पनि जिन्दगीमा सिकेका कुराको ५ भागको १ भाग जतिमात्र औपचारिक माध्यमबाट आएको देखिन्छ ।

हामीले यसरी सिक्ने भनेर सोच्ने गरेका विधि अरू सिक्ने धेरै तरिका, ठाउँमध्येको एउटा सानो भाग हो । मानिसले निरन्तर सिक्छन् भन्ने कुराको साथसाथै यो सिक्ने पनि धेरै तरिकाको हुन्छ भन्ने कुरा पनि हामीले बुझ्नुपर्छ । मानिसले आफ्ना विभिन्न अनुभवका आधारमा, आफ्नो पढाइको आधारमा, अरू मानिससँग सम्बन्धका आधारमा, विद्यालयमा, तालिममा वा अरू विभिन्न अवसर, ठाउँ आदिमा पनि सिक्ने गर्छन् ।

हामीले अहिलेसम्म सिकेका कुरालाई एक ठाउँमा राख्ने कोसिस गरौँ । यसका लागि हामीले हामीलाई लाग्ने साधारणभन्दा साधारण कुराबाट सुरु गर्न सक्छौँ । जस्तै- हामीले बोल्न कसरी सिक्यौँ होला ? हिँडडुल गर्न कसरी सिक्यौँ होला ? खान कसरी सिक्यौँ होला ? कुन बोट बिरुवा के हो भन्ने कुरा कसरी सिक्यौँ होला ? हामीले लेख्न वा पढ्न कसरी सिक्यौँ होला ? आफ्ना अनुभवका आधारमा यस्ता धेरै प्रश्न विश्लेषण गर्न थाल्यौँ भने हामीले आफ्नो जीवनमा सिकाइ भनेको के रहेछ भन्ने कुरा थाहा पाउन सक्छौँ । यी कुरा सिक्न हामी न विद्यालय गयौँ न हामीले जाँच नै दिनुपऱ्यो ।

## सिकाइका सामान्य आधार

### (क) सिकाइको सामाजिक परिवेश

मानिस जन्मेदेखि नै अरू मानिससँग र आफूवरिपरिका पशुपन्छी, वनस्पति, अरू जीव र वरपरका अरू विधि चिजविजसँग निरन्तर सम्बन्ध स्थापना गर्छन् । मानिसका प्रत्येक क्षण अरूसँगका अन्तरक्रियामा बित्छ । मानिस चिजबिज प्रयोग गर्छन् । मानिसले चिजविजबारे सोच्छन् वा कल्पना गर्छन् । त्यसैगरी मानिसले ती सबबारे सम्झना बनाउँछन् । मानिसले त्यही चिजबिजबारे आफूभन्दा अघिका पुस्ताले सिकेका कुरा पनि जान्दछन् । चिजविजबारेमात्रै होइन, अरू सबै थोकबारे मानिसबीच यो प्रक्रिया निरन्तर चलिरहन्छ । यो प्रक्रियामा परिवारभित्र, विभिन्न सामाजिक प्रक्रियाभित्र समाजमा आ-आफ्ना ठाउँ तथा हैसियत पनि निर्माण हुन्छन् । यस प्रक्रियामा मानिसका आफ्नो वरिपरिका ठाउँसँगको सम्बन्ध निर्माण हुन्छ । यी सबै जटिल परिवेशभित्र मानिसले सिक्छन् ।

सबै मानिसको सिक्ने आ-आफ्नै सन्दर्भ हुन्छन् जसलाई हामी अहिले 'सिकाइ परिवेश' भनौँ । सिकाइ परिवेश भनेको ठाउँ, एक अर्कोबीचको सम्बन्ध, दैनिक क्रियाकलाप, कुराकानी आदि हो । मानिसका आ-आफ्ना अनुभव यही परिवेशमा बनेका हुन्छन् । ठाउँठाउँका भिन्नताको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक आदि कारण हुन्छन् ।

### (ख) भौगोलिक र प्राकृतिक भिन्नता

नेपालका फरकफरक ठाउँहरूमा फरकफरक मानिस बसोबास गर्छन् । ती ठाउँमा थुप्रै चिज फरक छन् । जमिन फरक छ । त्यहाँ उम्रने रुख/बिरुवा फरक छन् । त्यहाँको हावापानी पनि फरक छ । मानिसले लगाउने अन्नबाली फरकफरक छन् । एउटै ठाउँमा पनि त्यसअनुसारको मौसम

फरकफरक हुन्छ। कहिले जाडो हुन्छ। कहिले गर्मी हुन्छ। मौसमअनुसार मानिस, जीव, वनस्पति पनि फरकफरक ठाउँबारे यस्तो विश्लेषण गर्न सक्छौँ।

**(ग) सांस्कृतिक र ऐतिहासिक भिन्नता**


भौगोलिक प्राकृतिक भिन्नताहरूका साथै यसैसँग जोडिएर आउने तथा धेरै हदसम्म यसैबाट निर्धारण हुने सांस्कृतिक भिन्नता पनि हुन्छन्। मानिसको भौगोलिक प्राकृतिक परिवेशभित्रै सामाजिक, सांस्कृतिक, ऐतिहासिक परिवेश पनि निर्माण हुन्छ। मानिस आपसमा मिलेर बस्नका लागि विभिन्न परिपाटी निर्माण गर्छन्। मानिसको घर हुन्छ। परिवार हुन्छ। मानिस-मानिसबीचका आपसी सम्बन्ध निर्माण हुन जान्छन्। परिवार, व्यक्तिबीचको आपसी सम्बन्धका आधारमा समाज/समुदाय निर्माण हुन्छ। यस्तो प्रक्रियामा मानिसको आफ्नो, आफ्नो समुदायको इतिहास निर्माण हुन जान्छ। ठाउँअनुसार मानिसको इतिहास फरकफरक हुन जान्छ। मानिसको आपसी सम्बन्धका आधारमा निर्माण हुने संस्कृति पनि फरकफरक हुँदै जान्छ। मानिस-मानिसबीच उमेर, लिङ्ग र यस्तै अरू धेरै आधारमा आपसी सम्बन्ध स्थापना हुन जान्छ र मानिसबीचकै आपसी प्रक्रियामा यी सम्बन्ध पनि परिर्वतन हुँदै जाने गर्छन्। यो मानिसको सामाजिक सिकाइको सांस्कृतिक सन्दर्भ हो।

यिनै सामाजिक तथा प्राकृतिक परिवेशभित्र नै मानिस विभिन्न कुरा सिक्छन्। मानिसका यी परिवेश बदलिइरहन्छन्। मानिस मर्छन्, जन्मन्छन्। त्यस्तै वरिपरिको ठाउँमा पनि परिवर्तन हुँदै गर्छन्। मानिसले आफ्ना श्रम, सिपले पनि ठाउँहरूको परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छन्। नेपालमा पहाडमा निर्माण भएका खेतका गह्राहरू मानिसको कैयौँ वर्षको मेहनतका उपज हुन्। आफ्नो र समाजको निर्माण, पुनर्निर्माण वा नवनिर्माणका लागि मानिसले निरन्तररूपमा आफ्नो वरिपरि पाइने स्रोत, चिजबिज तथा पुर्खादेखि आर्जेका सिप, ज्ञान आदिको निरन्तर प्रयोग गरिरहन्छन्। समाजका मानिसले स्रोत, चिजबिज तथा ज्ञान र सिपहरू वितरणको निश्चित चाँजोपाँजो मिलाइरहेका हुन्छन्। ▶

▶ त्यसका लागि सामाजिक रीतिथिति निर्माण हुने गर्छन्। ती स्रोत प्रयोगसम्बन्धी ज्ञान निर्माण हुँदै जान्छन्। आफ्नो खोजीमा नयाँ चीज फेला पार्दै जान्छन् वा भएका चिजको नयाँ प्रयोग निर्माण हुँदै जान्छन्। मानिस एक ठाउँबाट अर्को ठाउँमा जान्छन्। आफ्ना ठाउँबाहिरका मानिससँग सम्बन्ध स्थापना हुन्छ। त्यस्तै चिजबिज पनि विभिन्न माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा ओहोरदोहोर गर्छन्। मानिसले प्रयोग गर्ने चिजको उत्पादन अन्त कतै हुन्छ र विविध वितरण तन्त्रका माध्यमबाट आफ्नो ठाउँमा आइपुग्छ। यी सबै नै हाम्रा जीवनका सिकाइका सन्दर्भ हुन्। हामीले यही परिवेशमा नै सिक्ने काम गर्छौं। मानिसको सिकाइको उहिलेदेखि अहिलेसम्मको एउटा डोरो हुन्छ।

('आलोचनात्मक अनौपचारिक शिक्षा : किन र कसरी ?' पुस्तकबाट साभार)

# प्रेरणाका स्रोत : पाउलो फ्रेरे



**पाउलो फ्रेरे सन् १९२१ मा** उत्तर-पूर्व ब्राजिलको रेसिफमा जन्मेका थिए। उनलाई जनमुखी एवं मुक्तिदायी शिक्षाका प्रवर्तक, चिन्तक तथा लेखकका रूपमा चिनिन्छ। उनले पेडागोजी अफ द अप्रेस्ड (उत्पीडितको शिक्षा), पेडागोजी अफ होप (आशा जगाउने शिक्षा) लगायत पुस्तक लेखेका छन्। उनको मृत्यु २ मे, सन् १९९७ मा भएको थियो।

पाउलो फ्रेरे सानै उमेरदेखि शिक्षा तथा शैक्षिक अभ्यासप्रति आकर्षित भए। युवा छँदा नै उनले पोर्चुगाली भाषाको हाइस्कुलमा शिक्षक भएर काम गरे। त्यतिबेला उनी हुनेखाने परिवारका युवालाई पढाउँथे। भाषा, भाषाको दर्शन, भाषाको विकासक्रमबारे सँगसँगै अध्ययन गर्नाले उनलाई सञ्चारको सामान्य सिद्धान्त जान्न मद्दत गऱ्यो।

शिक्षण प्रक्रियासम्बन्धी विचारहरूको विकास गरिरहँदा फ्रेरेले उनको जन्मथलो उत्तर-पूर्व ब्राजिलमा रहेको चुनौतीपूर्ण सामाजिक यथार्थहरूको सामना गर्नुपऱ्यो। उनले सानैदेखि समाजबारे अनौपचारिकरूपमा मसिनो अध्ययन गरे। सन् १९४० ताका ब्राजिलमा अशिक्षित मानिसले आफ्नो मताधिकार प्रयोग गर्न

*पृष्ठ १८ मा...*

...पृष्ठ १७ बाट

पाउँदैनथे । त्यो विभेदकारी नीतिले फ्रेरेलाई भित्रदेखि नै छोएको थियो । निरक्षर हुँदैमा आफूलाई मन परेको नेता चुन्न नसक्ने वा नपाउने हुन्छ त ? यो प्रश्नले बारम्बार उनलाई घच्घच्याइरह्यो । यसबीचमा आफू पढ्ने विश्वविद्यालयकी शिक्षिका एल्जासँग उनको विवाह भयो । आफ्नी श्रीमती एल्जा र चर्चसँग सम्बन्धित उनकी आमाको सहयोग अनि हौसलाका साथ फ्रेरे सन् १९५० को दशकबाट निरक्षर मानिसलाई साक्षर बनाउने काममा जुटे । यद्यपि त्यतिबेलाको उनको साक्षर बनाउने प्रयासले उत्पीडितहरूको आर्थिक, सामाजिक, राजनीतिक आदि कुनै पनि अवस्थामा परिवर्तन ल्याउन भने सकेन ।

सन् १९५९ मा उनले आफ्नो शोधपत्र विश्वविद्यालयमा पेश गरे । त्यसपछि उनी सन् १९६२ मा सांस्कृतिककर्मीहरू तथा कलाकर्मीहरूको एक समूह लिएर गाउँ र बस्ती पस्न थाले । उनीहरू गाउँमा गएर गाउँलेको नक्शा उतार्थे भने त्यस नक्शालाई फ्रेरेले गाउँलेसँग बसेर छलफल चलाउँथे । १९६३ मा उनले ब्राजिल शिक्षा योजनाको संयोजक बनेर काम गरे । उनले त्यसबेला २०,००० सांस्कृतिक केन्द्र स्थापना गर्ने लक्ष्य राखेका थिए । यस्ता केन्द्रले समुदायलाई आफ्नो जीवन, जीविका र सिङ्गो समाजबारे विश्लेषण गर्न प्रेरित गर्थे । साथै यस्तो सामूहिक मन्थनको प्रक्रियाबाट जनसमुदायको समग्र सचेतीकरण तथा शैक्षिक क्षमता उठाउने लक्ष्य राखिएको थियो । त्यसका लागि उनले ८ महिने तालिम पनि सञ्चालन गरे ।

त्यसको छोटो अवधिभित्र नै ब्राजिलमा सैनिक विद्रोह भयो र सञ्चालन भएका केन्द्र पनि असफल भए । तर पनि उनले आफ्नो अभियानलाई आफ्नै हिसाबबाट निरन्तरता दिइरहे । त्यस क्रममा सरकार अपदस्थ हुन पुग्यो र त्यहाँको सैनिक शासकहरूले उनलाई कारागारमा हाले । ७० दिनपछि उनलाई छाडियो । छुटेपछि उनी ब्राजिलबाट निर्वासित भएर प्रवासीका रूपमा चिलीमा बस्न थाले । त्यहाँ उनले कृषि अनुसन्धान तथा सुधार र प्रौढ शिक्षाको सल्लाहकार भएर काम गरे । उनले त्यहाँ करिब ९० प्रतिशत जनतालाई साक्षर बनाउने योजना अघि सारे । यता ब्राजिलमा इ. सं. १९८२ मा प्रजातन्त्र स्थापना भयो । त्यसपछि पुनः स्वदेश फर्केर श्रमजीवी दलसँग नजिक रहेर त्यसको सचिव भई आफ्नो पार्टीलाई स्थानीय सरकारमा पुऱ्याउने काम गरे । त्यस क्रममा पनि अशिक्षितहरूलाई शिक्षित पार्ने उनको अभियान निरन्तर रह्यो ।

## फ्रेरेको शिक्षासम्बन्धी अवधारणा : केही महत्वपूर्ण पक्ष

### (क) समग्र सचेतीकरण

फ्रेरेको शिक्षासम्बन्धी अवधारणाको मुटुको रूपमा मानवताको अवधारणा छ । उनको विचारमा सामाजिक जीवनको लक्ष्य भनेको नै संसारलाई मानवीयकरण गर्नु हो । मानवीयकरण भनेको त्यस्तो प्रक्रिया हो जसबाट प्रत्येक व्यक्तिले उभित्र क्रियाशील शक्ति पहिचान गर्छ, त्यो शक्तिको पुनरावलोकन गर्छ र संसार रूपान्तरणका लागि योग्य बन्छ । मानव हुनु भनेको एउटा यस्तो कर्ता बन्नु हो जसले आफ्ना रुचि निर्धारण गर्छ र आफ्नो भविष्य निर्देश गर्न लागिपर्छ । स्वतन्त्र हुनु वा कर्ता हुनु भनेको आफू को हो र कसरी आफू वरपरको सामाजिक संसारबाट बनेको छु भन्ने कुरा थाहा पाउनु हो । सामाजिक संसार र वातावरणले एउटा व्यक्तिको सचेतनता र दार्शनिकताको प्रकृति निर्धारण गर्छ । सामाजिक संरचना र वातावरणको ज्ञान नभइकन मानवीयकरण सम्भव छैन । मानवीय संसारको विपरीत फ्रेरेकै शब्दमा अमानवीय संसार हाल अस्तित्वमा छ । त्यो संसार जहाँ स्वसचेतनता हुँदैन र हाम्रो अस्तित्व निर्धारण गर्ने ऐतिहासिक शक्तिहरूबारे जानकारी नै हुँदैन । उनको विचारमा यो जानकारीबिना मानिस इतिहासका पात्र बन्न सक्दैनन्, उनीहरू खाली इतिहासद्वारा प्रयोगमात्र हुन्छन् ।

### मौनताको संस्कृति

अमानवीय संसारले जन्माएको शोषणको उपज मौनताको संस्कृति हो । फ्रेरेको विचारमा यो संस्कृति कि सामान्य अज्ञानताको उपज हुनुपर्छ कि त शिक्षाकै कारणबाट उत्पादित हुनुपर्छ । अमानवीय सामाजिक संरचनाले कसैलाई उत्पीडक बनाइदिएको छ भने कसैलाई उत्पीडित बनाइदिएको छ । उत्पीडकहरूको संस्कार कस्तो छ भने उनीहरू आफूलाई सबैको मालिक, सबैभन्दा श्रेष्ठ, सबै कुरा जान्ने, अरू सबैले आफूले भनेको मान्नुपर्ने र बाँकी मान्छे भनेका आफूभन्दा निच, असभ्य, अबुझ र विचरा हुन् भन्ने ठान्छन् । त्यसैले उत्पीडक संस्कारमा हुनेहरू आफ्नो काम बोल्ने, अरूलाइ उपदेश दिने, शिक्षा दिने तथा सर्वसाधारणको काम चूपचाप लागेर सुन्ने र अरूले आदेश दिएअनुसार काम गर्ने हो भन्ने ठान्छन् । उत्पीडकहरूको संस्कृति शक्तिशाली भएकाले उत्पीडित मान्छेहरूसमेत आफूलाई अबुझ, लाटालाटी, नजान्ने र अन्धो ठान्छन् । उनीहरू आफूलाई अज्ञानी ठान्छन् र ठूलाबडाको आदेश मानेर चल्नु आफ्नो धर्म ठान्छन् । यो नै मौनताको संस्कृति हो । शिक्षाले मान्छेलाई मौनताको संस्कृतिबाट मुक्त हुन सघाउनुपर्छ- उत्पीडक र उत्पीडित दुवै मुक्त हुन सक्छन् ।

फ्रेरेको विचारमा प्रत्येक क्रियाकलापलाई सिर्जनात्मक काम भन्न मिल्दैन । त्यो क्रिया जुन आफ्नै प्रयास र चेतनाका आधारमा, उसको कार्य तथा विधि प्रक्रिया निर्माण गर्न सक्ने सम्भावनाका आधारमा, ती विधि प्रक्रियालाई ऊ र उसको कामको वस्तुबीच मध्यस्थ गर्ने सिपका आधारमा, उद्देश्यका आधारमा र परिणामबारे पूर्वसचेतनताका आधारमा गरिएको हुन्छ, त्यो नै वास्तविक काम हो ।

### (ख) शिक्षक-विद्यार्थी सम्बन्ध

फ्रेरेले बारम्बार विद्यार्थीबाट पनि सिक्न सकिन्छ र सिक्नुपर्छ भन्ने कुरालाई जोड दिएका छन् । विद्यार्थीबाट सिक्ने मानसिकता तयार गर्न एकोहोरो, रोषपूर्ण र ठालु प्रवृत्तिको परम्परागत शिक्षण प्रक्रियाभन्दा अलग हुन सक्नुपर्छ जुन शिक्षण प्रक्रियाले शिक्षकलाई सबै कुरा थाहा हुने र विद्यार्थीलाई केही थाहा नहुनेरूपमा लिएको छ । यसो भनेर उनी शिक्षक र विद्यार्थीबीच केही फरक नै छैन भन्न चाहिरहेका छैनन् । उनको विचारमा शिक्षक र विद्यार्थीबीच फरक अवश्य छ तर त्यसलाई उनी सामान्य फरक वा पुस्ताको फरक मान्छन् । सूचना र ज्ञानको किसिम वा

तह पनि फरक हुन सक्छ । तर दुवैमा सिक्ने क्षमता छ ।

### (ग) सिर्जनशील अभ्यास

फ्रेरेले हरेक काम गरेपछि त्यसको समीक्षा तथा संश्लेषण गर्नुपर्ने अनि त्यसपछि मात्र फेरि त्यो कामलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिएका छन् । उनको विचारमा उत्पीडितहरू उत्पीडित रहिरहनुको कारण समीक्षा तथा संश्लेषण गर्ने मौका नपाएर हो । काम-समीक्षा, संश्लेषण-काम (एक्सन-रिफ्लेक्सन-एक्सन) लाई फ्रेरेले सिर्जनशील अभ्यास भनेका छन् । सामाजिक परिचालनको स्रोत भनेको नै समीक्षा र संश्लेषण हो । समीक्षा र संश्लेषण राम्ररी भएको छ भने त्यसपछि हुने प्रयास सचेत प्रयास हुन्छ ।

## शिक्षामा काम गर्ने कार्यकर्तालाई पाउलो फ्रेरेको पत्र

### प्रौढ शिक्षाको राजनीतिक पक्ष

लेख्न/पढ्न नसक्नेलाई पढ्न/लेख्न सिकाउने काम जुन उपनिवेश कालमा बिलकुलै वञ्चित थियो, जनसाधारणलाई साक्षर बनाउने भन्ने निर्णय गर्नु नै एक राजनीतिक कार्य हो । साक्षर बनाउनु भनेको फगत अक्षर पढ्नु, लेख्नु, हिसाब गर्न जान्नुसँग मात्र सम्बन्ध छ भन्ने कुरा गलत हो । वास्तवमा कुनै पनि शिक्षा तटस्थ रहनै सक्दैन । प्रत्येक शिक्षा कार्यक्रममा राजनीतिक तत्व रहेकै हुन्छ ।

राजनीतिक शिक्षकको महत्वपूर्ण काम भनेको सहभागीलाई आफ्नो जीवनको वास्तविकता देखाउनु अथवा अवगत गराउनु हो । यसका लागि दुनियाँको हरेक परिस्थितिलाई सूक्ष्मरूपमा सोच्ने, अध्ययन गर्ने क्षमता वृद्धि गरी उनीहरू आफैँद्वारा समाजमा के/कस्तो परिवर्तन भइरहेको छ पूर्णरूपमा तथा सहीरूपमा अवगत गराउनु हो । यस कार्यबाट मानिसमा यो पैदा हुनुपर्छ कि सहजकर्ताको साथ वास्तविकता हेरोस्, बुझोस्, जाँचोस् र परिवर्तनका लागि एक सच्चा क्रान्तिकारी (संवाहक) बनोस् अनि परिवर्तनका लागि बाटोमा आउने हरेक बाधासँग डटेर मुकाबिला गरोस् ।

### ज्ञान वृद्धि पक्ष

उपनिवेश कालमा शिक्षकको काम विद्यार्थीको दिमागमा सिर्फ ज्ञान भर्नेमात्र हुने गर्थ्यो । यस्तो ज्ञानका लागि वास्तविकता लुकाएरमात्र अक्षर रटाइन्थ्यो । र, विद्यार्थीले त्यही रट्थे । हामी प्रौढ कक्षालाई प्रौढशाला नभनी सांस्कृतिक मण्डल भन्छौँ र सहभागीलाई अनपढ नभनी स्वयं शिक्षा ग्रहण गर्नेवाला प्रौढ भन्ने गर्छौँ । साक्षरता पाठलाई चर्चा (छलफल) सत्र भन्ने गर्छौँ । यसबाट नै प्रौढहरू आफ्नो वास्तविकताबारे सङ्क्षिप्त तथा सूत्रात्मक शब्दबाट छलफल तथा छानबिन उनीहरूबाट नै गर्ने गर्छन् । सांस्कृतिक मण्डलमा शिक्षक र विद्यार्थीबीच एकतर्फी ज्ञान दानमात्र रहन सक्दैन । त्यहाँ शिक्षकको भूमिका परस्पर सम्वादबाट अर्थात शिक्षकले विद्यार्थीबाट पनि धेरै कुरा सिक्छन् । यस्तो किनकि सिक्ने/सिकाउने प्रक्रिया एकतर्फीमात्र हुँदैन ।

**जनतालाई सङ्गठन गरेर उनीहरूको वास्तविकता समीक्षा गरेर उनीहरूको अवस्था र यस्तै अन्य समस्या जान्न, बुझ्न तथा समस्याको समाधान खोज्न उनीहरूलाई नै प्रेरित गर्नतर्फ प्राथमिकता दिनुपर्छ ।**

### राष्ट्र निर्माणको सन्दर्भमा शिक्षा

प्रौढ शिक्षा कार्यक्रम शासक वर्गले श्रमिक वर्गलाई चूप लगाएर्झैं हैन, यो यस्तो अभ्यास हो जसमा सांस्कृतिक मण्डलको नेता तथा प्रौढ शिक्षार्थी मिलेर आफ्नो वास्तविकताको अध्ययन गर्न सकून्, लेख्न सकून् । आफ्नो दुनियाँको सूक्ष्म कुराहरू पनि समीक्षा गर्न सकून् । द्रुतगतिमा बदलिइरहेको वास्तविकतामा आफ्नो स्थान बनाउन सकून् ।

हाम्रो वरिपरिको वातावरण र परिस्थिति अटल छैन । जस्तो छ उस्तैलाई स्वीकारी त्यसअनुरूप आफू ढालिनु हाम्रो नियति हैन । यो कुरा बुझ्न जरुरी छ कि समाज गतिशील छ । दुनियाको बारेमा तीक्ष्ण दृष्टि राखी समीक्षा गर्नु भनेको वर्तमानको वास्तविकता र त्यसपछाडिको कारण जान्नुपर्छ ।

यस्तो कार्यले सामाजिक, आर्थिक तथा राजनीतिक दुनियाँ बदल्न सक्छ । यस दुनियाँ समाज निर्माणको आधार हो र समाज सङ्गठनको मूल आधार हो । यसलाई जान्नका लागि उत्पादन पद्धति, उत्पादन शक्ति, नियोजन तरिका र यसको उपयोगबारे जान्न जरुरी छ । सांस्कृतिक मण्डल यस्तो स्थान हो जहाँ व्यक्तिहरू आफ्नो समस्याबारे छलफल गर्छन्, सङ्गठित हुन्छन् र सामूहिक हितको विशेष गतिविधि तय गर्छन् ।

जनतालाई सङ्गठन गरेर उनीहरूको वास्तविकता समीक्षा गरेर उनीहरूको अवस्था र यस्तै अन्य समस्या जान्न, बुझ्न तथा समस्याको समाधान खोज्न उनीहरूलाई नै प्रेरित गर्नतर्फ प्राथमिकता दिनुपर्छ । अर्को शब्दमा कहिलेकाहीँ कृषि उत्पादनको सहकारी समिति वा मलेरिया उन्मूलन जस्तो कार्यमा जनतालाई सङ्गठित पनि गराउनुपर्ने हुन्छ । प्रायः साक्षरताको आवश्यकता अनुभव गाउँको जनतालाई यस्तो विकाससम्बन्धी कार्यमा लगाउन वाञ्छनीय हुन सक्छ । सारांश यो हो कि प्रौढ सहायक कार्यकर्ता त्यस अवस्थामा सफल हुन्छ जब त्यसलाई समाजको पुनर्निर्माण प्रक्रियाको एक अङ्गका रूपमा लिइन्छ र त्यसमा पूर्ण योगदान दिइन्छ ।

## सङ्घीय सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम, वार्षिक बजेट र मार्गचित्रमा भूमि नीति तथा कार्यक्रममा समेटिएका पक्ष

भूमिको उत्पादकत्व वृद्धि गर्न भूउपयोग नीति र कानुन परिमार्जन गरी कार्यान्वयन गरिनेछ। प्रकृति, स्वरूप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गरिनेछ। कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोकिनेछ। करार, सामूहिक र सहकारी खेतीलाई प्रोत्साहित गरिनेछ।

### बजेट वक्तव्य

जमिनको वैज्ञानिक वर्गीकरण र व्यवस्थित उपयोग गर्न भूउपयोगसम्बन्धी कानुनको विधेयक संसद्को यसै अधिवेशनमा पेश गरिनेछ। सिँचित तथा अन्य कृषि भूमिलाई घर घडेरीमा परिवर्तन गर्न नपाइने व्यवस्था मिलाइनेछ। सार्वजनिक तथा गुठी जग्गाको संरक्षण गरिनेछ।

आगामी दुई वर्षभित्रमा सम्पूर्ण कृषि जमिनको अभिलेख र जग्गा धनीपूर्जा विद्युतीय बनाउन आवश्यक बजेट विनियोजन भएको छ। इजाजत प्राप्त कम्पनीमार्फत मात्र घर जग्गा खरिद बिक्री गर्न पाउने कानुनी व्यवस्था गरिनेछ। आधुनिक प्रविधिको उपयोगबाट नापी कार्य अघि बढाइनेछ। सीमा क्षेत्रको नक्शाङ्कन तथा नापी कार्य व्यवस्थित गरिनेछ।

आगामी आर्थिक वर्षभित्रमा मुक्त कमैया र हलिया पुनर्स्थापनाको कार्य पूर्णरूपमा सम्पन्न गर्न ३ अर्ब ८९ करोड २ लाख रुपियाँ विनियोजन भएको छ।

नागरिकको मौलिक हकमा रहेको सुरक्षित आवास सुनिश्चित गर्न जनता आवासका अतिरिक्त नयाँ कार्यक्रम सुरु गरिनेछ। यस क्रममा आगामी आर्थिक वर्ष गरिबीको रेखामुनि रहेका घर परिवारले सुरक्षित आवास निर्माण आफैँ गर्न चाहेमा प्रतिपरिवार जस्तापाता, सहुलियत दरको काठलगायत सामग्री खरिदका लागि ५० हजार रुपियाँ अनुदान दिने व्यवस्था छ। भूमिहीन तथा प्रकोपका कारण घरवारबिहीन भएका परिवारलाई समेत यस कार्यक्रममा समावेश गर्न सुरक्षित एवम् व्यवस्थित बसोबासको विकास गरिनेछ।

सङ्घीय सरकार, स्थानीय तह र सम्बन्धित परिवारको सहभागितामा पराल वा घरको छानो भएका घर परिवारलाई जस्तापाताको छानोमुनि ल्याउने गरी सुरक्षित आवास कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश र स्थानीय तहको सहकार्यमा एकपटकका लागि सुकुमवासीको आवास समस्याको समाधान खोजिनेछ।

भौगोलिकरूपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवारलाई स्थानीय तहको सहयोग र सहकार्यमा नजिकको एकीकृत बस्तीमा स्थानान्तरण हुन प्रोत्साहित गरिनेछ।

### मार्गचित्र

खेतीयोग्य ऊर्वर जमिन गैरकृषि क्षेत्रमा प्रयोग भइरहेको वर्तमान सन्दर्भमा जग्गालाई कृषि, बसोबास, औद्योगिकलगायतका क्षेत्रमा वर्गीकृत गरी कृषियोग्य जमिनलाई व्यावसायिक, प्लटिङ र बाँझो राख्न नपाउने व्यवस्था गर्न आगामी ६ महिनाभित्र भूमि नीति र भू-उपयोग ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। कानुन तर्जुमा र कार्यान्वयनका लागि उच्चस्तरीय विज्ञ समूह गठन गरी आवश्यक सुझाव र सहयोग लिइनेछ।

जग्गाधनी र मोहीबीच भूमिमा रहेको दोहोरो स्वामित्वसम्बन्धी समस्या हल गर्न मन्त्रालयमा मोहियानी समस्या समाधान एकाइ स्थापना गरी आगामी १ वर्षभित्र 'मोही प्रथा' पूर्णतः अन्त्य गरिनेछ। साथै जनयुद्धको समयमा तत्कालीन नेकपा माओवादी पक्षबाट किनबेच गराइएका जग्गाहरूको एकीकृत तथ्याङ्क सङ्कलन गरी स्थायी समाधानका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

नेपालसँग सीमा जोडिएका छिमेकी मुलुकसँगको डिजिटल सीमा नापी अद्यावधिक गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। अन्तरदेशीय भूमिको वैज्ञानिक नापी गर्न स्याटेलाइट, हवाई तथा स्थलगत विधिबाट भूमिको नापी कार्य परियोजना अगाडि बढाइनेछ।

आफैँ खेती गर्न नचाहने जग्गाधनीले खेतीयोग्य जग्गा लिजमा दिन सक्ने र जग्गा नभएका वा कम भएका कृषकका लागि चक्लाबन्दी भूमि करारमा लिई व्यावसायिक कृषि खेती गर्ने प्रणाली विकास गर्न आगामी २ वर्षभित्र किसान भूमि ब्याङ्क स्थापना गर्ने उद्देश्यले प्रदेश तथा स्थानीय तहको समन्वय, सहकार्य र सरोकारवालासँगको समेत परामर्शमा उपयुक्त निर्णय गरिनेछ।

मालपोत र नापी कार्यालयहरूमा सेवाग्राहीले सेवा लिन जाँदा बिचौलियाहरूबाट ठगिने क्रियाकलाप अन्त्य गर्न आगामी ६ महिनाभित्र जनताको प्रत्यक्ष सरोकार रहने विषय नापी कित्ताकाँट, जग्गा दर्ता, खरिद बिक्री, नामसारी, अंशबन्डाजस्ता कार्यको फारम र प्रक्रिया सरलीकरण गरी कार्यालयहरूमा सिधै सेवाग्राहीले निवेदन दिन सक्ने प्रणाली विकास गरिनेछ। साथै जग्गा प्रशासनसम्बन्धी राजस्वलाई विद्युतीय भुक्तानी (इ-पेमेन्ट) प्रणालीबाट कारोबार हुने व्यवस्था गरिनेछ।

मालपोत तथा नापी कार्यालयमा आधारभूत प्रविधिमैत्री पूर्वाधार निर्माण तथा स्रोत साधनको व्यवस्था गरी सेवाग्राहीमैत्री वातावरण तयार गरिनेछ। साथै सेवाग्राहीको भीड र धेरै कारोवार हुने मालपोत तथा नापी कार्यालयमा डिजिटल टोकन प्रणाली लागु गरिनेछ।

भूमि नापीसम्बन्धी साविकका लिखत, स्रेस्ता, फाँटबारी र अनुसूचीलगायत अन्य कागजात डिजिटलमा अद्यावधिक गरी भूमि र नापी कार्यालयबाट सम्पादन हुँदै आएका काम नाप नक्सा तथा स्रेस्तासहितको भरपर्दो अभिलेखाङ्कन गरी प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिनेछ।

राज्यको वैधानिक प्रणालीमा दर्ता नरहेका, अव्यवस्थितरूपमा बसोबास वा जग्गा उपभोग भइरहेका वा अनौपचारिकरूपमा आवाद, कमोद भइरहेका भू-सम्बन्धलाई व्यवस्थित गर्न र भूमिसम्बन्धी समस्या समाधान गर्न उच्चस्तरीय भूमि आयोग गठन गरिनेछ।

जग्गाको कारोवार रहेको मूल्याङ्कनसम्बन्धी विविधतालाई सुधार गरी वैज्ञानिक, व्यावहारिक र वास्तविक मूल्याङ्कन प्रणाली लागु गर्न आवश्यक व्यवस्था गरिनेछ।

राष्ट्रिय गौरवको विषय र आमनेपालको पहिचान विश्वको सर्वोच्च शिखर सगरमाथाको स्वदेशी पुँजी र जनशक्तिबाट २ वर्षभित्र वैज्ञानिक उचाइ मापन गरी सार्वजनिक गरिनेछ।

भूमिमा महिलाको हालको २५.७ प्रतिशत स्वामित्वलाई ५० प्रतिशतसम्म उल्लेखीयरूपमा वृद्धि गर्न महिलाको एकल नाममा वा पति पत्नी दुवैको संयुक्त नाममा जग्गा रजिस्ट्रेसन गर्दा हुने राजस्व छुटको विद्यमान व्यवस्थालाई पुनरावलोकन गरी ४० प्रतिशतसम्म पुऱ्याउन आवश्यक पहल गरिनेछ। साथै महिलाको नाममा भू(स्वामित्व रहेको परिवारलाई राज्यबाट वितरण हुने सेवामा विशेष सहुलियत प्रदान गर्न आवश्यक पहल गरिनेछ।

मुक्त कमैया र हलियाको समस्यालाई पूर्ण प्राथमिकता दिई आगामी आवभित्र मुक्त कमैया र मुक्त हलियाको पुनःस्थापना गर्ने कार्य सम्पन्न गरिनेछ।

## आर्थिक बजेट २०७५/०७६ मा समावेश गरिएका भूमि र आवाससम्बन्धी व्यवस्था

### प्रदेश १

भूमि : प्रदेशको बाँझो जमिन उपयोग गर्न करार खेतीको माध्यमबाट खेती प्रणाली विकास गर्ने नीति लिइनेछ। गरिबीको चपेटामा पिल्सिएका नागरिकलाई बाँझो जमिन जोतेर कृषि उत्पादनमा संलग्न रहनेतर्फ डोहोऱ्याइनेछ। कृषि उत्पादनमा स्थानीय तहसँग उचित समन्वय र सहकार्य गरी **'उत्पादन गरौँ : प्रदेश समृद्ध बनाऔँ'** भन्ने नीति प्रदेश सरकारले लागु गर्नेछ।

न्यूनतम दश बिघाभन्दा बढी जमिनलाई चक्लाबन्दी गरी खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न विशेष अनुदान व्यवस्था मिलाइएको छ।

प्रदेशभित्रको कृषियोग्य जमिनको माटो परीक्षण गरी माटो सुहाउँदो बाली लगाउन किसानलाई प्रोत्साहन गरिनेछ।

प्राकृतिक प्रकोपका कारण आइपर्ने विपद् व्यवस्थापन गर्न **'विपदमा मेरो साथ : प्रदेश सरकार'** भन्ने नाराका साथ प्रदेशमा **'मुख्य मन्त्री प्राकृतिक प्रकोप सहायता कोष'** स्थापना गरिनेछ। यस कोषबाट प्रदेशभित्र आइपर्ने प्राकृतिक प्रकोप तथा विपतबाट पीडित परिवारलाई राहत उपलब्ध गराइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

आवास : प्रदेशभित्र अव्यवस्थित ढङ्गबाट बसेका सुकुमबासीलाई व्यवस्थित गरिनेछ। यसका लागि आवश्यक जग्गा र नमुना बसोबासको कार्यक्रम सञ्चालन गरिनेछ। पाँच वर्षभित्र प्रदेशको सुकुमबासी समस्या समाधान गरिनेछ।

भौगोलिकरूपमा विकट, छरिएर रहेका बस्ती तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घर परिवारलाई स्थानीय तहको सहकार्यमा एकीकृत बस्तीमा स्थानान्तरण गरिनेछ। यसका लागि बस्ती विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

### प्रदेश २

भूमि : महिला, अति विपन्न, दलित, भूमिहीन जनतालाई मुख्य न्यायाधिवक्ता कार्यालयमार्फत निःशुल्क कानुनी सहायता गर्न तथा कानुनी परामर्शका लागि हरेक गाउँपालिकामा कानुनी सहजकर्ताको व्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

बर्सेनि आउने बाढीबाट गाउँबस्ती तथा खेतीयोग्य जमिनमा हुने क्षति न्यूनीकरण गर्न नदी नियन्त्रण कार्यलाई अभियानका रूपमा अगाडि बढाइनेछ। बाढीबाट अति जोखिम स्थानहरूको बाढी व्यवस्थापन र बस्ती व्यवस्थापन गर्ने कार्यक्रमका लागि ३ करोड रुपियाँ विनियोजन गरिएको छ।

गागन, औक्सी, कमला, वाग्मती, गेरुवा, जगा, पचरौता, जलाद, झिम, दुधौरा, पसाह, बलुवा, बिगही, खाँडोलगायत नदी नियन्त्रण र आपत्कालीन तथा बाढी पुनःस्थापनाका लागि ३६ करोड १८ लाख रुपियाँ विनियोजन गरिएको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्राकृतिक विपद् व्यवस्थापन कोषमा ४ करोड २५ लाख रुपियाँ विनियोजन गरिएको छ। यो रकम कानुनी मापदण्ड बनाइ खर्च गरिनेछ।

आवास : नयाँ नगरोन्मुख सहरी क्षेत्रहरू पहिचान गरी पूर्वाधार विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। छरिएर रहेका बस्तीलाई एकीकृत गर्दै सार्वजनिक सेवालाई गुणस्तरीय ढङ्गले प्रवाह गर्न नमुना एकीकृत विकास कार्यक्रम सञ्चालन गरिनेछ।

प्राकृतिक विपत्तिमा परेर घरवारबिहीन भएका नागरिकलाई राहत वितरण र पुनःर्स्थापना गरिनेछ। यसका लागि मुख्य मन्त्री राहत तथा पुनःर्स्थापना कोषमा १५ करोड रुपियाँ विनियोजन गरिएको छ। आवश्यक कानुनी व्यवस्था गरी यो रकम खर्च गरिनेछ।

### प्रदेश ३

भूमि : प्रदेश स्तरको भू-उपयोग नीति तर्जुमासहित भूमिको अव्यवस्थित प्रयोग नियन्त्रण गर्न आवश्यक प्रणाली स्थापना गरिनेछ।

मालपोत कार्यालयहरूमा रहेका मोठ एवं स्रेस्ताहरू संरक्षणका लागि आवश्यक सुधारात्मक कार्य अगाडि बढाइनेछ। साथै बहुउद्देश्यीय कित्ता नापी तथा नक्सा प्रणाली स्थापनाका लागि बजेट व्यवस्था गरिएको छ।

भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन तथा एकीकृत बस्ती स्थापनाका लागि कार्य प्रारम्भ गरिनेछ।

भूमिको उचित व्यवस्थापन गर्न आगामी आ.व. भित्र भूमि आयोग गठन गरिने र भूमि व्यवस्थापनको कार्यक्रमलाई आगामी तीन वर्षसम्म निरन्तररूपले सञ्चालन गरी भूमिहीन र सुकुमवासी समस्यालाई दिगोरूपमा समाधान

गरिनेछ। यस कार्यका लागि आवश्यक पर्ने स्रोत प्रबन्ध गरिएको छ।

सहरी गरिब तथा भूमिहीन र जोखिमपूर्ण अवस्थामा छरिएर रहेका नागरिकका लागि उपयुक्त स्थानमा एकीकृत बस्ती विकासको साझेदारी आवास कार्यक्रम निरन्तररूपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ। तीन वर्षभित्र प्लास्टिकजन्य झोला (३० माइक्रोनभन्दा कम) मुक्त प्रदेश निर्माण गर्ने नीतिअनुरूप सहकारितामा आधारित गैरप्लास्टिक झोला उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

विक्रम संवत् २०८५ सम्म प्रदेशका मुख्य सहरहरू पेट्रोलियम मुक्त सवारी साधनको परिकल्पनालाई साकार तुल्याउन सार्वजनिक निजी साझेदारीमा विद्युतबाट सञ्चालन हुने मास ट्रान्सपोर्ट प्रणालीलाई अभियानका रूपमा प्रवर्द्धन गर्न अध्ययन/अनुसन्धानको कार्य प्रारम्भ गरिनेछ।

**आवास :** भूकम्प अति प्रभावित जिल्लाहरूमा भइरहेको पुनर्निर्माणको कार्यलाई प्रभावकारीरूपमा अगाडि बढाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ।

सहरी गरिब तथा भूमिहीन र जोखिमपूर्ण अवस्थामा छरिएर रहेका नागरिकका लागि उपयुक्त स्थानमा एकीकृत बस्ती विकासको साझेदारी आवास कार्यक्रम निरन्तररूपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

### प्रदेश : ५

**भूमि :** भू-उपयोग नीति तर्जुमा गरी कृषियोग्य भूमि बाँझो राख्ने अवस्थालाई निरुत्साहित गरिनेछ। कृषि उतपादन तथा उत्पादकत्व वृद्धिका लागि व्यवसायिक खेतीलाई प्रवर्द्धन गर्ने नीति तर्जुमा गरी लागु गरिनेछ।

अति विपन्न र सीमान्तकृत, भूमिहीन र सुकुमबासीको सशक्तीकरण र सामाजिक संरक्षणका कार्यक्रम गर्ने व्यवस्था मिलाइएको छ।

सङ्घ र स्थानीय तहसँगको सहकार्य र सहलगानीमा सहरी क्षेत्रको फोहर व्यवस्थापन गर्न स्यानेटरी ल्यान्डफिल साइट निर्माणको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ। साथै सामुदायिक अस्पतालबाट निस्कने फोहोर व्यवस्थापन गर्न ३ करोड रुपियाँ विनियोजन गरिएको छ।

घर जग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र गैरकरतर्फ सेवा शुल्क, दस्तुर र पर्यटन शुल्क जस्ता प्रदेश र स्थानीय तहको दोहोरो अधिकार सूचीअन्तर्गतका राजस्व सङ्कलन गर्न स्थानीय सरकारसँग समन्वयको व्यवस्था मिलाइनेछ।

महानगरपालिका र नगरपालिका क्षेत्रभित्र पारित हुने घर जग्गा र जग्गाको रजिस्ट्रेसन लिखतको थैली अङ्कमा शून्य दशमलव पाँच प्रतिशत थप शुल्क लाग्ने व्यवस्था गरिएको छ।

**आवास :** विनाशकारी भूकम्पबाट क्षतिग्रस्त निजी निवास र सार्वजनिक संरचनाको पुनर्निर्माणलाई दुई वर्षभित्र सम्पन्न गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरिनेछ।

स्थानीय तहसँगको सहकार्यमा महानगरपालिका, नगरपालिका तथा नगरोन्मुख पालिकाका आवासीय क्षेत्रलाई व्यवस्थित बनाउन नीति तर्जुमा गरी हाउसपुलिङ कार्यक्रमलाई निरन्तरता दिन ३ करोड रुपियाँ व्यवस्था गरिएको छ।

### प्रदेश ५

**भूमि :** कृषियोग्य जमिनको माटोको ऊर्वरा शक्ति संरक्षण र सम्बर्धन गर्नका लागि घुम्ती माटो परीक्षण मेसिन खरिद गरी माटो परीक्षण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्न ६५ लाख रुपियाँ बजेट छुट्टाइएको छ। कृषि प्राविधिक शिक्षालयहरूको क्षमता विस्तार र गुणस्तर सुधारका लागि ६० लाख रुपियाँ विनियोजन गरिएको छ।

जमिन बाँझो राख्ने प्रवृत्ति रोक्ने र भूमिहीन कृषकलाई खेती गर्न करारमा जमिन उपलब्ध गराउने व्यवस्था सुरू गरिनेछ। यसका लागि भूमि ब्याङ्क स्थापनाको आधार तयार पार्न आवश्यक रकम विनियोजन गरिएको छ।

गुठीको जग्गा अभिलेखाङ्कन गरी संरक्षण र सही उपयोग गर्नका लागि संस्थागत संरचनाको व्यवस्था गरिनेछ। गुठी जग्गाको व्यवस्थापनका लागि २ करोड ८० लाख रुपियाँ विनियोजन गरिएको छ। गुठीको जग्गा व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

भूव्यवस्थापन प्रणालीलाई आधुनिकीकरण गरिनेछ। भूसूचना केन्द्र स्थापना गर्न, पुनः नापी र डिजिटल नक्शा तयार गर्न र स्थानीय तहहरूलाई भूउपयोग तथा व्यवस्थापन तालिमका लागि १० करोड रुपियाँ विनियोजन गरिएको छ।

पहिरो तथा बाढीले पार्ने नोक्सान कम गर्न ध्यान दिइनेछ। आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रणका लागि ३ करोड ६० लाख रुपियाँ विनियोजन गरिएको छ। ग्रामीण सडकहरूको भूसंरक्षणका लागि २ करोड ५० लाख रुपियाँ र गल्छी, पहिरो तथा खहरे रोकथामका लागि २ करोड ४० लाख रुपियाँ विनियोजन गरिएको छ। वातावरण संरक्षण र नदी कटान कम गर्न नदी किनार संरक्षणका लागि बाँस रोप्ने र नदी तथा खोला किनारा व्यवस्थापनका लागि ३ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ।

समावेशी र समन्यायिक विकासलाई प्राथमिकतामा राखिएको छ। सुकुमवासी, मुक्त हलिया, कमैया, कमलरी, दलित, थारू, मुस्लिम तथा अति पिछडिएको वर्गलगायत अति गरिब परिवारका लागि आधुनिक एकीकृत नमुना बस्ती कार्यक्रमको व्यवस्था गरिनेछ। भूमिहीन नागरिकका लागि सुरक्षित बसोबासको व्यवस्था गर्न ४ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ।

गरिबीको रेखामुनि रहेका जनताको सिप विकास गर्न ५ करोड रुपियाँ विनियोजन गरिएको छ। भूमिहीन किसानलाई करार खेतीमा अनुदान दिनका लागि १० करोड बजेट विनियोजन गरिएको छ। यसबाट खेत/बारी बाँझो रहने अवस्थामा उल्लेख्य सुधार आउने अपेक्षा छ।

सहरी क्षेत्रको नकुहिने फोहोरलाई उपयुक्त ल्यान्डफिल्ड साइट खोजी व्यवस्थित गर्न कुहिने फोहोरबाट मल तथा ग्यास उत्पादन गर्न स्थानीयलाई अभिप्रेरित गरिनेछ। सहरी क्षेत्रको सफाइका लागि फोहोरलाई मोहरमा बदल्न नगरपालिकाहरूलाई समपूरक अनुदान उपलब्ध गराइनेछ।

बाढी, पहिरो, डुवान, खडेरी, आगलागी, हावाहुरी, डँढेलो, शीतलहर, भूकम्प, महामारी आदि जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकलाई तत्काल राहत दिन 'प्रादेशिक विपद् व्यवस्थापन कोष' स्थापना गरिएको छ। सोको कार्यविधि बनाइ

प्रभावकारीरूपमा सञ्चालन गरिनेछ। यस कोषमा आगामी वर्ष ६ करोड रुपियाँ थप गरिनेछ।

भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने राजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्णरूपमा छुट दिने व्यवस्थालाई निरन्तरता दिइएको छ।

**आवास :** अव्यवस्थित बसोबासका समस्यालाई स्थानीय तह र नेपाल सरकारसँग समन्वय गरी एकपटकका लागि योजना बनाइ व्यवस्थापन गरिनेछ। यसका लागि प्रादेशिक भूमि आयोग स्थापना गरी कार्य अघि बढाउन बजेट विनियोजन गरिएको छ।

सबै पालिकाभित्र सुरक्षित छाना कार्यक्रम सञ्चालन गरी फुस वा खरका छानाहरूलाई तीन वर्षभित्र जस्ताको छानाबाट प्रतिस्थापन गरिनेछ। यस कार्यमा स्थानीय सरकारसँग सहकार्य गर्न समपूरक अनुदान उपलब्ध गराइनेछ।

जुम्रीकाडा (ठूलोगाउँ) प्युठान र भूमे रुकुम पूर्वमा एकीकृत वस्ती विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## प्रदेश ६

**भूमि :** प्रदेशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र नदी कटान नियन्त्रण गरी तटबन्ध निर्माण गर्न ४० करोड रुपियाँ विनियोजन भएको छ।

१०० जना भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यावसायिक खेती गर्न एक पाइलट परियोजना सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत मल, बीउ, सिँचाइ आदिमा अनुदानका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

कृषियोग्य जमिनको खण्डीकरण रोक्न, बाँझो राखेको ऊर्वर जमिनको तथ्याङ्क सङ्कलन गरी अभिलेखका आधारमा भूमि ब्याङ्क स्थापनामार्फत करार खेती र सामूहिक खेती प्रबर्धन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

भूमिसम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

सुकुमबासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबासी, अस्थायी बसोबासी, जनयुद्धको समयमा किनबेच गरिएको जग्गाको स्वामित्व तथा हकभोगलगायत सम्पूर्ण समस्या समाधान गर्नका लागि एक शक्तिशाली भूमि तथा सुकुमबासी समस्या समाधान आयोग गठन गरी कार्यान्वयन गरिनेछ।

एकीकृत भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम, आकस्मिक पहिरो व्यवस्थापन तथा नदी नियन्त्रण कार्यक्रम, वातावरणीय सेवाको भुक्तानी अध्ययन, जलवायु परिवर्तन अनुकूलन योजना तयारी जस्ता वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि २९ करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ।

भौगोलिक सूचना प्रणाली (जियोग्राफिकल इन्फर्मेसन सिस्टम-जिआइएस) को माध्यमबाट उत्पादन क्षेत्रहरूलाई नक्शाङ्कन गरी प्राथमिकीकरण गरिनेछ।

**आवास :** सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित ऐन, नियम, भवनसंहिता, मापदण्ड र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानहरूको खोजी गरी नमुना प्रादेशिक स्मार्ट सिटी र हरित सहरको अवधारणाका साथ व्यवस्थित सहरको विकास गर्न उपयुक्त कार्यविधि र डिजाइन तयार गरिनेछ।

राउटेलगायतका लोपोन्मुख समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। राउटेका लागि अस्थायी आवास व्यवस्था गरिनेछ। यसका लागि ५० लाख रुपियाँ व्यवस्था गरिएको छ।

## प्रदेश : ७

**भूमि :** किसानले खेतीपातीको क्रममा भोग्नुपरेका समस्याको टेलिफोनमार्फत नै समाधान गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा किसान कल सेन्टर स्थापना गरी सञ्चालन गरिनेछ।

९ वटै जिल्लामा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रबाट २० जनाका दरले भूमिहीन, मुक्त कमैया, सुकुमबासी, हरूवा, चरुवा, दलित, राजी, कुमाल, तथा अल्पसङ्ख्यक समुदायका लागि आरन, जुत्ता चप्पल उद्योग, श्रमिक तालिम, कार्पेट, बाँस, बेत, नेपाली हाते कागज, हस्तकला, पस्मिना, प्राङ्गारिक मल, पशुपालन, कृषि, सिलाइ, कडाइ, अटोमोबाइल, मोबाइल मर्मत, टिभी मर्मत, प्लम्बिङ, हाउस वायरिङ आदिबाट गरिबी न्यूनीकरण लक्षित स्वरोजगारमूलक तालिम सञ्चालन गर्न ४ करोड रुपियाँ विनियोजन गरिएको छ।

भूसूचना अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन नाप नक्शाको नियन्त्रण विन्दुको सञ्जाल स्थापना, प्रदेशस्तरीय नाप नक्शा तयारी यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

बाँझो रहेको कृषियोग्य भूमिमा माटो सुहाउँदो फलफूल बाली लगाउने कृषकलाई सम्मान तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरी बाँझो जग्गा उपलब्धिमूलक बनाउने नीति अवलम्बन गरिनेछ। साथै खेतीयोग्य जमिन बाँझो राख्ने परिपाटी निरुत्साहन गर्न नीतिगत व्यवस्था गरिनेछ।

भूक्षय नियन्त्रण, पहिरो नियन्त्रण, नदी मुहान तथा किनार संरक्षण र नदी नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालनका लागि ४ करोड रुपियाँ विनियोजन गरिएको छ।

एकातिर चुरे क्षेत्रको अत्यधिक दोहनले यहाँको वन मासिँदै गएको छ भने अर्कोतर्फ तराई क्षेत्रमा भूमिगत जलस्रोतको अभाव हुँदै गएको सन्दर्भमा यसलाई सम्बोधन गर्न चुरे क्षेत्रमा संरक्षण पोखरी निर्माण गर्न २ करोड विनियोजन गरिएको छ। सबै स्थानीय तहलाई समेत पानीको मुहान संरक्षण गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ।

**आवास :** प्रदेशअन्तर्गतका भूमिहीन वर्गलाई सुरक्षित बसोबास कार्यक्रमअन्तर्गत १ करोड रुपियाँ विनियोजन गरिएको छ।

प्रादेशिक विपद् न्यूनीकरण तथा जोखिम व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा, विपद् जोखिम क्षेत्र नक्शाङ्कन गर्ने र प्रादेशिक आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा प्रादेशिक वेयर हाउसको निर्माण कार्य थालनी गरिनेछ।

*प्रस्तुति : निशा न्यौपाने*



**चक्रपाणी खनाल**
*(कृषि, भूमि व्यवस्था र सहकारी मन्त्री)*

# भूमि सम्बन्धलाई पुनः परिभाषित गर्न आवश्यक छ

नेपालमा हाम्रो आवश्यकताअनुसार भूमि सुधारको क्षेत्रमा २०२१ सालमा चालिएको पाइला राम्रो थियो । त्यसपछि उक्त पाइलालाई गन्तव्यमा पुर्‍याउन उल्लेख्यरूपमा पहल हुन सकेन । हिमाल, पहाड, र तराई जस्तो विविध भौगोलिक विशेषता भएको मुलुकमा भूउपयोग ऐन छैन । कामै नभएकोचाहिँ होइन । पहिला हामीसँग राम्रा र उल्लेख गर्न लायकका प्रतिवेदन पनि थिए तर कार्यान्वयन गर्ने निकाय कमजोर भयो । किनकि दलीय सहमति मिलेन, इच्छाशक्ति भएन वा बलियो सरकार थिएन । कार्यान्वयन गर्न जाँदा पहिला के पुगेन, ती नपुगेका कुरा अहिले चाहिने देखेको छु ।

मैले मन्त्रालयमा सोधेँ- अप्ठ्यारो कहाँ हो ? हजारौँ छन् भन्ने जवाफ आयो । हजारौँमा पनि एक, दुई, तीन भएर आउनुपर्‍यो । तबमात्र समस्या पहिचान गर्न सकिन्छ, नत्र सकिँदैन । जहाँ वन जङ्गलमा बसोबास गरेका छन्, वनको स्वीकृति चाहिने रहेछ । कैयौँ ठाउँमा लालपुर्जा दिएको छ, पुर्जा वितरण भइसकेको छ तर वनले रोकेको छ । अदालतले राकेको छ । यस्तोखालको समस्याले दुःख पाएकाहरू, एउटा ठूलो हिसाब दिन सकिन्छ । अर्को केही नपाएकाहरू, पुर्जा नै पाएका छैनन् । त्यहाँ नाप नक्शा पनि केही भएको छैन । कुनै किसिमको तयारी पनि छैन सरकारको तर्फबाट तर बस्नेहरू बसेको ३० वर्ष, ४० वर्ष भइसकेको छ । ४६ सालको बहुदललगत्तै रूपन्देही र कपिलवस्तुका विभिन्न ठाउँमा सुकुमबासी, भूमिहीनलाई मैले नै बसाएको थिएँ । मेरो नेतृत्वमा सुकुमबासी बसाउने एउटा अभियान नै चलेको थियो ।

अहिले पनि हजारौँ त्यस्ता परिवार छन् जसले पुर्जा पाएका छैनन् । उनीहरू भन्न थालिसके कि बसाउने बेला बसाइस्, अहिले तँ पुर्जा दिने ठाउँमा छस् ल दे । जे होस्, अहिले मैले देखिराखेको उपाय भनेको हदबन्दीभन्दा बढी भएका, रेकर्डमा नआएका, ऐलानी, पर्ती जग्गा, सरकारी सार्वजनिक जग्गा जति छन्, यस्ता प्रकृतिका जग्गा पहिचान गरौँ । त्यसपछि अलग अलग कहीँ आयोग चाहिन्छ कि, समिति चाहिन्छ कि, के हुन्छ त्यो संविधानले उल्लेख गरेको प्रावधान, उपलब्ध नीति तथा ऐनमा टेकेर नभए छुट्टै केही व्यवस्था गर्नुपर्छ भने त्यो पनि गरौँ । तोकेर, एकपटक जग्गा दिने भनिएको दलीय सहमति र सहमतिअनुसार बनेको संविधानमा व्यवस्था भएअनुसार त्यो गरौँ र भूमिहीनता र आवासविहीनताको सवाल सम्बोधन गरौँ ।

**भूमि समस्यालाई ४ वटा हिसावमा वर्गीकरण गरौँ र अगाडि बढाऔँ । अब यो कति वैज्ञानिक होला ? अन्तर्राष्ट्रिय अभ्यास र यसबाट केही सन्दर्भहरू लिँदै हामीले नेपालमा गर्दा के, कहाँनिर आउला ? कहाँ कहाँ छन् अप्ठ्यारा, के के होला यो अलिकति हामी हेरौँ ।**

यसरी जाँदा हामीलाई अप्ठ्यारा के के छन् वा हुन सक्छन् अलि राम्रो छलफल गरेर केही निष्कर्ष निकाल्नु पर्ला र कस्तो प्रकारका समिति चाहिएलान् र कसरी गर्नुपर्ला भन्ने कुरा अहिलेको छलफलको विषय हो । अब कृषिजन्य भूमिको व्यवस्थापन अथवा त्यसको पहिचान कसरी गर्ने, त्यसपछि व्यावसायिक भूमि र औद्योगिक भूमिलाई कसरी चित्रित गर्ने ? भूमि समस्यालाई ४ वटा हिसावमा वर्गीकरण गरौँ र अगाडि बढाऔँ । अब यो कति वैज्ञानिक होला ? अन्तर्राष्ट्रिय अभ्यास र यसबाट केही सन्दर्भहरू लिँदै हामीले नेपालमा गर्दा के, कहाँनिर आउला ? कहाँ कहाँ छन् अप्ठ्यारा, के के होला यो अलिकति हामी हेरौँ । त्यसो हेर्दा कानुन पनि नभएको, पुरानो भूमि सुधार ऐनमा पनि छैन, भूमि नीतिमा पनि छैन र भू उपयोग नीतिमा पनि छैन भने यो बाहिरबाट सोचेको कुरा समायोजन गर्न सकिन्छ कि सकिँदैन ? मलाई लाग्छ- त्यो अहिले सकिन्छ । हामीले यी कुरालाई सदनसम्म लैजाने हो ।

मैले के सोचेको छु भने नेपालको भूमिलाई मोटामोटी ४ भागमा विभाजन गरौँ । जस्तै- जिल्ला सदरमुकाम पनि हुन सक्ने, जिल्ला सदरमुकामभन्दा बाहिर चाहिँ भर्खर विकास हुन लागेको बस्ती, मझौला सहर जस्तो र जिल्ला सदरमुकाम र अन्य सदरमुकामभन्दा बाहिरका सहरहरू छुट्याऔँ । त्यो मैले किन भनेको भन्नुहुन्छ भने यसलाई महाभारत शृङ्खलाबाट हिमालको रेन्जलाई, त्यहाँ धेरै ठूला सहर पनि पर्दैनन्, थोरै पर्छन् र केही सदरमुकामलाई व्यावसायिक जग्गा भनेर । बाँकीलाई

कृषियोग्य जमिनमा वर्गीकरण गरौँ होला। त्यसो गर्दा केही बस्ती विकास पनि हुन सक्छ। बाँकी हामीले त्यसलाई कृषियोग्य जमिनमा परिणत गर्न सकिन्छ र त्यहाँ ठूला ठूला सहर हामीलाई चाहिएन। महाभारत शृङ्खलामा पनि हामीले सहरका ठाउँ तोकेर दिउँ जहाँ अहिले विकसित भएका सहर हुन्छन् त्यहाँ व्यावसायिकरूपमा राखिदिउँला। त्यस्तो जमिनलाई करको दायरामा ल्याउने कुरा अलग अलग हुन सक्छन्। महाभारत शृङ्खला र चुरेबारे संवेदनशील हुनु जरुरी छ। चुरेमा बस्ती राख्ने हो कि नराख्ने ? त्यहाँ भएको बस्तीलाई के गर्ने ? त्यसमा सरकारले सोचौँ।

चुरे एकदमै सुकुमार छ, यो गाईवस्तुका खुरले काट्दा पनि बग्ने भएको हुनाले यसले केही वर्षमा तराईको जमिन पुरिदिने खतरा छ। २-४ सय वर्षमा तराईमा जमिनै नरहने हुन्छ, यो पक्कापक्की जस्तै छ।

मधेसको सवालमा आउँदाखेरी के हुन्छ ? त्यहाँको जमिनलाई पनि ४ भागमा वर्गीकरण गर्ने, त्यसको अर्थ, क, ख, ग, घ भयो। यसरी वर्गीकरण गर्दा एउटा हुलाकी राजमार्गलाई आधार मानेर बनाउने, अर्को मेची-महाकाली राजमार्गलाई लिएर। यी २ वटालाई आधार मानेर अहिले भएका ठूल्ठूला सहर कुनकुन हुन्, मझौला सहर कुन हुन्, त्यसपछि बस्ती विकासका लागि उपयुक्त कहाँ छ र ग्रामीण बस्ती कहाँ छन् ? अर्को तरिकाले यसलाई यसरी पनि भन्न सकिन्छ, जस्तै- कृषि क्षेत्र, व्यावसायिक क्षेत्र, बहुउपयोगी क्षेत्र र औद्योगिक क्षेत्र। यो चारवटा छुट्याउँदाखेरी के हुन्छ भने सहरहरूमा बढी ट्याक्स हुन्छ। त्यो व्यावसायिक जमिन हुन्छ। त्यसको पनि दायरा तोकिदिने। स्थानीय निकायहरूले व्यावसायिक प्रयोजनका लागि क्षेत्र तोकिदिएपछि त्यहाँ कित्ताकाट गर्न पाइयो। कम्पनी खडा गर्ने। तोकिएअनुसार काम गर्ने। दायराअनुसार कर तिर्ने।

त्योभन्दा बाहिरको जमिन कृषियोग्य जमिनमा जान्छ। त्यसलाई पुर्जा पनि फरक गरी दिउँ। त्यस्तो गर्दा किसान भन्नेबित्तिकै *हरियो पुर्जा* दिने। कृषियोग्य जमिन सरकारले नतोक्ने। त्यो स्थानीय तहले पनि गर्न सक्छ तर व्यक्ति आफैँले पनि आफ्नो जमिन चाहेको वर्गमा राख्न स्थानीय निकायमा अनुरोध गर्न सक्छ। कृषिमा राख्न चाहनुहुन्छ भने कृषिमा राखिदिनोस्, हैन मेरो व्यवसायिक जमिन हो भन्नुहुन्छ भने त्यो पनि पाउनुभयो। तर कृषिको जमिनमा व्यावसायिक दिनुभयो भने त्यो बाझिन आयो। त्यसलाई अर्को एउटा समिति बनाएर यो कृषियोग्य हुन्छ है भनेर फैसला दिनेगरी हामीले एउटा त्यो बनाउन सकिन्छ कि अथवा के हुन्छ ? मैले एउटा विषयमात्र उठाएको हो।

**संविधानमा भूमिहीनहरूको सवालमा एकपटकलाई जमिन दिने भनेको छ। जो जहाँ बसेका छन् त्यहीँ अथवा कहाँ हुन सक्छ घर बनाउन र केही जग्गा उपलब्ध गराउने। गुठी समस्या समाधान गर्न एउटा गुठी प्राधिकरण बनाउने।**

हामीले राजमार्गको दायाँबायाँ कतिसम्म जमिन दिने ? व्यावसायिक जमिनलाई रातो पुर्जा दिउँ। औद्योगिक जमिन छुट्याइ त्यसलाई निलो पुर्जा दिउँ। बाँकीको जङ्गल आदि इत्यादि भनिएको छ, त्यसलाई पहेँलो पुर्जा दिउँ र अहिले त्यसलाई उपयोग पुर्जा निस्सामात्र दिउँ। त्यस्तो जग्गा उपयोग गर्न पाउँछ, स्थानान्तरण गर्न पाउँछ। यसरी जमिनको व्यवस्थापन र शासनसम्बन्धी विद्यमान भद्रगोल स्थिति हट्दै जान्छ र हामी भूउपयोगका आधारमा आर्थिक विकासतर्फ उक्लन्छौँ।

यति हुँदाहुँदै पनि जमिनको समस्या अत्यन्तै जटिल छ। अव्यवस्थित बस्तीहरू हटाएर एकीकृत बस्ती निर्माण गर्नु, अलि बृहत्‌रूपमा कृषिको व्यवसायीकरणमा जानु र औद्योगिकीकरणमा जानु सामान्य होइन। यहाँ त सम्पूर्ण भूमि सम्बन्धलाई पुनः परिभाषित गर्ने कुरा हो। जमिन वितरणको प्रश्नमात्रै होइन। अर्को कुरा, तोकिएका क्षेत्रमा नपरेका बस्तीहरू, उद्योगहरू आदिलाई स्थानान्तरणका लागि ५-७ वर्षको समयसीमा दिएर सम्बन्धित क्षेत्रमा सार्ने। गुठी र मोहियानी हकसम्बन्धी समस्यालाई पनि १-२ वर्षमा समाधान गर्ने।

यी तमाम कुरा गर्न अहिलेको वस्तुस्थितिका आधारमा संशोधन र परिमार्जन गरिएको २०२१ कै भूमि ऐन काफी छ कि वा यसमा संशोधनले काम गर्छ भने नयाँ संशोधन गर्नुपर्ने के हो ? अथवा हामीलाई नयाँ भूमि ऐन चाहिन्छ कि चाहिँदैन ? यसमा केही छलफल आवश्यक देखेको छु। संविधानमा भूमिहीनहरूको सवालमा एकपटकलाई जमिन दिने भनेको छ। जो जहाँ बसेका छन् त्यहीँ अथवा कहाँ हुन सक्छ घर बनाउन र केही जग्गा उपलब्ध गराउने। गुठी समस्या समाधान गर्न एउटा गुठी प्राधिकरण बनाउने। त्यस्तै अन्य विवादित जग्गाको समस्या समाधानका लागि मन्त्रालयभित्रै विभिन्न ६ वटा समिति बनाउने तयारी पनि छ। ती समितिले लालपुर्जासमेत बाँड्न सक्ने। जग्गासम्बन्धी सवाल निराकरण गर्दा सामाजिक र प्रथाजनित कानुनलाई मान्यता दिने। यति धेरै काम गर्नु छ। मन्त्रालय एकदमै संवेदनशिल भएर यी तमाम समास्याको गाँठो फुकाउन लागेको छ। मन्त्रालय वा सरकारी निकायहरूको संलग्नताले मात्रै हुँदैन। त्यसैले, भूमिसम्बन्धी लामो समयदेखि काम गरिरहेका, सरकार र समुदायलाई सघाइरहेका बहुसरोकारवाला संस्थाहरूसँगको सहकार्यमा मात्रै यो सम्भव हुने हो। सहकार्यका लागि अहिले उपयुक्त समय छ। ✿

(भूमि नीतिसम्बन्धी राष्ट्रिय परामर्शमा दिनुभएको मन्तव्यको सार)

*(प्रस्तुति : रविना मानन्धर, धर्मराज जोशी)*



**दीपेन्द्रबहादुर क्षत्री**
*(पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग)*

# भूमि नीति : सकारात्मक

अहिले विकसित भनिएका देश जापान, कोरिया, ब्राजिल, फिलिपिन्स आदिको पनि भूमि सुधारसम्बन्धी लामो अनुभव छ। हाम्रै छिमेकी देश भारतमा पनि भूमि सुधारका कुरा छन् तर ती एकदमै भिन्न परिवेशमा भएका हुन्। आर्थिक विकासको आकाङ्क्षा परिपूर्ति गर्न आयआर्जन गर्ने किसिमको परिस्थिति सिर्जना गर्नका निमित्त भूमि सुधार लागु गरेको देखिन्छ।

जमिन वास्तवमा प्रकृतिले दिएको त्यस्तो वस्तु हो जसलाई कृत्रिमरूपले बनाउन सकिँदैन। संविधानमा ३३ वटा मौलिक हक व्यवस्था छ। ती हक कायम गर्न जति गाह्रो छ, त्यो हक दाबी गर्नेलाई व्यवस्थापन गर्न त्यत्ति नै गाह्रो छ। यो जमिन पाउरोटी होइन, न त बिस्कुट हो न गजले नापेर दिन मिल्ने कपडा नै हो। तर त्यो भन्दा नि गए/गुज्रेको तरिकाबाट हामीले जमिन प्रयोग गरिराखेका छौं। यस्तो परिस्थितिमा जमिनमा राज्यको अग्राधिकार हुनुपर्छ भन्ने भावका कुरा आउनु ठीकै पनि हो। ठूला परियोजना सञ्चालन हुने भनिएका ठाउँमा त हामी नीति निर्माता भनिएकाहरू नै प्रवेश नाकाहरूको जग्गा किन्न तँछाड र मछाड गरिरहेका हुन्छौं। त्यसको जल्दोबल्दो उदाहरण द्रुतमार्ग निर्माणमा देखिरहिएका अनेक उल्झन नै हुन्। यसरी हेर्दा त जमिनले नै मान्छेको जीवनमा अनेक ठूला ठूला परिवर्तन ल्याइरहेको जस्तो देखिन्छ। त्यो जमिनमा अन्तरनिहित गुणले होइन कि कृत्रिमरूपले। नीति निर्माणको तहमा पुगेका हामी नीति निर्माताहरूको पनि जग्गामा केही न केही स्वार्थ जोडिँदो रहेछ भन्ने कुरा मैले पनि अनुभूत गरेको छु। जसले गर्दा नीति निर्मातालाई यो भूमि सुधारको कुरा गर्नै नपरे पनि हुन्थ्यो भन्ने लाग्दोरहेछ।

भूमि सुधारको कुरा आयो कि जमिनदारहरू चाहे त्यो तराई मधेसतिरको होस् या पहाडतिरको, बिच्किहाल्ने। त्यो किन त भन्दा जमिन भयो भने ऊ सधैँ शक्तिमा रहिरहन ठूलो भूमिका खेल्ने रहेछ। त्यसैले आजसम्म भूमि सुधारको लक्ष्य लिएर बन्नुपर्ने नीतिहरू झारा टार्ने हिसाबले मात्र आएका छन्। व्यवस्था गरिएका कतिपय प्रवधान त लागु नै भएनन्। यसको स्पष्ट प्रमाण त भूउपयोग नीति आएको झण्डै दश वर्ष हुन लाग्दा पनि भूउपयोग ऐन बन्न नसक्नु नै हो। यो तथ्यले समस्या समाधानमा मूल विषयमा हामी इमान्दारिताका साथ लाग्दैनौं र ध्यान पनि दिँदैनौं भन्ने देखाउँछ।

सिङ्गापुरमा बाहिरबाट माटो ल्याएर जमिन बनाइएको छ, त्यो फरक कुरा हो। तर हाम्रो देशमा त त्यस्तो छैन। भएको जमिनलाई निजी जग्गा, सरकारी जग्गा, सार्वजनिक जग्गा, गुठी जग्गा के के हो के के भन्या छौं। फेरि हाम्रो भूउपयोग नीतिमा पनि जमिनलाई यस्तै थुप्रै आधारमा वर्गीकरण गर्ने भनिएको छ। यी सबैमा समस्या छ। यसभन्दा फरक ढङ्गबाट अन्य देशले सबै किसिमका जग्गालाई हामीले औपचारिकरूपमा दर्ता गर्‍यौं भनेका हुन्।

हाम्रोमा जग्गा भूमि व्यवस्थापन र जग्गा प्रशासनमा थुप्रै समस्या नभएका होइनन्। मेरो पनि एकदम धनाहार जग्गा छ। किसान धान रोपिरहेका छन्, पहिला दर्ता गर्न नसकेर बस्यो, अहिले पनि दर्ता भएन। मसँग तिरो तिरेको रसिद छ, लालपुर्जा पनि त्यही भएको रसिद राखेर आधा आयो, आधा आएको छैन।

लोकमान कार्कीले सार्वजनिक जग्गा, जङ्गलको जग्गा चुनावको निहुँ पारेर दर्ता गर्ने प्रक्रियामा जाने भएकाले यस्ता जग्गामा कुनै कारबाही सुरु नै नगर्नूस् भन्ने आदेश दिएका रहेछन्। त्यसैका आधारमा मुख्य सचिव लीलामणि पौडेलले पनि परिपत्र जारी गरेछन्। नापी कार्यालय, नगरपालिका जता गए पनि जसले जग्गा नापीका लागि सिफारिश गर्ने हो त्यही आदेश देखाउँछन। कति सालसम्म रहन्छन् यस्ता आदेश ? के गर्नुपर्‍यो त भन्दा अब जग्गा दर्ता खुल्छ, अनि जानुहोला भन्ने जवाफ आउँछ। जग्गा दर्ता कहिले खुल्छ ? मन्त्रीको प्राथमिकतामा पर्‍यो भनेमात्रै जग्गा दर्ता खुल्दो रहेछ। दमौलीमा एउटा ढोरबाराहा भन्ने देउताको थान छ। त्यहाँ पानीको लहरै चल्छ रे। तर त्यो लहर कहिले चल्छ ? थाहै हुन्न। मलाई के लाग्छ भने जग्गाा दर्ता भनेको पनि त्यही पानीको लहर जस्तै खुल्ने/नखुल्ने कुनै अत्तोपत्तो छैन। अदालत पो जानुपर्छ कि ? पिताजी बितेको २०४२ सालमा हो। मैले फुर्सद २ वर्षअगाडि पाएँ। अदालतमा जाँदा पनि धेरै समय लाग्छ भनेर अल्झाउने पो हो कि ?

जुन अर्धऔपचारिक र अनौपचारिक भूसम्बन्धको कुरा यहाँ आएको छ, त्यसभित्र धेरै जग्गाका समस्या हुन सक्छन् भन्ने लाग्छ। स्वामित्व छैन, तर बसोबास गरेर बसेका छन्। मन्त्रीकै जिल्ला कपिलवस्तु वा प्युठानतिर जाने, रोल्पातिर जाने बाटोमा पनि ४ तले ५ तले घर बनाएर मानिस बसिरहेका छन् तर कानुनी स्वामित्व छैन। त्यो पनि वास्तवमा समस्या हुन सक्छ। अर्को कुरा अतिक्रमित जग्गा पनि छन्। अतिक्रमित जग्गाको इतिहासचाहिँ असाध्यै लामो छ।

सुकुमबासी समस्या भनेको राजनीतिक पार्टीहरूले उचालेका विकृति हो। हाम्रा मन्त्रीहरूको समस्या हो यो। राजनीतिज्ञहरूको समस्या हो। यसमा सही कुरा भन्न भूल गरियो भने समाधान निकाल्न सकिन्न। त्यसकारण मन्त्रीले यो समस्या हाम्रो हो, समाधान पनि हामी गर्छौं भन्न सक्नुपर्छ। सुकुमबासी भनिनेलाई अर्काको जमिनमा जबर्जस्ती राखियो। अहिले कसैले यो मेरो जग्गा हो, छाड भनेमात्र पनि उसले धम्क्याउँछ। सुकुमबासी त्यो अधिकार लिएर बसेको छ। प्रश्न मुलुक कहाँनेर छ भन्ने हो।

कसले चलाएको छ भन्ने हो ।

यस छलफलमा भूमि नीति सम्बन्धमा पनि नयाँ प्रस्ताव आएको छ । यसले एउटा निकास दिन सक्छ भन्ने हो । लामो समयसम्म द्वन्द्व खेपेर बस्न सकिन्न । मलाई लाग्छ, सिन्धुपाल्चोक जिल्लामा ५० हजार हेक्टर जग्गा गुठीमा छ । किसानहरूले पुर्खौंदेखि कमाएर बसेका छन् । त्यसको समाधान निस्केको छैन । सरकार छानबिनतिर पुगेकै छैन । चुनाव आएका बेला फकाउन यो समस्या जस्ताको तस्तै राखेको होला । त्यस्तो नगरौं । उपयोगअनुसार हदबन्दी कायम गर्ने, भूमि बजार विकास गर्ने, जग्गाको मूल्य निर्धारण गर्ने आदि कुरा राम्रो भावनाबाट आएका हुन् भने कार्यान्वयनतर्फ सोच्नुपर्छ ।

सरकारले ६६ प्रतिशत किसान र कृषि मजदूरलाई हामी निकाल्छौं, रोजगारी दिन्छौं भनेर सरकारी नीतिमा कुरा आइराखेको छ । जग्गाको खण्डीकरण पनि कम गर्न परिवारको एकजनाको नाममा जग्गा दर्ता गर्ने भन्ने पनि कुरा आइराखेका छ । त्यसमा काम गर्ने यदि हो भने राम्रोसँग समर्पित भएर लाग्नुपर्‍यो । हरेक राजनीतिक आन्दोलनमा भूमि सुधारको कुरा गर्न छाडेनौं । तिमी भूमिहीन छौ, तिमी सुकुमबासी छौ भन्यौं र त्यसको समाधान हामीसँग छ भन्यौं । हाम्रो पछि लाग, त्यसपछि आइहाल्छ भनियो । जब चुनाब सम्पन्न हुन्छन् त्यसपछि राजनीति गर्नेहरू यस्ता सबै कुरा बिर्सेर जान्छन् । भूमि सुधार लागु हुन्छ, भूमिहीनले जग्गा पाउँछन् भनिएकाले अलि पहिला २० लाखले मोहीको निवेदन हाले । पछि छानबिन गर्दा ३ लाख १८ हजार ५ सय ९६ मात्रै सुकुमवासी भेटिए ।

अहिले पहाडका दलितहरू १५ प्रतिशत सुकुमबासी छन् । तराईका ४४ प्रतिशत दलित जमिनबाट वञ्चित रहेछन् । बडाल आयोगले ५ लाख मोही दार्ता गर्न बाँकी छन् भनेको छ, अर्को आयोगले ७ लाख मोहीको हक सुनिश्चित गर्न जग्गा दिनुपर्ने भनेको छ र झन् अर्को एउटा अध्ययनले त १० लाख भूमिहीन छन् भनेको छ । यस परिवेशमा हामीले एउटा भूमि नीति तयार गरिरहेका छौं । एकजना अमेरिकन अन्वेषक एलिजाबेथ भन्नेले भूमि सुधारको विषयमा लेख्दा जमिन जीवन हो, जमिन शक्तिको स्रोत हो भनेकी छन् ।

जमिन राज्यबाट स्वीकृति लिएरमात्रै प्रयोग गर्न पाइने भन्ने मूल लक्ष्यका साथ आएको यो भूमि नीति जे छ, यसभित्र रहेर हामीले काम गर्नुपर्छ । त्यो हदबन्दीका विषयमा पनि कडाइका साथ जानुपर्छ । अहिलेकै एकजना मन्त्रीको ५२ बिघा जमिन रहेछ । हाम्रो भूमि ऐनले के हेरेर बस्या होला जस्तो पनि लाग्दोरहेछ । त्योभन्दा पनि विडम्बना के थियो भने जुनबेला जमिनको कुरा भयो, त्यतिबेला जग्गा कब्जा गर्ने चलन थियो, अहिले पनि कताकता सुनिन्छ त्यस्तो । हदबन्दी भनेको के हो ? वास्तवमा देखाउनका लागि भन्या हो कि, साँच्चै नै हामी गम्भीर छौं ? स्पष्ट लेख्नुपर्छ । एउटा व्यक्तिले एउटा क्षेत्रमा मात्र विशिष्टीकृत कृषि सेवा दिन सक्ने भएकाले सोहीअनुरूप कृषि श्रमिक, कृषि पृष्ठभूमिका सुकुमबासी छन् भने उनीहरूलाई सरकारले विभिन्न स्रोतबाट प्राप्त गरेको जग्गाको स्वामित्व दिनुपर्छ ।

**अहिलेकै एकजना मन्त्रीको ५२ बिघा जमिन रहेछ । हाम्रो भूमि ऐनले के हेरेर बस्या होला जस्तो पनि लाग्दोरहेछ ।**

करिब ४ लाख ६१ हजार हेक्टर जग्गा वितरण गरिसक्दा पनि अझ सुकुमबासीको सङ्ख्या बढेर ८ लाख पुग्यो भनिएको छ । यो कहिले पनि नटुङ्गिने प्रक्रिया हो । यसरी कहिले पनि सकिँदैन । यसको एकिन गर्ने तथ्याङ्कचाहिँ दिनैपर्ने हुन्छ । हलिया, कमैया, कमलरीलगायत समस्या पनि देखावटीरूपमा बढिराखेको छ भन्ने छ । एउटा घडेरी दिइयो । कसैकसैले घडेरीसम्म पनि नपाएको समस्या छ । दुःख के हुन्छ भने जसको घडेरी छैन, उसले आधारभूत सेवा पाउन नसक्ने अवस्था छ ।

सबै समस्या समाधान गर्नका निमित्त हामी अलि कठोरचाहिँ बन्नैपर्ने हुन्छ । कठोर बन्नका निमित्त आत्मविश्वास के हुनुपर्‍यो भने मैले मेरो स्वार्थका लागि गरिराख्या छैन, मैले मेरो मुलुकलाई परिवर्तन गर्ने स्थितिमा लैजानका निमित्त, जनताको पनि सेवा गरिराखेको छु भन्ने भावना राखियो भने मलाई लाग्छ, यसले राम्रो परिणाम दिनेछ । स्वामित्वचाहिँ वास्तवमा पहिलो कृषकको नै हो तर त्योभन्दा बढी भूमि प्रशासनको हो ।

जमिन खाली भूमि अधिकारसँग मात्रै जोडिएको छैन । यो विभिन्न खनिज पदार्थ तथा पानीको स्रोत पनि भएकाले पानीको मूल भएको जमिनलाई कसरी लिने भन्ने विषयमा पनि अलिकति ख्याल गर्नुपर्छ । समुदायका लागि उपयोग हुने स्रोत छ तर त्यहाँ लालपुर्जाचाहिँ एउटाको छ भने कसरी उपयोग गर्ने ? भूमिमाथि हक दाबी गर्न लालपुर्जा त चाहिन्छ र तर राज्यले दिनुपर्ने सेवाका निमित्त पनि लालपुर्जा किन चाहिएको हो ? ✿

(असार ३० गते कृषि भूमि व्यवस्था र सहकारी मन्त्रालयले आयोजना गरेको भूमि नीतिसम्बन्धी छलफलमा गर्नु भएको टिप्पणी)

*(प्रस्तुति : रविना मानन्धर, धर्मराज जोशी)*

## सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको आयोजनामा २०७५ असार ७ र ८ गते अर्धवार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया चितवनको ठिमुरामा भयो । समीक्षा भूमि तथा कृषि अधिकार अभियानका सन्दर्भमा चिन्तनमनन् गर्ने नियमित र प्रभावकारी अभ्यास हो । यस्तो समीक्षा जिल्लास्तरमा त्रैमासिक र राष्ट्रियस्तरमा अर्धवार्षिकरूपमा गरिन्छ । मूलतः समीक्षामा उक्त अवधिको अभियान उपलब्धि प्रस्तुति, अगुवाको अनुभूति, सिकाइ आदान-प्रदान र योजना तर्जुमा गरिन्छ । समीक्षामा २० जना महिलासहित ६१ जनाको सहभागिता थियो । समीक्षामा भइरहेका कामको आलोचनात्मक समीक्षाका साथै आगामी दिनमा भूमिसम्बन्धी व्यवस्थित र गुणात्मक अभियान सञ्चालन गर्ने सहमति भएको छ ।

# नेपालमा जनमुखी भूमि शासनका लागि बहुसरोकारवाला मञ्च

भूमि र भूमि स्रोतसम्बन्धी विविध सवालमा संलग्न बहुसरोकारवालाहरूसँग छलफल गरी उनीहरूको प्राथमिकतासहित समान लक्ष्य प्राप्तिका लागि आगामी दिनमा हुन सक्ने सहकार्यका क्षेत्र पहिचान गरी सोहीअनुरूप कार्यक्रमहरू अगाडि बढाउन एक कार्यक्रम आयोजना गरियो । यो कार्यक्रम अन्तर्राष्ट्रिय भूमि सञ्जाल अन्तर्गत राष्ट्रिय संलग्नता रणनीति (नेस) को सहजीकरणमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले २०७५ जेठ १७ गते आयोजना गरेको थियो । एकदिने बहुसरोकारवाला यो छलफल कार्यक्रममा मन्त्रालयको तर्फबाट सचिव, सहसचिव, उपसचिव तहका उच्चपदस्थ कर्मचारी, नेस नेपाल सदस्यहरू र एफओ, विश्व बैंक, युएन ह्याबिटाट, केयर नेपाल, ह्याबिटाट फर ह्युमानिटी, एक्सन एड नेपाल र लुथरन विश्व फेडेरेसनलगायत विभिन्न १६ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाको सक्रिय सहभागिता थियो । भूमिसम्बन्धी अहिलेसम्म भएका प्रयास विश्लेषण गर्न, भूमि सुधारको क्षेत्रमा आगामी कार्यक्रमलाई समन्वयात्मक ढङ्गले व्यवस्थित गर्न र विस्तार गर्न सम्बद्ध सबैबाट साभा अठोटको अपेक्षासहित कार्यत्रम आयोजना गरिएको थियो । यसले आगामी दिनमा कार्यक्रमिक तहमा मात्रै नभएर सरोकारवालाबीच नीतिगत सवालहरूमा पनि बहुसरोकारवाला छलफल गर्न पर्याप्त अवसर सिर्जना गर्नेछ ।

यो कार्यक्रमको सञ्चालन र सहजीकरण मन्त्रालयका उपसचिव गोपाल गिरीले गरेका थिए । मन्त्रालयका तर्फबाट गरिएको प्रस्तुति भूमि र यससँग सम्बन्धित काम गर्न पाउने/नपाउने कानुनी प्रावधान, मन्त्रालयको प्राथमिकताका क्षेत्र र आगामी दिनका लागि सहकार्यका सम्भावनाहरूमा केन्द्रित थियो । मन्त्रालयको प्राथमिकता र सहकार्यका क्षेत्र निम्नानुसार छन् ः

> दशकौँदेखि भोगचलन गरिआएको जग्गाको कानुनी स्वामित्व नहुने परियोजना क्षेत्रका परिवारलाई लाभान्वित कसरी बनाउने ? परियोजना र ठूला लगानीकर्ताहरूका लागि जग्गा प्राप्तिको मार्गदर्शन फरक फरक हुने गरेको छ, त्यसलाई अब एउटैखालको कसरी बनाउने ?

## भूमि नीति तर्जुमा

- भूउपयोग ऐन कार्यान्वयनका आधार तर्जुमा
- जमिनमा भूमिहीन र महिलाको समतामूलक पहुँच स्थापना
- अनौपचारिक भूसम्बन्ध र अव्यवस्थित बसोबासीको व्यवस्थापन
- सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षण
- अनौपचारिक भूमि बजारको विकास
- जग्गा मूल्याङ्कनमा एकरूपता (आधार मूल्य निर्धारण)
- आधुनिक प्रविधिमा आधारित शुद्ध र विश्वसनीय भूमि लगत र भूसूचना प्रणालीको विकास
- जग्गा प्रशासनमा आधुनिकीकरण
- भूमिसम्बन्धी दूर दृष्टि निर्माण

नेपालमा भूमि अधिकार, भूमि व्यवस्था र जनमुखी भूमि शासनका क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायबाट भए/गरेका प्रयासको उच्च मूल्याङ्कन गर्दै उक्त प्रयास अभैm अपर्याप्त रहेको र सरोकारवालाबीचको सहकार्य सवलीकरण गर्नुपर्ने कुरामा उपस्थित सम्पूर्ण बहुसरोकारवाला एकमत देखिन्थे ।

अव्यवस्थित बसोबासीहरूको आवास प्रायः ऐलानी, सार्वजनिक र सरकारी जग्गाहरूमा छ । त्यहाँ नीतिगत बाधा अड्चन छन् । उनीहरूको सङ्ख्या निरन्तर बढिरहेकाले वास्तविक भूमिहीन र आवासबिहीन को हुन् भन्ने ठम्याउनसमेत गाह्रो छ । खेतीयोग्य जमिन कहिलेसम्म बाँझो राखिराख्ने ? खाद्य सुरक्षा सुनिश्चित कसरी गर्ने ? विकास निर्माण कार्यक्रमका लागि आवश्यक जमिनको अधिग्रहण र मुआब्जाको प्रश्न कसरी हल गर्ने ? दशकौँदेखि भोगचलन गरिआएको जग्गाको कानुनी स्वामित्व नहुने परियोजना क्षेत्रका परिवारलाई लाभान्वित कसरी बनाउने ? परियोजना र ठूला लगानीकर्ताहरूका लागि जग्गा प्राप्तिको मार्गदर्शन फरक फरक हुने गरेको छ, त्यसलाई अब एउटैखालको कसरी बनाउने ? भन्ने जस्ता प्रश्न छलफलमा उठे । यी प्राविधिक कुराहरूको निर्क्यौल गर्न भूमि मूल्याङ्कनको नयाँ प्रणालीमा जानुपर्ने र एकीकृत भूमि ऐन बन्नुपर्ने कुरामा सबैको जोड थियो ।

संविधानमा समावेश भएका प्रावधानहरू कार्यान्वयन गर्न सरोकारवालाहरूसँग छलफल

गरी अब बन्ने नीति र ऐन/कानुनमा आउनुपर्छ र कार्यान्वयन भएर अधिकारबिहीनहरूसमक्ष पुग्नुपर्छ। लक्षित समुदायलाई आफ्नो अधिकार स्थापित गर्न, अधिकार दाबी गर्न र सदस्यहरूलाई सशक्त बनाउन सबैको सहकार्य आवश्यक छ।

भूमि स्रोतमा नै निर्भर परिवारको जीवनयापनलाई कसरी सहज बनाउने ? उनीहरूको जीविकोपार्जन कसरी सुनिश्चित गर्ने ? नेपालमा राजनीतिकरूपले यो भूमि सुधारको कुरा हुन थालेको ७० वर्ष भयो। यति धेरै ठूलो इतिहास र यति धेरै मन्छे संलग्न रहेको भूमि आन्दोलनले यतिका वर्षसम्म पनि किन भूमिको क्षेत्रमा चाहेजस्तो परिवर्तन ल्याउन सकेन ? अब भूमिसम्बन्धी साझा धारणा, लक्ष्य, उद्देश्य र कार्यक्रम पत्ता लगाउन खुद्रे प्रयासले हुँदैन। भूमिहीनहरूले भोगिरहेका विभिन्न समस्यालाई हामीले भूमि अधिकार, जीविकोपार्जन, खाद्य सुरक्षा र सशक्तीकरणको मुद्दासँग जोडेर हेर्नुपर्छ।

यो बहुसरोकारवाला छलफल कार्यक्रमबाट नेपाल सरकार तथा समुदायलाई सघाइरहेका सरकारी निकाय, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थालाई साझा कार्यक्रम तय गर्न, साझा उद्देश्य प्राप्तिका लागि एकापसमा हातेमालो गर्न, भूमि विकास, व्यवस्थापन तथा शासनमा लगानी वृद्धि गर्न मद्दत पुगेको छ। भूमिसँग प्रत्यक्ष सरोकार राख्ने समुदाय तथा परिवारको जीवनस्तरमा सुधार ल्याउन र समस्या समाधानका लागि नीतिगत छलफल गर्न सम्बन्धित सबैका लागि साझा थलोका रूपमा पनि यसले काम गरेको छ।

आगामी दिनमा भूमि र प्राकृतिक स्रोतसम्बन्धी विविध पक्षलाई समेट्दै यस बहुसरोकारवाला मञ्चले दिगो विकास, वातावरण संरक्षण तथा समग्र नेपाली समाजको समृद्धितर्फको यात्रामा रचनात्मक भूमिका निर्वाह गर्ने भएकाले भूमि शासनका लागि बहुसरोकारवाला मञ्च स्थापना गर्ने सम्बन्धमा सरोकारवालासँग थप छलफल गरी जनमुखी भूमि शासनसम्बन्धी बहुसरोकारवाला मञ्च गठन गरी साझा लक्ष्य प्राप्तिको समन्वयात्मक यात्रामा पाइला चाल्नुपर्ने देखिन्छ।

# मजदूर किसान शक्ति सङ्गठन

मजदूर किसान शक्ति सङ्गठनको स्थापना सन् १९९० मा भारतको राजस्थानमा भएको हो। मजदूर र किसानको सशक्तीकरणका लागि स्थापित यो सङ्गठनमा राजस्थान आसपासको ४ जिल्लाका ३ लाख ग्रामीण मजदूर र गरिब किसान सङ्गठित छन्। न्याय र समता ध्येय रहेको छ। स्थापनापछिका वर्षहरूमा यो सङ्गठनको क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आन्दोलनमा सहभागिता रहँदै आएको छ। सङ्गठनले गरिबको अधिकार प्रक्रियामा राजनीति गर्ने गर्छ। गरिबले न्यायोचित ज्याला पाउनुपर्‍यो। सबै नागरिकले सुरक्षित आवास पाउनुपर्छ। खाना नपाएर कोही पनि भोको हुनु भएन भनेर बोल्नु र त्यसका लागि सङ्घर्ष गर्नु नितान्त राजनीतिक प्रक्रिया भएको सङ्गठको बुझाइ छ। यसलाई उसले गैरदलीय राजनीतिक प्रक्रियाका रूपमा बुझेको छ। **असमान शक्ति र स्रोतको विरोध गर्नु पूर्णतः राजनीतिक कार्य हो–** सङ्गठनको दस्तावेजमा भनिएको छ।

नागरिकको जीवनमा समृद्धि ल्याउन, गरिबी कम गर्न भनेर सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। सरकार बाहिर पनि अनेकन प्रयास भइरहेका छन्। तर त्यसबाट प्रभावकारी नतिजा प्राप्त हुन सकेको छैन्। सोचेको जस्तो भएको छैन। व्यक्ति, परिवार र समुदायको आधारभूत आवश्यकता पूरा भएमा मात्र व्यक्तिले सम्मानपूर्वक जीवन जिउन सक्छ। यसका लागि सङ्गठन र गाउँदेखि विश्वव्यापी तहको आन्दोलन आवश्यक हुन्छ। स्थायी प्रकृतिको आन्दोलन चाहिन्छ।

**मजदूर किसान शक्ति सङ्गठनले लामो सङ्घर्षपछि सूचनाको अधिकार अभियानमा सफलता पाएको छ। यो आन्दोलनबाट भारतमा सूचनाको अधिकारसम्बन्धी ऐन बन्यो। र, पछि त्यस्तै प्रकारको ऐन नेपालमा पनि बनाइयो।**

**मजदूर किसान शक्ति सङ्गठनमा कार्यरत मानिस सबै नै स्वयंसेवी छन्। कोही पूर्णकालीन त कोही आंशिक काम गर्छन्। तर तलब बुझ्दैनन्।** पछिल्लो समयमा **आएर केही तलबी कर्मचारी पनि राख्न थालेको भए पनि त्यो केही व्यवस्थापनको कामका लागिमात्र हो। यो** सङ्गठनले **नागरिकको सबै अधिकारका पक्षमा वा सवालमा आफूलाई संलग्न गराएको छ।** सङ्गठनले **भूमिमात्र हैन, सुशासन, राजनीति, अन्याय, शोषण आदि विषयमा पनि बोल्छ। र, न्यायको पक्षमा आवाज उठाउँछ।**

**सामूहिक नेतृत्व र निर्णय प्रक्रिया** सङ्गठनको मूल मर्म हो। **सामूहिकतामा विश्वास र पद्धतिपरक नेतृत्व विकास प्रक्रियालाई अभ्यासमा ल्याइरहेका छन्। सङ्घर्षको प्रक्रियामा कानुनले दिएको स्पेसलाई नै अधिकतम प्रयोग गर्ने गरिएको छ। र, गतिशील शक्ति, सबैले दबाब महसुस गरुन् भन्ने हिसावले** सङ्गठन विकास गरिएको छ।

राष्ट्रिय ग्रामीण रोजगारी ग्यारेन्टी गर्ने कानुन बनाउन सरकारलाई प्रभाव पार्ने

कार्यमा पनि यो सङ्गठनको ठूलो भूमिका छ। हामरा पैसा, हामरा हिसाव, सरकार हामरे आपकी, नै किसी के बापकी-सन्देशमूलक नाराका साथ यसले अभियान गरिरहेको छ।

**स्रोतको जोहो स्थानीय नागरिकबाट सङ्कलन गरिन्छ।** सङ्गठन आत्मनिर्भरखालको छ। र परनिर्भरता शून्य छ। मितव्ययी हिसाबले कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ। कार्यकर्तालाई तलवभन्दा पनि सम्मान दिने, उत्प्रेरित गर्ने, ज्ञानको अवसर दिने आदि कार्य गरिन्छ। आर्थिक जोहो गर्न साना उद्यम र स्थानीय उत्पादन खरिद बिक्री गर्ने पसलहरू पनि सञ्चालन गरिएको छ। **विदेशी र व्यापारीको रकम नलिने, विदेशीको पैसा लिएर सरकारको विरोध नगर्ने भन्ने घोषित नीति नै छ।**

सङ्गठनको **जीवनशैली र मूल्यहरू पनि फरकखालको छ। सङ्गठनका सदस्य गाउँले र गरिब परिवारबाट मात्र हुन पाउँछ। सहरी र धनीबाट सहयोगीका रूपमा कार्य गर्न, सहयोग गर्न खुला छ। यसका अगुवा र कार्यकर्ता समुदायका मानिसले जसरी जिइरहेका छन् त्यसरी नै जिउने, थप सुविधा नलिने भन्ने नीति छ। र, यसलाई पालना पनि गरिएको छ। यसका सदस्यहरू सङ्गठनको आधारभूत मान्यतामा जहिले पनि प्रतिबद्ध देखिन्छन्।**

**सिद्धान्तलाई सदस्य र समुदायले बुझ्नेगरी छलफलमा ल्याइन्छ। भाषा जसको जीवनमा प्रयोगमा ल्याउन खोजिएको हो, उसले बुझ्ने हुनुपर्छ। कुरामा भन्दा काममा जोड दिने गरिन्छ। समस्याको जगमा टेकेर सिद्धान्त जोड्दा बढी व्यावहारिक हुने उनीहरूको सिकाइ छ।**

**सामाजिक राजनीतिक वातावरण (जातीय छुवाछूत, भ्रष्टाचार, लोकतन्त्र भनेको मतदान मात्र) आदि पक्षहरू चुनौतीका रूपमा छन्। सङ्गठनको संरचना तलबाट माथि वा लोकतान्त्रिक हुनुपर्नेमा अझै पनि माथिबाट बढी अपेक्षा हुने र निर्देशन जाने अभ्यास भइरहनु प्रमुख चुनौतीका रूपमा देखिएको छ।** ✿

# भूमि सुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइ

भूमि सुधारका अन्तर्राष्ट्रिय प्रयास विश्लेषण गर्ने क्रममा एशिया महादेशका केही राष्ट्रमा गरिएका भूमि सुधारका प्रयास र तिनका विशेषता तथा प्रभाव यहाँ विश्लेषण गरिएको छ :

## जापानमा भूमि सुधार

जापानमा पनि नेपालमा जस्तै भूमिस्रोतको पहुँच र नियन्त्रणमा असमानता थियो। मोही र जग्गाधनीका

बीच तनाव र शोषण थियो। भूमि सुधारका लागि विभिन्न समयमा आन्दोलन पनि भएका थिए। सन् १९४६ अक्टुबरबाट जापानमा भूमि सुधार कार्यक्रम सुरु गरियो। आफैँ खेती नगर्ने जग्गाधनीले १ हेक्टरमात्र जमिन राख्न पाउने र आफैँ खेती गर्ने परिवारले ३ हेक्टर जमिन राख्न पाउने व्यवस्था गरियो। तर 'होकाइडो' टापुमा चाहिँ आफैँ खेती गर्नेले १२ हेक्टरसम्म र अरूलाई कमाउन दिनेले ३ हेक्टरसम्म जमिन राख्न पाउने गरी भूमि सुधारको कार्यक्रम लागु गरियो। मोहीलाई ३ हेक्टरमा नबढ्ने गरी थोरै मूल्य लिएर जमिन वितरण गरियो।

हदबन्दीमाथिको जमिनको सीमित क्षतिपूर्ति दिने नीति लिइएको थियो। क्षतिपूर्तिबापत औद्योगिक प्रतिष्ठानको सेयर र स्वामित्व दिएर कृषिबाट उद्योगतर्फ आकर्षित गरिएको थियो। खेती नगर्नेले अनिवार्य जग्गाको हक हस्तान्तरण गर्नुपर्ने कार्यक्रम बनाइएको थियो। भूमि सुधारसम्बन्धी कामका लागि समुदाय तहमा गठित समितिलाई मान्यता दिइएको थियो।

अनुपस्थित जमिन्दारको हदबन्दीभित्रको जमिन साह्रै न्यून मूल्यमा किनिएको थियो। सन् १९४७ देखि भूमि सुधारका लागि अत्यधिक मात्रामा कर्मचारी र स्वयम्सेवक सहयोगीहरू परिचालित गरिएका थिए। जापानको कुल खेतीयोग्य जमिनको ३८% भूमि ४० लाख मोही, भूमिहीन तथा अति गरिब किसानमा, अति न्यून मूल्यमा वितरण गरियो र किस्ताबन्दीरूपमा तिर्ने व्यवस्था गरियो। यसले जमिनको उत्पादन बढ्यो। जमिनको प्रभावकारी व्यवस्थापन र कृषिमा व्यावसायिकताको लहर चल्यो। पूर्वजमिन्दारहरू औद्योगिकीकरणतिर लागे। कृषि भूमिलाई गैरकृषि प्रयोजनमा लगाउन नपाउने गरियो। जोताहाको अधिकारलाई पनि पूर्ण संरक्षण दिने काम भयो। भूमि सुधार कार्यक्रमले लाखौँ ग्रामीण गरिब किसानको जीवन उकास्यो।

## दक्षिण कोरियामा भूमि सुधार

दक्षिण कोरियामा भूमि सुधार गर्नुपूर्व सन् १९४९ मा भूमिसम्बन्धी सम्पूर्ण सूचना सङ्कलन गरिएको थियो। त्यसताका दक्षिण कोरियामा कुल किसान परिवारको झन्डै आधा ४५ प्रतिशत मोही किसान

थिए। गरिब र भूमिहीन किसानको पनि ठूलो समूह थियो। केही अति विकट क्षेत्रबाहेक अन्यमा ३ हेक्टर हदबन्दी तोकिएको थियो। जमिन्दारहरूको हदबन्दीभन्दा माथिको जमिनको क्षतिपूर्ति

सरकारी बन्ड, नगद र सरकारी उद्योग कलकारखानाको सेयर दिएर भुक्तानी गरिएको थियो ।

जमिन्दारले हदबन्दीभित्रको जमीन आफैँले कमाएको भए राख्न पाउने तर मोहियानी लागेको भए जुन खेतबारीमा जति मूल्यको उत्पादन हुन्छ त्यसको ३०% का दरले ५ वर्षसम्म जमिन्दारलाई बुझाएपछि सो जमिन मोही किसानको नाममा दर्ता गर्ने व्यवस्था गरियो । यसले ५ वर्षमा जमिन किसानकै हुने स्थिति बन्यो । केही जमिन भूमिहीन र अत्यन्त थोरै जमिन भएका गरिब किसानलाई वितरण गरियो ।

यसरी कोरियामा भूमि सुधारले मोही र किसानका लागि राम्रो अवसर प्रदान गरी बढीभन्दा बढी उत्पादन गर्ने वातावरण सिर्जना गऱ्यो ।

## ताइवानमा भूमि सुधार

ताइवानमा भूमि सुधार सन् १९५१ देखि थालिएको हो । सुरुमा खेतीयोग्य सार्वजनिक/सरकारी जमिन भूमिमा आश्रित किसानलाई बाँडियो । सन् १९५३ देखि जमिन जोत्नेको हुनेगरी भूमि सुधारलाई अगाडि बढाइयो । हदबन्दी धान खेतका लागि ३ हेक्टर र पाखोमा केही बढी तोकियो । ताइवानमा आंशिकरूपमा क्षतिपूर्ति दिई र क्षतिपूर्ति नदिई आंशिकरूपमा जमिन अधिग्रहण गरियो । हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्तिबापत जमिनबाट उत्पादन हुने वार्षिक उत्पादनको २.५ गुणा जमिन्दारलाई दिने, त्यसमा वार्षिक ४% ब्याजसहित १० वर्षमा भुक्तानी दिने बनाइयो । भुक्तानी दिँदा सरकारले ७०% सरकारी बन्ड र ३०% कम्पनी र कारखानाका सेयरहरू उपलब्ध गरायो । १० प्रतिसतसम्म नगद लिन पाउने व्यवस्था भयो । ३०% निर्माण हुँदै गरेका ठूला चार उद्योगका लागि सेयर वितरणसमेत गरियो ।

ताइवानमा भएको भूमि सुधारबाट आफ्नै जमिनमा खेती गर्ने किसान ५७% भएकोमा कार्यक्रम लागु भइसकेपछि ९०% पुगे र जोताहा किसानहरू जमिनका मालिकमा परिणत भए । यसले शक्तिको सन्तुलनमा समेत आकस्मिक परिवर्तन ल्यायो । यसको नतिजा अचम्मित भयो, बहुबाली लगाउन थालियो, निष्क्रिय श्रम परिचालित भयो, रोजगारी सिर्जना भयो । फलतः उत्पादन अत्यधिक भई वार्षिक वृद्धि ५.६ प्रतिशत पुग्यो । जमिन्दारहरू औद्योगिक व्यवसायीमा परिणत भए ।

## भियतनाममा भूमि सुधार

सन् १९५४ पछि उत्तर भियतनाम र १९७५ पछि दक्षिण भियतनाममा जमिन्दारबाट बिनामुआब्जा जमिन जफत गरेर भूमिहीन किसान तथा साना किसानमा वितरण गरियो । यसरी लिइएको जमिन राज्यद्वारा नियन्त्रित र निर्देशित समूहमार्फत खेती गराइयो । यसलाई सहकारी खेती भनियो । सम्पूर्ण कृषि भूमि राज्य नियन्त्रित 'सहकारी' मार्फत् खेती गराइयो । यसरी सन् १९७५ पछि भूमि सुधारबाट पूरै भियतनाममा सामाजिक न्याय कायम गरी सामन्ती भूस्वामित्व उन्मूलन गरियो । राज्य नियन्त्रित सहकारीमार्फत् सामूहिक कृषि उत्पादन प्रणालीले उत्पादकत्वमा वृद्धि ल्याएन । यसको विस्तृत समीक्षापछि १९८६ मा दोइमोइ कार्यक्रम ल्याइयो ।

यसपछि उत्पादक शक्तिलाई भूमि उपलब्ध गराउने तर राज्य नियन्त्रित सामूहिक उत्पादन प्रणालीको स्थानमा व्यक्तिगतरूपमा उत्पादन भण्डारण, उपभोग र बिक्री वितरण गर्न पाउने गरी जमिन लिजमा दिइयो । यसले उत्पादकत्वमा निकै वृद्धि गर्न मद्दत पुग्यो । प्रत्येक किसानमा भूमिको पहुँच भयो । कोही किसान भूमिहीन भएनन् । सहकारी सङ्घ/संस्थामार्फत कृषि विकासका लागि आवश्यक वस्तुको पहुँच बढाइयो । सरकारले कृषि विकासका आवश्यक पूर्वाधार, सिँचाइ, कृषि सडक, बजार, बीउ, शीत भण्डार, प्रविधिलगायतका साधन स्रोतको व्यवस्था गऱ्यो । उचित मूल्यको ग्यारेन्टी पनि गरियो । यसले समग्रमा उत्पादक शक्तिलाई उत्साहित बनायो । फलस्वरूप उत्पादकत्वमा व्यापक वृद्धि भयो । भू-उपयोगको विशेष व्यवस्था र सोको पूर्ण पालना अनिवार्य गरियो । कानुनमा भूमि निरीक्षकको व्यवस्था गरेर कानुनबमोजिम प्रयोग भए/नभएको हेर्ने र आवश्यक कारबाही गर्ने व्यवस्था गरियो । यसरी भूमि सुधार लागु भएको पछिल्लो दश वर्षमा नै भियतनाम खाद्यान्न आयात गर्ने देशबाट निर्यात गर्ने देशमा परिणत हुन पुग्यो । विश्वको दोस्रो धान निर्यातकर्ता बन्न सफल भयो ।

## फिलिपिन्समा भूमि सुधार

फिलिपिन्समा सन् १९३० को दशकदेखि पटकपटक भूमि सुधारको अभियान थालनी गरियो । सन् १९५२ देखि १९५४ सम्म किसानका समस्या समाधान गर्न र हिंसात्मक किसान आन्दोलनलाई सम्बोधन गर्न विभिन्न उपाय खोजी गरी आन्दोलनको दबाबसमेतमा सन् १९६३ मा कृषि र भूमि सुधार ऐन बन्यो ।

सन् १९७२ पछि मार्कोस कालमा पनि भूमि सुधार प्रक्रिया जारी रहे पनि सुरु गरिएका कार्यक्रम पूरै सफल हुन सकेनन् । विश्व ब्याङ्कको सहयोगमा सन् १९८७ मा अक्विनो शासनकालमा द्रुततर कृषि सुधार कार्यक्रम सुरु गरियो । यसबाट पनि किसान खुसी हुन सकेनन् । किसानहरूको जीवनस्तरमा परिवर्तन आएन । आर्थिक उन्नति हासिल गर्ने उद्देश्यले सफलता पाएन । यसको मुख्य कारण भनेको कृषि सुधार र भूमि सुधार भिन्नाभिन्नै कार्यक्रमका रूपमा लिनुका साथै भूमि सुधारका कामलाई बढी समय लगाउनु हो भन्ने विश्लेषण रहेको छ । फिलिपिन्समा अहिले पनि भूमिको वितरण अत्यन्त असमान छ । आज पनि किसानले आन्दोलन जारी राखेका छन् ।

## भारतमा भूमि सुधार

भारतको पश्चिम बङ्गाल र केरला राज्यमा गरिएको भूमि सुधारबारे छोटकरी विश्लेषण यसप्रकार छ :

**(क) केरला**

सन् १९७० मा कम्युनिस्ट पार्टीले बहुमत प्राप्त गरेपछि भारतीय संविधानको धारा ९ जसको आधारमा राज्य सरकारले बनाएको भूमिसम्बन्धी ऐनलाई अल्ट्राभाइस (असंवैधानिक) भनेको थियो खारेज गराई प्रत्येक राज्यले आफ्नो राज्यका लागि भूमिसम्बन्धी ऐन बनाउन पाउने व्यवस्था गऱ्यो । यसपछि त्यहाँ नयाँ भूमि ऐन लागु गरी ४८ लाख एकड जमिन २८ लाख

भूमिहीन कृषि मजदूर र मोही किसान परिवारलाई र ५ लाख सुकुमबासीलाई आवासका लागि उपलब्ध गराइयो ।

अहिले खासगरी भूमि सुधार सफल भएका स्थानका दलित र अल्पसङ्ख्यक, श्रमिक किसान र भूमिहीन किसानका शैक्षिक र स्वास्थ्यलगायत क्षेत्रमा स्तर व्यवस्थित भएको छ। शिक्षा, स्वास्थ्य, सरसफाइ, सभ्यता, शान्ति सुरक्षा, सुरक्षित खानेपानी, सिँचाइ सबै क्षेत्रमा राम्रो प्रभाव पारेको देखिन्छ। केरला राज्यको स्तर विकासका अनेक सूचकाङ्कमध्ये ११ वटामा संयुक्त राज्य अमेरिकासरह भएको तथ्याङ्कले समेत देखाउँछ।

**(ख) पश्चिम बङ्गाल**

भारतका अरू राज्यभन्दा पश्चिम बङ्गालमा भूमि सुधार सशक्तरूपमा लागु गरियो। हदबन्दी र मोहियानी सुधार पश्चिम बङ्गालको भूमि सुधारका मुख्य आयाम थिए। बङ्गालको कुल खेतीयोग्य जग्गाको करिव १५ प्रतिशत र करिव २० प्रतिशत परिवार भूमि सुधारबाट प्रभावित भएको तथ्याङ्क छ।

कुल कृषि परिवारको ३४ प्रतिशतले हदबन्दीवाट प्राप्त जग्गा (१० लाख एकड) पुनर्वितरणअन्तर्गत पाए। बङ्गालको भूमि सुधारलाई तीन चरणमा विभक्त गरी हेर्न सकिन्छ। पहिलो चरण सन (१९५३ - १९६६) मा हदबन्दी लागु गरियो तर जग्गा प्राप्ति र पुनर्वितरणमा कम सफलता मिल्यो। साथै मोहीहरूले संरक्षण पाएनन्। दोस्रो चरण सन् (१९६७ - १९७६) मा हदबन्दीबाट धेरै जग्गा प्राप्त भयो, वितरण पनि गरियो तर फेरि मोहीको हकहितलाई खासै हेरिएन। तेस्रो चरण सन १९७७ पछि मोही (वर्गदार) को हक संरक्षणले प्राथमिकता पायो र उच्च सफलता पनि हासिल गरियो। बङ्गालमा यो कार्यक्रम ‘अपरेसन वर्गा’ को नामले प्रख्यात छ। बङ्गालमा भूमि सुधारको प्ररम्भ पनि धेरै सकारात्मक रह्यो। सन् १९८०-१९९९ को अवधिमा खाद्यान्न उत्पादन ४.२ प्रतिशत ले बढ्यो, प्रतिव्यक्ति क्यालोरी उपलब्धता ९.६ प्रतिशतले वढ्यो, कृषि श्रमिकको ज्याला तीव्ररूपमा बढ्यो, फलतः गरिबी घट्यो। तर हेक्का राख्नुपर्ने के पनि छ भने भूमि सुधारसँगै कृषि विकासका लागि पश्चिम बङ्गालमा सिँचाइ, उन्नत प्रविधि र सहुलियतमा ऋण सुविधाको सफल परिचालन गरिएको थियो।

**(ग) पन्जाव**

सन् १९४७ को भारतको विभाजनभन्दा पहिले पन्जाव, हरियाणा र हिमाञ्चल प्रदेशको केही भागमात्र पन्जाव थियो र भारतमा अन्नको कमी थियो। त्यसैले बाहिरबाट अन्न आयात गरिन्थ्यो। १९६० दशक तिर पन्जावमा मूलभूत परिवर्तन भयो संस्थागत र आर्थिक पूर्वाधारमा। त्यसको मूल कारण हो- सिँचाइको व्यवस्था, विद्युतीय विकास, कृषि अनुसन्धान, व्यापक कृषि सेवा र कृषि सहकारीलाई ऋणको सुविधा। त्यहाँ भएको चक्लाबन्दी र कृषकको स्वामित्व हरित क्रान्तिका पूर्वाधार भए। परिणामस्वरूप पन्जावको ग्रामीण क्षेत्रको आर्थिक रूपान्तरण खासगरी कृषिको रूपान्तरणपश्चात अन्नको अभाव पूर्ति भई निर्यात गर्ने देशमा पुग्यो।

पन्जावले भारतको हरित क्रान्तिमा नेतृत्व लियो र उल्लेखनीय कृषि उत्पादन गरी आफूलाई ‘ब्रेड बास्केट अफ इन्डिया’ का रूपमा स्थापित गर्न सफल भयो। उत्पादकत्वमा वृद्धि ल्याउन नयाँ प्रविधि

सुरुवात गरियो। जस्तै- अत्यधिक उत्पादन दिने बीउको किसिम, रासायनिक मल, कीटनाशक औषधि, पम्पसेट/मोटर, कम्बाइन हार्बेस्टर (उत्पादन कटाइ गर्ने मेसिन), सिँचाइ सुविधाका कारण कृषकहरूको मनोबल उच्च गराउन सहयोग पुऱ्यायो। साथै सरकारको कृषिमा यथेष्ठ लगानीका कारण पन्जावका कृषकको उत्पादन क्षमता बढ्न गयो।

पन्जाव अहिले भारतको ‘कृषि मेशिनीकृत’ क्षेत्रमा सबैभन्दा अगाडि छ। यसले गर्दा त्यहाँका कृषकको क्षमतामा उल्लेखनीय अभिवृद्धि गरेको छ। चक्लाबन्दी, प्रविधियुक्त सिँचाइ, अत्यधिक उत्पादन, बीउविजन, सहज बजार व्यवस्था आदिले गर्दा कृषि क्षेत्रमा पन्जावले बहुआयामिक सफलता प्राप्त गऱ्यो।

सन् १९९५-९६ मा पन्जावमा केन्द्रीय सहकारी ब्याङ्क खोली विभिन्न प्रकारको कृषि सहकारी तथा व्यावसायिक खेतीको विकास, जस्तै- दुग्ध विकास, मत्स्य पालन, माहुरी पालन, कुखुरा पालन, च्याउ खेती फूल खेती, आदि, विभिन्न फलफूल खेती, कृषि पूर्वाधार विकास, जस्तै- कृषि सडक, कृषि वन, सिँचाइ विकास, कृषि औजार र प्रविधि रूपान्तरण, जस्तै- थ्रेसर मेसिन, उत्पादन कटाइ गर्ने मेशिन, ट्रेक्टर, विभिन्न पशुपालन गर्न, कोल्ड स्टोरेज तथा गोदाम भवन निर्माण गर्न, माटो परीक्षण तथा संरक्षण गर्ने व्यवस्था, सुलभ कृषि ऋण साथै कृषकहरूलाई उचित मूल्य मिलोस् भनी बजारको जाल (नेट अफ मार्केट, सबमार्केट) को व्यवस्था गरी कृषकहरूलाई ऊर्जाशील बनाउन सहयोग पुऱ्याएको छ।

यसरी हेर्दा जुन जुन देशमा भूमि सुधारलाई प्रमुख राजनीतिक कार्य र प्रतिबद्धताका साथ कार्य अगाडि बढाइयो त्यहाँ त्यहाँ भूमि सुधार सफल भएको पाइन्छ। भूमि सुधार सफल भएका नमुना मुलुकमा जापान, ताइवान, दक्षिण कोरिया, भियतनाम र चीनको गणना हुन्छ। सन् १९५७ मा प्रतिव्यक्ति आय वार्षिक २०० डलरमात्र रहेको दक्षिण कोरियाको प्रतिव्यक्ति आय हाल वार्षिक ४,४०० डलर पुगेको छ। आर्थिक विकासको यो आधार पनि भूमि सुधार नै भएकाले भूमि सुधारको कति महत्व रहेछ भन्ने स्पष्ट हुन्छ। मलेसिया र इन्डोनेसियामा आर्थिक विकासको आधार नै भूमि सुधार भएको र यसैले नै औद्योगिक क्रान्ति ल्याउन सहयोग पुऱ्याएको देखिन्छ।

ताइवान, दक्षिण कोरिया, जापानलगायतका मुलुकमा भूमि सुधारको मुख्य उद्देश्य सामाजिक न्यायका लागि जमिनको पुनर्वितरण र औद्योगिकीकरणको आधार खडा गर्नु रहेको थियो। भूमि सुधार लागु गरिएका सबै देशमा तीन हेक्टरभन्दा बढी हदबन्दी तोकिएको देखिँदैन। खेती गर्ने, खेती नगर्ने, व्यावसायिक खेती गर्ने, उद्योग खोल्ने सबैका लागि न्यूनतम र अधिकतम हदबन्दी तोकिएको देखिन्छ। खेती नगर्नेले हदबन्दीभन्दा बढी जमिन स्वंयसेवीरूपमा तोकिएको निकायलाई हस्तातरण गर्ने कानुनी व्यवस्था गरिएको थियो। खेतीका लागि एकभन्दा बढी ठाउँमा जमिन किन्न पाउने प्रावधान पनि राखियो।

## 'जमिन बेचिन्छ कि भन्ने चिन्ताबाट मुक्त भएँ'



**कोनुकुमारी कार्की**,
*हेलम्बु गाउँपालिका वडा नम्बर ७*

हामी परिवारमा ५ जना छौँ । भूकम्पले घर भत्कियो । हावा, हुरी र पानीले दुःख दिन थाल्यो । पछि सङ्घ/संस्था र सरकारको सहयोगबाट टहरो बनाएर बस्यौँ । टहरोमा मात्र अन्नपात राख्न समस्या पऱ्यो । कस्तो घर बनाउने ? १/२ कोठाले निर्वाह हुँदैन । ठूलो बनाउँ पैसा छैन । अन्योलमा पऱ्यौँ । यही अवस्थामा हेल्भेटासका प्राविधिकहरू आइ छलफल गरे । कागजी प्रक्रियामा सहयोग गर्ने व्यक्तिहरू पनि परिचालन गरेका पायौँ । त्यसैले हामीले पनि उक्त संस्थाको सहयोगमा आवास निर्माण गऱ्यौँ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट उपलब्ध बराबरको रकमबाहेकै हामीले जस्तापाता, किला कब्जा र निर्माण औजार पाएका थियौँ । संस्थाबाट परिचालित प्राविधिकहरूले नियमित अनुगमन गर्ने । किस्ता उपलब्ध गराउनका लागि उनीहरूमार्फत फारम भर्ने र आवश्यक कागजात जुटाउन सहयोग भएको थियो । त्यसैले पनि हामीलाई घर निर्माण गर्न सहज भयो । र, समयमै घर बनाउन सफल भयौँ । ३ कोठाको छ । अहिले निर्वाह भएको छ । काठको टाइबिम छ । अलिक कीरा लाग्ने हो कि भन्ने चिन्ताचाहिँ छ । अन्य कुरामा भने हामीलाई फाइदा भएको छ । सुरिक्षत छौँ भन्नेमा पनि ढुक्क छौँ ।

अहिले घर निर्माणसँगै त्यो घर हामी दुवैको भएको छ । विवाह भएको १६ वर्षपछि घर तथा जग्गाको पुर्जामा मेरो नाम थपिएको छ । त्यसले मलाई झन् खुसी बनाएको छ । श्रीमान् बाहिरको काममा ब्यस्त हुनुहुन्छ । म घरधन्दा र खेतीपातीको काममा ब्यस्त छु । दुवै मिलेर घर चलाएका छौँ । तर जमिनको पुर्जा भने श्रीमान्को मात्र थियो । अहिले हामी दुवैको भयो । कुनै बेला बुद्धि बिग्रन सक्छ । परिवारको सदस्यलाई थाहा नदिइ जमिन बेचबिखन हुन सक्छ । संयुक्त पुर्जा बनाएपश्चात त्यो चिन्ताबाट म मुक्त भएँ ।

घर व्यवहारको हरेक काममा हामी परिवारबीच छलफल हुन्छ । परिवारमा दुवैको निर्णय मान्य हुन थालेको छ । गाउँका अन्य मानिस पुर्जामा नाम जोडिँदैमा के हुन्छ भन्थे । तर पुर्जा बनाएपश्चात यसमा ठूलै शक्ति र आत्मबल बढेको महसुस गरेको छु । १ छोरा र २ छोरी छन् । उनीहरूलाई पनि जमिनको अधिकार दिनुपर्छ भनेर घरमा छलफल भइरहेको छ ।

## अब लुकाउनु पर्दैन पुर्जा



हेलम्बु गाउँपालिका-२, किउलकी सोममाया भण्डारीको ५ जनाको परिवार छ । २०७२ सालको भूकम्पले घर/गोठ सबै भत्किए । सासू पनि भूकम्पमा परिन् । श्रीमान् (नथबहादुर भण्डारी) सधैँ रक्सी खाएर हिँड्न थाले । बालबच्चा पढाउनेदेखि घर व्यवहारको सम्पूर्ण जिम्मेवारी सोममायाको काँधमा पऱ्यो । भूकम्पपश्चात घर व्यवहारमा समस्या बढ्यो । श्रीमान्ले झन् सताउन थाले । दिनरात घर झगडाका कारण छोराछोरीले विद्यालय छाडिसकेका थिए । मनमायाँ भन्छिन्- बालबच्चाका कारणले मैले सहेर बसेँ । नत्र कता पो हुन्थेँ ।'

यस्तो कठिन अवस्थामा घर कसरी बनाउने भन्ने पिरलो थियो उनलाई । मेलापात र बाख्रा गाई पालेर केही सहज त बनाएकी थिइन् तर त्यही पनि श्रीमान्ले रक्सी खानका लागि मागेर हैरान पार्थे । त्यसैमा उनीहरूको झगडा सुरु हुन्थो । त्यो पनि दैनिकजसो ।

भूकम्पपश्चात सरकारले घर निर्माण गर्न ३ लाख रुपियाँ दिने घोषणा गऱ्यो । तर त्यतिले घर बन्छ कि बन्दैन भन्ने चिन्ता थियो उनलाई । सरकारले बनाएको लाभग्राही कार्ड पनि श्रीमान्को नाममा थियो । पहिलो किस्ता सम्झौताका आधारमा सरकारले ब्याङ्कमार्फत उपलब्ध गरायो । 'म आफैँ श्रीमान्लाई लिएर ब्याङ्क गएँ । पछि हेल्भेटास नेपालबाट साविकको किउल वडा नं. ४ मा घर बनाउन सहयोग गर्ने निर्णय भयो । त्यसमा साविकको वडा नं. ४ छनोटमा पऱ्यो । घर बनाउन चिन्ता भएको बेलामा सहयोग गर्छौं भन्ने संस्था आए । धेरै खुसी भएँ । घर बनाउने चिन्ताबाट केही मुक्ति मिल्यो । अहिले घर सम्पन्न भएको छ । हामीले प्राविधिक र सामग्री पायौँ । पैसा पनि मिल्यो । घर बनाउन यति सहज होला जस्तो लागेको थिएन'- सोममायाले खुसी व्यक्त गरिन् ।

भूकम्पभन्दा अघि ४ रोपनी जति धान खेत थियो । श्रीमान्ले कुन समयमा बेचे थाहै भएन । जमिन बेचेको पैसा कता हाले, त्यसको पनि कुनै पत्तो छैन । अहिले ०.२ हेक्टर जमिन छ । उनले थपिन्- त्यही जमिनमा हामीले घर बनाएका छौँ । त्यो पनि बेचिदिने हुन् कि भनेर जमिनको पुर्जा लुकाएर राखेको थिएँ । त्यो जमिन पनि बेचिदिए भने हामी सुकुमबासी हुन्छौँ कि भन्ने चिन्ता थियो ।

सोममाया भन्छिन्- गाउँमा महिला अधिकार र संयुक्त पुर्जाको विषयमा छलफल चल्यो । छलफलबाट जमिन कसरी सुरक्षित हुन्छ भन्ने कुरा बुझेँ । त्यसैले पुर्जा सङ्कलनका क्रममा मैले पनि पुर्जा निकालेँ । संयुक्त पुर्जा बनाउन कागजपत्र तयार गर्न लगाएँ । घरबाट त्यति सजिलो थिएन मेरो नाममा जमिन जोडिन । त्यसैले केही जुक्ति अपनाएर हस्ताक्षर गर्न लगाइ गाउँमा टोली आउँदा संयुक्त पुर्जा बनाए । अहिले मैले पुर्जा लुकाउनु पर्दैन । श्रीमान् सध्रिन्छन् कि सुध्रँदैनन् आफ्नो ठाउँमा छ तर हामी सुकुमबासी हुँदैनौँ भन्नेमा चाहिँ ढुक्क छु । अब बेचेर खाइदिने डर छैन । ✿

*प्रस्तुति : कुमार थापा*

## आलोचनात्मक ज्ञान बढायो

भूमि अधिकार बुलेटिन पूर्णाङ्क ४९ चैत २०७४ मा हात पर्‍यो । यो बुलेटिन मैले पनि विस्तृत अध्ययन गरें । यसमा प्रकाशितसबै लेख जानकारीमूलक तथा उपयोगी पाएँ । तर यसै बुलेटिनमा प्रकाशित, आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले लेख्नुभएको **भूमि व्यवस्थापनमा स्थानीय सरकारको जिम्मेवारी**शीर्षकको लेखले भने मलाई सबैभन्दा बढी प्रभाव पार्‍यो । उक्त लेख धेरै नै जानकारीमूलक र हामीजस्ता भूमि अभियानकर्मीका लागि निकै उपयोगी थियो । लेखमा स्थानीय भूमि व्यवस्थापनका लागि स्थानीय सरकारको जिम्मेवारी र त्यसका लागि आवश्यक कार्यबारे जानकारी समेटिएको थियो ।

नेपाल सरकारले बनाएका नीति/नियम लागु गर्दै स्थानीय सरकारलाई जिम्मेवार बनाइ कार्यान्वयन गरे सबै जिल्लामा रहेका भूमिसम्बन्धी समस्या समाधान हुने थियो । आगामी दिनमा हामीले पनि स्थानीय सरकारलाई जिम्मेवार बनाएर भूमि ऐन बनाउन तथा त्यसका लागि आवश्यक विषयमा जानकारी दिन, आफ्नो मत राख्न यस लेखले मद्दत पुगेको छ । यस लेख पढेपछि आलोचनात्मक ज्ञानसमेत बढेको महसुस भएको छ ।

अन्त्यमा, हाल भूकम्प प्रभावित सबै जिल्लामा जोखिमयुक्त बस्ती स्थानान्तरणका लाभग्राहीहरूलाई सुरक्षित स्थानमा जग्गा खरिद गरी पुनर्बास गर्ने अभियानमा हामीले काम गरिरहेका छौं । यो पनि भूमि अधिकार अभियानको विशेष पाटो भएको हुनाले आगामी बुलेटिनदेखि दिगो समाधानको टिमको प्रगति फोटो तथा सफलताका कथा र योजनाहरूलाई पनि दिन सके यसबारेसमेत सबै जानकार हुने थिए कि ?

**सोममाया तामाङ**
*रसुवा*

## लेखले दिएको ऊर्जा

कुरा कहाँबाट सुरु गरौं । फूलको आँखामा, फूलै संसार भनेझैं सरकरात्मक सोच भएपछि सबै नै राम्रोमात्र देखिने रहेछ । भूमि अधिकार आन्दोलनमा लागेको थुप्रै वर्ष भयो । विभिन्न अंकको बुलेटिनबाट धेरै ज्ञान हासिल भयो । पछिल्लो अंकमा भूमि व्यवस्थापनमा स्थानीय सरकारको जिम्मेवारी शीर्षकको लेखले ममा ठूलै प्रभाव पार्‍यो । यसमा भूमिसम्बन्धी कानुनी र नीतिगत कुरा सबै समेटिएको थियो । अझ विकल्पसहितको भूमि संरक्षण र दिगो भूउपयोग योजना, खेती गर्नेलाई जग्गा जस्ता कुरा पनि राम्रोसँग समेटिएको थियो ।

यसमा छापिएका अन्य लेख पनि ज्ञानबर्धक र ऊर्जाबर्धक दुवै थिए । सुष्मा न्यौपानेको 'गरिबको चमेली बोल्दिने कोही छैन' शीर्षकको गरिबहरूलाई थला पार्ने वित्तीय संस्थाहरूबारेको लेख, कल्पना कार्कीको यात्रा अनुभूति 'समस्या, विकल्प र ऊर्जामूलक सन्देश', रमिता श्रेष्ठको 'कल्याणी धर्ती' आदि पठनीय छन् । विभिन्न जिल्ला मञ्चले गरेका महत्वपूर्ण काम पनि यस बुलेटिनमा समेटिएका रहेछन् । सरल शब्दको प्रयोग । सरस, सहज र सामान्य पढलेख गर्नेहरूले पनि पढ्न र सजिलै बुझ्न सक्ने किसिमका विषयले गर्दा पनि यस अंकको बुलेटिन उत्कृष्ट लाग्यो ।

यसमध्ये पनि सबैभन्दा बढी ऊर्जा दिने लेख अन्तर्राष्ट्रिय शान्ति तालिमबारे थियो । लेखमा अनुभूतिमात्र नभई दिगो सिकाइ समेटिएको थियो । लेखन कला साह्रै राम्रो लाग्यो । एकचोटि पढेपछि नबिर्सने । प्रसंगअनुसार छोटा शीर्षक, अति रोचक शैलीको प्रस्तुत । पढेपछि पढौं पढौं लाग्ने लेख यही थियो । विदेश भ्रमणसँगै भोगेका पीडा, तालिमका सिकाइ सबैको समिश्रण थियो यो लेख । यसले व्यावहारिक कुरा सिकाउँछ । लेखले प्रयास र साहस गर्दा नहुने केही रहेनछ भन्ने अतुलनीय ऊर्जा प्रदान गर्‍यो । सिकाइ दिगो हुनुपर्छ भन्ने कुरा लेखले थप प्रष्ट गर्‍यो । सहभागितामूलक विधिबारे फेरि जानकार हुने मौका मिल्यो । अभ्यासकेन्द्रित सहजीकरण । अझ महत्वपूर्ण कुरा त उहाँले लेख्नुभएको छ- मानिस हिंसाको चक्रबाट कसरी बाहिर निकाल्न सकिन्छ । मानिस अनैतिक भएका कारण हिंसातर्फ उन्मुख हुने होइन । यसको करण आफूलाई समस्याबाट बाहिर निकाल्न मानिसलाई आवश्यक पर्ने द्वन्द्व व्यवस्थापन कला तथा अन्तरवैयक्तिक सम्बन्ध विकाससम्बन्धी क्षमता अभाव हो । यही मेरो विचारमा यस लेखको मूल सारांश र मुख्य सिकाइ दुवै थियो ।

कुनै व्यक्तिको ओहोदा र शक्ति हेरेर गर्ने व्यवहार, सेवा/सुविधा सबै अस्थायी हुन् । परिवर्तन स्वयमूबाट मात्र सम्भव छ । अरूको अर्ति र उपदेशबाट हुने परिवर्तन दिगो हुँदैन । मेहनतले जीवनमा ऊर्जा थप्छ । आफू र आफ्नो क्षमतालाई ध्यान दिएर अगाडि बढ्ने कुरा साह्रै घतलाग्दो थियो । लेखको हरेक शब्दले ममा ऊर्जा थपेको छ । यस्ता ऊर्जामूलक र साहसी लेख अनुकरणीय छन् । यसैबाट सिकेर अगाडि बढ्न सकेमा अगाडिका दिनमा आफूले सकिन्न कि, हुन्न कि भन्ने त्रासले नगरेका काम पनि गर्ने आँट र हिम्मत मिल्छ ।

**भवानी घिमिरे**
*जिल्ला भूमि अधिकार मञ्च, सर्लाही*

## भूमि व्यवस्थापनमा स्थानीय सरकार

हामीले भोगिरहेका छौं, स्थानीय सरकार बनेको वर्ष दिन बितिसकेको छ । तर सङ्घ/प्रदेशले कानुन बनाउँछन् र हामी त्यहीअनुरूप अघि बढ्छौं भनेको । संविधानमा स्थानीय सरकारलाई २२ वटा अधिकार दिइएको छ । साथै संविधान अनुकूल हुनेगरी गाउँ/नगर सभाबाट कानुन बनाइ लागु गर्ने अधिकारसमेत संविधानमा व्यवस्था छ ।

स्थानीय सरकार नै जनतासँग प्रत्यक्ष सरोकारमा रहेको छ । स्थानीय सरकार नै आफ्नो गाउँ/टोल/समुदायमा रहेका सवाल तथा समस्याबारे जानकार छन् । भूमिको व्यवस्थापन गर्न समुदाय तहमै छलफल गरेर भूमि वर्गीकरण, बाँझो जग्गा उपयोग, बाँझो सरकारी तथा निजी जग्गा उपयोगका लागि जग्गा लिने/दिनेसम्बन्धी करार ऐन लागु गर्न सकिन्छ । प्राकृतिक स्रोत साधनको दिगो उपयोगबारे योजना बनाएर लागु गर्न सकिन्छ । कृषिको विकास गर्न सिँचाइ तथा आवश्यक अनुदान कार्यक्रम लागु गर्न सकिन्छ । भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलन गरेर व्यवस्थापन गर्न स्थानीय सरकारले चाहेमा सहजै सक्छ ।

भूमि अधिकार बुलेटिनमा संविधान, ऐन, कानुन, नीति तथा कार्यक्रममा भूमिसम्बन्धी भएका व्यवस्थाबारे नियमितरूपमा यस्ता प्रकाशनबाट हामीलाई जानकारी गराइनाले बहस गर्न तथा छलफल गर्न र अरूलाई बुझाउन सहज भएको छ । यसले निरन्तरता पाओस् ।

**रेमन्त चौधरी**
*दाङ*



आत्मनिर्भर केन्द्रले मेलम्ची ६ स्थित जग्गामा असार १९, २०७५ मा गरिएको धान रोपाईंका झलकहरु ।